# GEO-SPATIAL BASED PLAN

## (भू-स्थानिक योजना)

### (आ.व. २०८०/०८१–२०८४/०८५)




# देवदह नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, केरवानी

## देवदह नगरपालिका, रूपन्देही

## लुम्बिनी प्रदेश

# भू–स्थानिक योजनाको सारांश

| | |
|---|---|
| **दीर्घकालीन सोँच** | **समृद्ध देवदह, सुखी नगरवासी !!** |
| **भू–स्थानिक योजनाको कार्यान्वयन अवधि** | **२०८०/०८१ (आधार वर्ष) - २०८४/०८५ (लक्षित वर्ष)** |
| **लक्ष्य** | **"मानव पुंजीको विकाश सहित उच्च र दीगो आर्थिक बृद्धि कायम राख्ने।"** |
| **उद्देश्य** | • कृषिको व्यवसायीकरणमा जोड दिंदै कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु।<br>• कृषियोग्य जमिनमा सर्बयाम सिंचाई सुविधा उपलब्ध गराउनु।<br>• आन्तरिक पर्यटकको आगमन बढाउनु।<br>• उद्योग व्यवसायबाट रोजगारीका अबसर बृद्धि गर्नु।<br>• बैंकिग र सहकारीलाई नगरपालिकाको आर्थिक विकासमा मुलप्रवाहीकरण गरी स्थानीय समुदायमा रोजगारी, स्वरोजगारी र आयआर्जनका अवसरहरूमा वृद्धि गर्ने।<br>• बिद्यालय तहको शिक्षाको गुणस्तर बढाउनु।<br>• स्वास्थ्यसेवालाई प्राथमिकतामा राखि लगानी बढाउनु।<br>• समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको सस्थागत विकासमा सुधार ल्याउनु।<br>• सशक्तीकरण मार्फत महिला, बालबालिका तथा लक्षित बर्गहरूहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउनु।<br>• सामाजिक तथा जातीय विभेद अन्त्य गरी समतामूलक समाजको निर्माण गर्नु ।<br>• खेलकुदको विकासका लागि आवश्यक भौतिक संरचनाको निर्माण गरी खेल गतिविधिको व्यवसायीकरण गर्नु ।<br>• यूवाको क्षमता विकाश गर्नु।<br>• निजी भवन तथा आवास एबं सार्बजनिक पूर्बाधार निर्माण गर्दा मापदण्डको पालना गराउनु<br>• सडक यातायातको स्तरोन्नति गरी आवागमन र स्थानीय उत्पादनलाई बजार सम्म पुर्याउन सहजता ल्याउनु।<br>• आर्थिक क्रियाकलापमा सूचना प्रबिधिको उपयोगमा वृद्धि गर्नु।<br>• वन व्यवस्थापन र जैविक विविधतामा स्थानीय समुदायपरिचालन गरी वन संरक्षण, आय आर्जन तथा रोजगारीमा वृद्धि गर्नु।<br>• भू तथा जलाधार व्यवस्थापन मार्फत भू क्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन तथा पानीका श्रोतहरुको संरक्षण गर्नु ।<br>• फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरी वातावरण प्रदुषण कम गर्नु।<br>• विपद जोखिम न्यूनीकरण र विपद ब्यवस्थापनमा समुदायको संलग्नता बढाउदै जलवायु परिवर्तन अनुकुलनता बढाउनु।<br>• स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउनु । |
| **नगरपालिकाका रणनीति** | • कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,<br>• गुणस्तरीय रोजगारमूलक शिक्षा तथा आधारभूत स्वास्थ्यमा सबैको पहुंच सुनिश्चित गर्ने,<br>• समतामूलक विकाश र सामाजिक समावेशीतामा जोड दिने,<br>• वातावरण संरक्षण गर्दै विकाश र वातावरण वीच सन्तुलन कायम गर्ने,<br>• विपद व्यवस्थापनलाई प्रभावकारी बनाउने,<br>• सस्थागत विकाश र सेवा प्रबाहलाई प्रभावकारी बनाउने,<br>• ब्यवसायिक कृषि, पर्यटन पूर्वाधार, मानव पुंजी विकाश तथा सुशासनलाई भू-स्थानिक योजनाको अग्रिम क्षेत्रको रूपमा प्राथमिकतामा राखिनेछ। |

# कृतज्ञता ज्ञापन



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाले भू-स्थानिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महसुस भएको छ। नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीयतहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको कार्यक्षेत्र, पन्ध्रौं योजना, लुम्विनी प्रदेशको प्रथम आवधिक योजना, दिगो विकासका राष्ट्रिय लक्ष्यलाई तथा विषयगत एवं अन्तरसम्बन्धित विषय क्षेत्रलाई आधारमा लिई स्थानीयकरण गर्ने कार्यका साथै सान्दर्भिक विषयलाई आधारमा लिँदै यो योजना तर्जुमा गरिएको छ। राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी भएको योजना तर्जुमा दिग्दर्शन, २०७८ (नमुना) र प्रदेश योजना आयोग लुम्बिनीले तयार पारेको आवधिक गाउँ/नगर विकास योजना दिग्दर्शनलाई समेत अवलम्बन गरी यो योजना तयार गरिएको छ।

देवदह नगरपालिकाले योजनाबद्ध विकासद्वारा नगरवासीको समष्टिगत जीवनस्तर सुधारका लागि **समृद्ध देवदह, सुखी नगरवासी** भन्ने दीर्घकालीन सोचसहित आ.व. २०८०/०८१–२०८४/०८५ सम्मका लागि भू-स्थानिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ। भू-स्थानिक योजना तर्जुमा गर्नका लागि उपप्रमुख श्री विद्यालक्ष्मी गुरूङ्गज्यु, सबै वडाका अध्यक्षज्यूहरू लगायत सबै कार्यपालिका सदस्यज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगरसभाका सदस्य, शिक्षक, बुद्धिजीवी एव अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी सस्था, निजी र सहकारी क्षेत्र, विभिन्न संघ–संस्थाहरू एवं नागरिक समाजका प्रतिनिधिको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु। यसैगरी भू-स्थानिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री **प्रदिप पौडेल** लगायत नगरपालिकाका सबै शाखा प्रमुख एवं कर्मचारीहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु।

यस महत्वपूर्ण कार्यमा सहयोग प्रदान गरेर स्थानीय सरकारको विकास प्रयासमा योगदान पुर्याउनु भएकोमा सम्पूर्ण सरोकारवालाहरू र सबै विज्ञहरूलाई लाई विशेष धन्यवाद दिन चाहन्छु। अन्तमा, यस नगरपालिकाले तर्जुमा गरेको भू-स्थानिक योजना तर्जुमा कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूका सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु।

**ध्रुव प्रसाद खरेल**
**नगर प्रमुख**

## धन्यवाद ज्ञापन



स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा यस देवदह नगरपालिकाले **समृद्ध देवदह, सुखी नगरवासी** भन्ने दीर्घकालीन सोंचसहित आ.व. २०८०/०८१–२०८४/०८५ सम्मका लागि भू-स्थानिक योजना तर्जुमा गरेको हो। यस योजनाले नगरपालिकाको समग्र विकासमा ठोस योगदान पुर्याउन सक्नेछ भन्ने अपेक्षा लिएको छु।

यस नगरपालिकामा रहनु भएका सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी तथा गैरसरकारी संस्थाहरूले यस भू-स्थानिक योजनाका लक्ष्यहरूलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनिय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सवैमा विनम्रता पुर्वक अनुरोध गर्न चाहन्छु।

भू-स्थानिक योजनामा भएका योजनाहरूको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन र हाम्रो मर्यादालाई आत्मसात गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै नगरपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम बनाउनकोलागि हामी सवै दृढ संकल्पका साथ अगाडी वढेमा विकासको प्रतिफल सवैले पाउने कुरामा दुईमत छैन। साथै, योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण नगरवासी, नगर प्रमुख, नगरसभाका सदस्य, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पुर्ण कर्मचारी, र परामर्शदाता टिमलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

विद्यालक्ष्मी गुरूङ्ग
उप– प्रमुख

# दुई शब्द



देवदह नगरपालिका, रूपन्देही जिल्लाको रणनीतिक र ऐतिहासिक अवस्थाका दृष्टिकोणले ज्यादै महत्व वोकेको क्षेत्र हो । नगरपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारीत गरी नगरपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना छनौट गरी भू-स्थानिक योजना (आ.व. २०८०/०८१–२०८४/०८५) निर्माण गर्ने कार्यक्रम अनुसार यो दस्तावेज तयार भएको छ । यस नगरपालिकाको विकास र समृद्दिकालागि पहिचान गरीएका प्राथमिकताहरू, किटान भएका कार्यक्रमहरू तथा योजनाहरू, विनियोजन भएको बजेटको प्रभावकारिता स्थानीय स्तरमा त्यतीबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रूपमा अधिकतम जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् । यस भू-स्थानिक योजनाले विकासको प्रतिफल लक्षित समुदायमा पुर्याउन र सबै बर्ग तथा समुदायको हकहित र समग्र विकासमा योगदान पुर्याउने बिश्वास मैले लिएको छु ।

यस भू-स्थानिक योजना तर्जुमाका क्रममा नगरपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरू र यस योजनाको लक्ष्य, योजना र नीति कार्यक्रम प्रति ऐक्यबद्धता र सहयोग गर्नुहुने सबै राजनीतिक दलका नेतृत्व वर्गहरू, विषयगत दक्षता ज्ञान सहित राय सुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत समितिका प्रमुख एवं राष्ट्रसेवकहरू, योजनामा तर्जुमा खट्ने सबै वडाका सचिव र कर्मचारी साथीहरू प्रति धन्यवाद दिन चाहन्छु । साथै, यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरू, भू-स्थानिक योजना तर्जुमा प्रत्यक्ष सहयोग गर्नु भएका परामर्शदाता टिमका सम्पूर्ण सदस्यहरू लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

**प्रदिप पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


विषय सूची ........................................................................ ६

शब्द संक्षेप ........................................................................ ९

परिच्छेद १: परिचय ........................................................................ १०

१.१ पृष्ठभूमि ........................................................................ १०

१.२ योजना तर्जुमाका उद्देश्य ........................................................................ ११

१.३ योजना तर्जुमा विधि र प्रक्रिया ........................................................................ ११

*१.३.१ योजना तर्जुमा सम्बन्धमा नगरपालिकामा भएका कामहरू:* ........................................................................ ११

*१.३.२ पूर्वतयारी छलफल एवम् सहमति निर्माण* ........................................................................ १२

*१.३.३ दीर्घकालीन सोँच कार्यशाला* ........................................................................ १२

*१.३.४ वडास्तरिय कार्यशाला तथा आधार रेखा सूचना तथा वस्तुस्थिति विश्लेषण* ........................................................................ १२

*१.३.५ विषय क्षेत्रगत कार्यशालाहरू* ........................................................................ १३

परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........................................................................ १४

२.१ नगरपालिकाको परिचय ........................................................................ १४

*२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना* ........................................................................ १४

*२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा* ........................................................................ १५

*२.१.३ जनसांख्यिक अवस्था* ........................................................................ १६

२.२ आर्थिक विकास अवस्था ........................................................................ १६

*२.२.१ कृषि तथा खाद्य सुरक्षा* ........................................................................ १६

*२.२.२ पर्यटन तथा सस्कृति* ........................................................................ १७

*२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति* ........................................................................ १८

*२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा* ........................................................................ १९

*२.२.५ सहकारी* ........................................................................ १९

२.३ सामाजिक विकासको अवस्था ........................................................................ १९

*२.३.१ स्वास्थ्य तथा पोषण* ........................................................................ २०

*२.३.२ शैक्षिक विकास* ........................................................................ २०

*२.३.३ खानेपानी तथा सरसफाई* ........................................................................ २१

*२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण* ........................................................................ २१

*२.३.५ युवा, खेलकुद तथा कला* ........................................................................ २२

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........................................................................ २२

*२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण* ........................................................................ २३

*२.४.२ सडक, पुल तथा यातायात* ........................................................................ २४

*२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा* ........................................................................ २४

*२.४.४ सूचना, सञ्चार तथा प्रविधि* ........................................................................ २४

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........................................................................ २४

*२.५.१ वन तथा जैविक विविधता र भूसंरक्षण तथा जलाधार व्यवस्थापन* ........................................................................ २५

*२.५.२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन* ........................................................................ २६

२.५.३ *महामारी तथा विपद् व्यवस्थापन* ........ २६

२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ २७

२.६.१ *स्थानीय नीति, ऐन तथा सुशासन* ........ २७

२.६.२ *सङ्गठनात्मक विकास* ........ २८

२.६.३ *श्रोत परिचालन* ........ २८

२.६.४ *योजना व्यवस्थापन* ........ २९

परिच्छेद ३ : भू-स्थानिक योजनाको सोच तथा विकासको अवधारणा ........ ३०

३.१ पृष्ठभूमि ........ ३०

३.२ नगरपालिकामा विकासका प्रमुख समस्या तथा चुनौतिहरू ........ ३०

३.३ प्रमुख सम्भावना तथा अवसर ........ ३०

३.४ निर्देशक सिद्धान्त ........ ३१

३.५ सोंच, लक्ष्य तथा उद्देश्य ........ ३३

३.६ परिमाणात्मक लक्ष्य ........ ३६

३.७ रणनीति तथा प्राथमिकता ........ ३८

३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड ........ ३८

परिच्छेद ४ : आर्थिक क्षेत्र ........ ३९

४.१ कृषि विकास ........ ३९

४.२ पशु विकास सेवा ........ ४४

४.४ पर्यटन, सँस्कृति तथा सम्पदा ........ ४९

४.५ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ५१

४.६ सहकारी तथा वित्तीय व्यवस्था ........ ५५

परिच्छेद ५ : सामाजिक विकास ........ ५८

५.१ शिक्षा ........ ५८

५.२ स्वास्थ्य सेवा ........ ६२

५.३ खानेपानी तथा सरसफाई ........ ६६

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ६९

५.५ आदिवासी, जनजाति, दलित, उत्पीडित वर्ग उत्थान ........ ७२

५.६ युवा तथा खेलकूद ........ ७५

परिच्छेद ६: भौतिक पूर्वाधार विकास ........ ७९

६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ७९

६.२ सडक, पुल तथा यातायात ........ ८२

६.३ विद्युत तथा उर्जा ........ ८४

६.४ संचार ........ ८६

परिच्छेद ७: वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन ........ ८९

७.१ वन विकास तथा वातावरण संरक्षण ........ ८९

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ ९३

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ९५
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ ९८
परिच्छेद ८: संस्थागत विकास तथा सुशासन ........ १०२
८.१ संथागत सुशासन तथा क्षमता विकास ........ १०२
परिच्छेद ९: कार्यान्वयन व्यवस्था ........ १०६
९.१ पृष्ठभूमि ........ १०६
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........ १०६
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ १०७
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ १०९
९.५ स्रोत परिचालन रणनीति ........ १०९
९.६ भू-स्थानिक योजना कार्यान्वयन ........ १११
९.७ अनुगमन तथा मूल्याङ्कन ........ ११२
अनूसुचि - १: समस्या विश्लेषण तालिका ........ ११४
अनूसुचि - २: सभावना विश्लेषण तालिका ........ १२३
अनूसूची ३: देवदह नगरपालिकाका नगरस्तरिय गौरवका योजनाहरू ........ १२९
अनूसूची ४: देवदह नगरपालिकाका भू-स्थानिक(जिआईएस) नक्साहरू ........ १३०
अनूसूची ५: देवदह नगरपालिकाकाको योजना तर्जुमा कार्यशालामा उपस्थिति ........ १४६
अनूसूची ६: देवदह नगरपालिकाकाको योजना तर्जुमा सम्बन्धी कार्यशालाका तश्विरहरू ........ १४९

# शब्द संक्षेप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| के.जि. | : | किलोग्राम |
| कि.मी | : | किलो मिटर |
| क्वि. | : | क्विन्टल |
| गाविस | : | गाउँ विकास समिति |
| नपा | : | नगरपालिका |
| गैसस | : | गैर सरकारी संस्था |
| जिसस | : | जिल्ला समन्वय समिति |
| जिप्रका | : | जिल्ला प्रशासन कार्यालय |
| जिप्राका | : | जिल्ला प्राविधिक कार्यालय |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| प्रा.लि. | : | प्राईभेट लिमिटेड |
| रा.यो.आ. | : | राष्ट्रिय योजना आयोग |
| स.डि.का. | : | सहकारी डि. कार्यालय |
| हे. | : | हेक्टर |
| लि. | : | लिटर |
| ART | : | Antiretroviral Therapy |
| CBO | : | Community Based Organisation |
| CPR | : | Contraceptive Prevalence Rate |
| DACC | : | District AIDS Coordination Committee |
| DPHO | : | Distract Public *Health* Office |
| D-WASH | : | District Water Sanitation and Hygiene |
| EIA | : | Environmental Impact Assessment |
| GER | : | Gross Enrolment Ratio |
| HCT | | HIV/AIDS Counseling and Testing |
| HMIS | : | Health Management Information System |
| HP | : | Health Post |
| IEE | : | Initial Environmental Examination |
| LDRMP | : | Local Disaster Reduction Master Plan |
| M-WASH | : | Municipality Water Sanitation and Hygiene |
| NDHS | : | Nepal Demographic and Health Survey |
| NER | : | Net Enrolment Ratio |
| NGO | : | Non-Government Organization |
| ODF | : | Open Defecation Free |
| OVOP | : | One Village One Products |
| PHC | : | Primary Health Care |
| SDIC | : | Support for Development Initiative Consultancy |
| SHP | : | Sub Health Post |
| 3G | : | Third Generation |
| WASH | : | Water Sanitation and Hygiene |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघीय शासन प्रणालीलाई आत्मसात गर्दै तिन तहका सरकारहरूद्वारा शासन संचालन गर्ने व्यवस्था गरेको छ । साथै, संघ, प्रदेश र स्थानीय तहवीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने ब्यबस्था गरी सबै तहका सरकारहरूलाई एकल तथा साझा अधिकारहरूको व्यवस्था गरेको छ । संविधान बमोजिम स्थानीय तहहरू आफ्नो अधिकारक्षेत्र भित्र रही स्वायत्त रूपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन । संविधानद्वारा प्रदत्त स्थानीय तहको अधिकार क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ जस्ता कानुनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएका छन भने अर्कोतिर स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ । स्थानीय तहहरूको नीति निर्माण, योजना तर्जुमा र विकास–निर्माणको कार्यान्वयन स्थानीय जनताहरू मार्फत होस् र विकासको प्रतिफल पनि तिनै स्थानीय जनताहरूले सजिलै उपभोग गर्न पाउन भन्ने सरकार तथा स्थानीय जनचाहना अनुरूप स्थानीय सरकारहरूले तिनै किसिमको शासकिय अधिकारहरू प्रयोग गर्दा स्थानीय स्तरमा गुणस्तरीय सेवा सुविधाहरू व्यवस्थित र प्रभावकारी तरीकाबाट प्रवाह भईरहेको पाईन्छ । उपरोक्त तथ्यहरूका आधारमा स्थानीय तहहरूको मुख्य भूमिका भनेकै सम्बन्धित क्षेत्रहरूमा बसोबास गर्ने जनताहरूलाई सहज र प्रभावकारी सेवा प्रवाह पुऱ्याई उनीहरूको सामाजिक, आर्थिक स्तरमा सुधार ल्याउनु नै हो । नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरूको ठुलो भूमिका रहेको हुन्छ । यस्तो गहन भूमिका र जिम्मेवारी वहन गर्ने क्रममा निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो स्थानीय तहकालागि दीर्घकालीन सोँचका आधारमा भू-स्थानिक र वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा नै प्रतिबद्ध एवम् सक्षम नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न स्थानीय सरकारहरू संविधान प्रदत्त अधिकारहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरूलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन निरन्तर क्रियाशिल भईरहेका छन । स्थानीय स्तरमा जनता आवश्यकता तथा अपेक्षाहरू एकातिर ज्यामितिय दरमा वृद्धि भईरहेका छन भने अर्कोतर्फ तिनै जनता तथा तिनका प्रतिनिधिहरू निर्णय प्रक्रियाका महत्वपूर्ण अङ्गहरूमा निर्णायक अधिकारीका रूपमा सहभागी भईरहेका छन । यसले स्थानीय स्तरमा एकातर्फ जनसहभागीता तथा त्यसमा गतिशीलता प्रदान गरिरहेको छ भने अर्कोतर्फ सूशासनका आधारभुत पक्षहरूको सूनिश्चितता गरिरहेको छ । तथापि, नेपालको सम्बन्धमा संघीयताको अभ्यास नौलो भएको र विगतमा लामो समयसम्म स्थानीय तहहरू जनप्रतिनिधि विहिन भएको हुँदा स्थानीय जनप्रतिनिधिहरूमा केही हदसम्म क्षमता विकासको कमी देखिन्छ । यसले, प्रभावकारी योजना तर्जुमाको कमी तथा तिनको कार्यान्वयन फितलो हुन जाने जोखिम विभिन्न अध्ययनहरूमा औंल्याइएको पाइन्छ । यसको स्थायी रूपमा निराकरणका लागि एकीकृत रणनैतिक योजनाको आवश्यकता औंल्याईएको छ ।

यसै तथ्यलाई मध्यनजर गरी देवदह नगरपालिकाले आफ्नो नगरपालिकाको विकास गतिविधिलाई व्यवस्थित र जनताको घरदैलो सम्म पुर्याउन र ऐन तथा नियमावलीमा व्यवस्था भएका प्रावधान अनुरूप आगामी ५ वर्षकालागि भू-स्थानिक योजना (आव २०८०/०८१ देखि २०८४/०८५) योजना तर्जुमा गर्न गईरहेको छ । यस योजनाले देवदह नगरपालिकाको दीर्घकालीन सोंच, विकासको लक्ष्य, उद्धेश्य र विकासका सूचकहरूको वार्षिक कार्यक्रम र बजेटसंग

तालमेल हुन गई लक्षित वर्ष सम्ममा विकासका कामहरूबाट अपेक्षित नतिजा हासिल हुन सक्नेछ भन्ने विश्वास गरिएकोछ।

**१.२ योजना तर्जुमाका उद्देश्य**

नेपालको संविधानको प्रस्तावना, नेपाली नागरिकका मौलिक हक र कर्तव्य, राज्यका निर्देशक सिद्धान्त र नीति तथा संविधानको धारा ५७ अन्तर्गतका अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको अधिकार क्षेत्र तथा धारा ५९ र ६० मा उल्लेखित स्थानीय तहको आर्थिक अधिकारको प्रयोग र राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था तथा धारा २१४ देखि २३० सम्म व्यवस्था भएका स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था, स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को परिच्छेद ६ दफा २४ देखि २६ सम्मको योजना सम्वन्धी व्यवस्था तथा समृद्ध नेपाल सुखी नेपाली स्थापना गर्ने नेपालको सोच र समृद्ध प्रदेश सुखी नागरिक सहितको प्रदेश स्थापना गर्ने लुम्विनी प्रदेशको सोंचलाई यस यस योजना मार्फत नगरपालिकामा उपलब्ध आफ्नो स्व–आर्जन, संघ, प्रदेश तथा बिभिन्न विकास साझेदारबाट प्राप्त हुने अनुदान तथा बजेट र निजी, सहकारी तथा सामुदायिक क्षेत्रबाट उपलब्ध हुने श्रोत साधनलाई योजनाबद्ध, दीगो एवं विवेकपूर्ण रूपमा परिचालित गर्दै अगाडि बढ्ने संकल्प गरिएको छ।

यो भू-स्थानिकयोजना तर्जुमाको क्रममा सरोकारवालाहरू समेतको सहभागीतामा नगरपालिकाले लिएको **"समृद्ध देवदह, सुखी नगरवासी !!"** को दीर्घकालीन सोंचलाई योजनावद्ध रूपमा कार्यान्वयन गरी देवदह नगरवासीको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधारकालागि विकास प्रकृयालाई संस्थागत गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ।

**१.३ योजना तर्जुमा विधि र प्रक्रिया**

***१.३.१ योजना तर्जुमा सम्बन्धमा नगरपालिकामा भएका कामहरू***

- स्थानीय सरकार संचालन ऐनको दफा २४ को व्यवस्था अनुसार विषय विज्ञहरूको प्राविधिक सहयोग र नगरपालिकाको आर्थिक लगानी र सहभागितामा नगरपालिकाका ५ वटा विषयगत समितिहरूको बृहत् विषयगत छलफलबाट भू-स्थानिक योजनाको मस्यौदा तयार पारि यस नगरपालिकामा पेश गरिएको छ। यो योजना नगरपालिकाको विकासको समग्र पक्षहरूलाई समेट्दै अन्य सबै खालका योजनालाई दिशा निर्देश गर्ने हिसाबमा तर्जुमा गरिएको छ। योजना तर्जुमा गर्दा स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनु पर्ने विषयहरूका अतिरिक्त विकासका कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य नगरपालिका सँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेतलाई मध्यनजर गरिएको छ।

योजना तर्जुमा गर्दा देहायका विधिहरू अवलम्बन गरिएको थियो।

- नगरपालिका सम्बन्धी विभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरू, नगरपालिकाको वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, आवधिक योजना तर्जुमा राष्ट्रिय अवधारणा, योजना मापदण्ड, भौतिक विकास योजना प्रतिवेदन आदिको संकलन तथा अध्ययन।
- भू-स्थानिक योजना तर्जुमा सम्बन्धी पाँचवटा विषयगत समितिहरू (आर्थिक विकास, सामाजिक विकास, भौतिक तथा पुर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास) गठन ।
- दीर्घकालीन सोँचको बारे नगरपालिकाको सबै तहमा छलफल भई समयको परिवर्तन संगै विकासका नया सिद्धान्त, संभावना र समस्याहरूलाई समेत सम्बोधन गर्ने उद्देश्यले दीर्घकालीन सोँचको तर्जुमा गरी अगाडि बढ्ने सहमति।
- नगरपालिकाका मूल समस्या, सवालहरू तथा चुनौती र अवसरहरूको पहिचान।
- वस्तुस्थिति र समस्या तथा सवालहरूको आधारमा लक्ष्य, उद्देश्य तथा नतीजाहरू कार्य नीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरू तथा दीर्घकालीन भौतिक एवं सामाजिक विकास योजनाको तर्जुमा र कार्यक्रमहरूको प्रस्ताव।

- प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी योजनाहरू कार्यान्वयनको लागि वित्तीय विश्लेषण र लगानी योजना।
- तर्कबद्ध प्रणालीमा आधारित विषयगत क्षेत्रका विकास योजनाहरू तथा बहुक्षेत्रगत लगानी कार्यक्रम मस्यौदा सम्बन्धित उप–समितिहरू र निर्देशन समितिमा प्रस्तुतिकरण तथा सुझावहरू संकलन।
- सहभागितात्मक अन्तिम कार्यशाला गोष्ठीमा योजनाको मस्यौदा प्रस्तुतिकरण र सुझाव संकलन र योजनाको अन्तिम मस्यौदा तयारी।

### *१.३.२ पूर्वतयारी छलफल एवम् सहमति निर्माण*

भू-स्थानिक योजनाका तयारी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी रूपमा संचालनका लागि मार्गनिर्देशन गर्ने उद्देश्यले नगरपालिकाका प्रमुखको संयोजकत्वमा निर्देशन समिति गठन गरी वस्तुगत विवरण तयारी सम्बन्धी अभिमुखीकरण २०७९ पौष २४ गते पहिलो सत्रमा सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा योजना तर्जुमाका प्रस्तावित विधि र प्रक्रिया, संलग्न जनशक्ति तथा प्रस्तावित समय सीमाका बारेमा जानकारी गराइएको थियो। यस कार्यक्रममा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधि लगायत कुल ४० जनाको उपस्थिति रहेको थियो। उपरोक्त छलफल एवम् सहमति निर्माण सम्बन्धी कार्यक्रम पश्चात् वडास्तरमा योजनाको अभिमुखीकरण बस्ति तथा वडास्तरका योजनाहरूको सहभागितात्मक पद्धतिबाट संकलन गर्ने काम प्रारम्भ गरियो।

### *१.३.३ दीर्घकालीन सोँच कार्यशाला*

वस्तुगत तथ्य र नगरपालिकासंगको बृहत छलफलमा आधारित रही मिति २०७९ पौष २४ गते संचालन गरिएको कार्यशालाको दोस्रो सत्रमा नगरपालिकाको दीर्घकालीन सोँच निर्माण गरियो। उपरोक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरू लगायत कुल ४० जनाको उपस्थिति रहेको थियो। उपरोक्त गोष्ठीमा भूस्थानिक योजना तर्जुमाकालागि सहभागीबाट आवश्यक सल्लाह सुझाव संकलन गरियो। दीर्घकालीन सोँच तर्जुमा गर्ने दौरानको सुरूमा भू-स्थानिक योजनाको अवधारणा, दीर्घकालीन सोँचको, महत्व र आवश्यकता तथा यसका चरित्र लगायतका विषयमा सहभागीलाई प्रष्ट पारियो। तत्पश्चात सहभागी सबैलाई आफूले देख्न चाहेको नगरपालिकाको आदर्श अवस्थाका बारेमा लेख्न लगाइयो। यसपश्चात् सबै सहभागीलाई पाँच वटा समूहमा विभाजन गरी समूहगत छलफलको आधारमा आएको सोंचलाई प्रस्तुत गर्न लगाइयो र प्रस्तुत भएका सोंचहरुबाट पुन: सामुहिक छलफल र निर्णयका आधारमा **"समृद्ध देवदह, सुखी नगरवासी"** भन्ने दीर्घकालिन सोंच निर्धारण गरियो।

### *१.३.४ वडास्तरिय कार्यशाला तथा आधार रेखा सूचना तथा वस्तुस्थिति विश्लेषण*

योजना तर्जुमाको लागि अभिमुखीकरण कार्यक्रम २०७९ माघ २ गते देखि १० गते सम्म यस नगरपालिकाका १२ वटै वडाका वडाध्यक्ष, वडाध्यक्ष, वडा सचिव तथा वडा सदस्यहरू लगायत सरोकारवालाहरू र स्थानीय नागरिकहरू समेतसँग छलफल गरी नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्थाको आधार रेखा सूचना संकलन, समस्या तथा संभावना बिश्लेषण, र आगामि ५ वर्षमा संचालन हुने सम्भावित आयोजनाको लगत संकलन गरियो। यसरी संकलन गरिएको योजना तथा आधाररेखा सूचनालाई नगरपालिकाको वस्तुस्थिति विवरणसँग रूजु गरी विभिन्न क्षेत्रको आधार रेखा सूचना सँग दाँजेर विष्लेषण गरियो। यस अवसरमा नगरपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर चुनौति तथा समस्या समाधान गर्ने रणनीति तथा कार्यनीतिहरू तय गरियो। यसको साथै भू-स्थानिक योजनाको ५ वर्षे कार्यान्वयन योजनाका लागि अनुमानित बजेट, कार्यान्वयन वर्ष तथा आयोजना सञ्चालन हुने स्थान सहितको प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको पहिचान गरियो।

### *१.३.५ विषय क्षेत्रगत कार्यशालाहरू*

नगरपालिकाको सबल र कमजोर पक्ष तथा चुनौतिहरूको विश्लेषण गरी नगरपालिकाको विकासका लागि यसका प्रमुख संभावना तथा अवसरहरूको बिश्लेषण र सोबाट प्राप्त हुन सक्ने प्रतिफलहरूको बारेमा छलफल गरियो । समष्टिगत रूपमा नगरपालिकाको सम्भावना तथा अवसर, समस्या तथा चुनौति र समस्या तथा चुनौतिको समाधानका उपायहरूको बारेमा छलफल गरी कार्यक्रम तथा तिनका सूचकहरू समेत बनाउने काम भयो ।

भू-स्थानिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण नगरपालिकाका सरोकारवालाहरूसँग सहभागितामूलक छलफलबाट गरिएको थियो । नगरपालिकाको आधार रेखा सूचना तथा कार्यशाला गोष्ठीका सहभागीहरूसँगको छलफलबाट प्राप्त भएका सम्भावना तथा अवसर, समस्या तथा चुनौतिहरू र समस्या समाधानका उपायहरूलाई परामर्शदाताबाट लिपिबद्ध गरियो । गोष्ठी नगरपालिकाको नेतृत्वमा यसका सरोकारवालाको अर्थपूर्ण सहभागितामा विषयगत प्रमुखहरूको सहभागिता भएको उक्त कार्यक्रमलाई विषय विज्ञको सहजीकरणमा सञ्चालन गरियो । यस कार्यक्रममा नगर विकासको लक्ष्य, उद्देश्य, नीति, निर्देशक सिद्धान्त निर्धारण सहित आधाररेखा सूचना सहितको नतीजा खाकामा ढाल्ने कार्य गरियो । नगरपालिकाको दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, नीति, निर्देशक सिद्धान्त सँग मेल खाने गरी ५ वर्षे कार्यान्वयन योजना निर्माणका लागि ५ वटा विषयगत समूहमा छलफल गरी प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूमा व्यापक रूपमा छलफल गरी निष्कर्षलाई प्रस्तुत गरी सुझाव संकलन गरियो । यस गोष्ठीमा नगरपालिकाका समष्टिगत लक्ष्य प्राप्त गर्न यसको वर्तमान आर्थिक तथा मानवीय स्रोत साधनलाई आधार मानी सरोकारवालाहरूका प्रत्यक्ष सहभागितामा स्थानीय तहको अधिकार क्षेत्रका सबै विषय समावेश गरिएको ५ वर्षे भू-स्थानिक योजनाको मस्यौदा तयार पारियो । यो योजनाको आधारमा नगरपालिकाले वार्षिक योजनाको नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्ने गरी योजनाको नतीजामा आधारित अनुगमन, मुल्याङ्कन, तथा समिक्षा गर्ने ढाँचाको प्रारूप समेत तयार पारिएको छ ।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

यस नगरपालिकामा घरधुरी सर्वेक्षणका आधारमा केहि विषयगत क्षेत्रका पार्श्वचित्र बनेको देखिएको तर उक्त तथ्याङ्क भू-स्थानिक योजनाका लागि अपर्याप्त भएको पाईयो । साथै, राष्ट्रिय र प्रदेश स्तरबाट समेत स्थानीय तहहरूको पार्श्वचित्र नबनेको हुँदा हालसम्मको उपलब्धिको मात्रात्मक अवस्था स्पष्ट किटान गर्न नसकिएको अबस्था छ ।

यस नगरपालिकामा यो भन्दा अघि रणनीतिक र मध्यमकालीन योजना नबनाएकाले विगतका योजनाहरूको क्षेत्रगत समीक्षा गरी त्यसबाट पृष्ठपोषण लिनुपर्ने आवश्यकता रहेन । हाल तर्जुमा गरिएको भू-स्थानिक योजना आव २०८०/०८१ देखि २०८४/०८५ सम्मकोयोजना भएकोले यस योजनाका अन्य विशिष्ठ उद्देश्यहरूमा बदलिंदो राजनैतिक परिवेश र समावेशी विकासको मागलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने नीतिहरू तर्जुमा गर्ने, नगरपालिकालाई निर्देशित गर्ने दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, विकासको प्राथमिकता, क्षेत्रगत विकास सम्बन्धी नतीजाहरू, सूचकहरू, तदनुसारका कार्यक्रमहरू पहिचान गर्ने तथा सोका लागि आवश्यक बजेटको पूर्वानुमान गर्ने र बहुक्षेत्रगत लगानीका क्रियाकलापहरूको खाका तयार गर्ने रहेको छ ।

## २.१ नगरपालिकाको परिचय

प्राचिन कोलीय राज्यको राजधानी देवदह लुम्विनी प्रदेशको रूपन्देही जिल्लामा पर्दछ । गौतम बुद्धको जन्मस्थल लुम्बिनी देखि ३५ किलोमिटर उत्तर पूर्वमा अवस्थित देवदह ऐतिहासिक एवं बुद्धको मावली स्थलको रूपमा प्रशिद्ध रहेको छ । नेपाल सरकारको २०७१ बैशाख २५ गतेको निर्णय अनुसार साविकका देवदह र केरवानी गा.वि.स. मिलेर देवदह नगरपालिका संचालनमा आएकोमा नेपाल सरकारको मिति २०७३।११।२७ मा प्रकाशित राजपत्र अनुसार साविक सिक्टहन गा.वि.स. थप भइ हालको देवदह नगरपालिका बनेको हो ।

### *२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना*

लुम्विनी प्रदेश अन्तर्गत रूपन्देही जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा पर्ने देवदह नगरपालिकाको कूल क्षेत्रफल १३६.९५ वर्ग कि.मि. रहेको छ । भौगोलिक अवस्थिति अनुसार २७ डिग्री ३३ मिनेट २८ सेकेन्ड देखि २८ डिग्री ४३ मिनेट २७ सेकेन्ड उत्तरी अक्षाशं र ८३ डिग्री २९ मिनेट १२ सेकेन्ड देखि ८३ डिग्री ३८ मिनेट ०२ सेकेन्ड पूर्वि देशान्तर सम्म यो नगरपालिका फैलिएको छ । यस नगरपालिकामा १२ वडा रहेका छन् । तलका खण्डहरूमा यस नगरपालिकाको भौगोलिक, आर्थिक र सामाजिक स्थितिलाई व्याख्या गरिएको छ ।



यस नगरपालिकाको पूर्वमा नवलपरासी जिल्लाको सुनवल नगरपालिका र रामग्राम नगरपालिका, पश्चिममा बुटवल उप महानगरपालिका र तिलोत्तमा नगरपालिका, उत्तरमा पाल्पा जिल्लाको माथागढी गाउँपालिका, र दक्षिणमा रूपन्देही जिल्लाको ओमसतिया गाउँपालिका रहेका छन । यस नगरपालिका समुन्द्र सहत देखि १०१ मिटर देखि ११६२ मिटर अग्लो माथागढि सम्म फैलिएकोछ । यस नगरपालिकाको पूर्व पश्चिम अधिकतम चौडाई १२.२ कि.मी. छ भने उत्तर दक्षिण अधिकतम लम्बाई १९.५ कि.मी. रहेको छ । विशेषगरी वैशाख, जेष्ठमा ज्यादै गर्मी हुन्छ भने पुष, माघ महिनामा निकै जाडो हुन्छ । मौसम विभागका अनुसार यस नगरपालिकाको गृष्ममा औषत तापक्रम ३० डिग्री र हिउँदमा औषत तापक्रम २० डिग्री सेल्सियस रहेको पाइन्छ । असार, श्रावण र भाद्र महिनामा वर्षा हुन्छ । यहाँ सरदर वार्षिक वर्षा १०००–२५०० मि.मि. हुने गर्दछ । असोज, कार्तिक, मंसिर, फागुन र चैतमा न त्यति गर्मि हुन्छ न त्यति धेरै जाडो नै हुने गर्दछ ।




यो नगरपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले प्रवल सम्भावना बोकेको देखिन्छ । उत्तरमा चुरे पहाडको विस्तार, जो कठिन धरातलयूक्त पत्रे तथा कडा चट्टान र ढुगां एवं वलौटे माटोको मिश्रणबाट निर्माण भएको छ । यो क्षेत्र नगरपालिकामा बग्ने अस्थाई खोलानालाको उदगम स्थल हो भने यस चुरे जलाधार क्षेत्रहरूले गर्दा यस नगरपालिकालाई रूपन्देही जिल्लाकै अन्न उत्पादन हुने क्षेत्रको रूपमा विकास गराएको देख्न सकिन्छ ।

### *२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा*

प्राकृतिक सम्पदातर्फ यस नगरपालिकाको उत्तरतर्फ रहेको चुरेको जंगल, स्थानीय पार्कहरू, दक्षिण तर्फको विशाल कृषियोग्य जमिन, नदीनाला र तालतलैयाहरू रहेका छन । यस नगरपालिकामा रहेका जल भण्डारहरूको श्रोत साना नदीहरू, भूमिगत जलभण्डार र ससाना ताल तलैया तथा पोखरीहरूभण्डार रहेका छन् । रोहिणी, भलुही, घोडाहा, ज्यामिरे, सरन, खहरे, आदि यस नगरपालिकाका प्रमुख नदी तथा खोलाहरू हुन । यी नदीहरू प्राय अस्थायी प्रकृतिका भएको हुनाले केवल वर्षामा मात्र यिनको अस्तित्व देखा पर्दछ । यस नगरपालिकामा वग्ने सबै नदीहरू उत्तरवाट दक्षिण तिर वग्ने गर्दछन् ।

यसका साथै भगवान गौतम बुद्धको मावली गाउँले परिचित यो नगरपालिकामा बुद्धकालिन शीलालेखहरू, स्थानीय मधेशी समुदायका वस्तिका अलावा पहाडी भागबाट वसाई सरी आएका समुदायहरूको वसोवास, समुदायको एक अर्काप्रतिको सद्भभाव र क्रमिक रूपमा विकास हुँदै गईरहेको सहरीकरण समेत र स्थानीय समुदायले मनाउने चाडपर्वहरू दशैं, तिहार, लोच्छार, माघेसक्रान्ति, ईद लगायतलाई यस नगरपलिकाको संस्कृतिक सम्पदाका रूपमा लिन सकिन्छ । यहाँका मुख्य जातीय समुदायहरूमा मगर, ब्रह्मण, क्षेत्री, थारू वा चौंधरी, यादव, कामी, गुरूङ्ग, दमै, नेवार आदि रहेका छन ।

### *२.१.३ जनसांख्यिक अवस्था*

जनप्रतिनिधिहरूको प्रथम कार्यकालमा २०७६/०७७ मा निर्माण गरिएको डिजिटल प्रोफाईलका अनुसार अनुसार यस नगपपालिकाको जम्मा जनसंख्या ७११७६ रहेको थियो। जसमा पुरूषको संख्या ३३९१७ (४७.६५ प्रतिशत), महिलाको संख्या ३७२५५ (५२.३४ प्रतिशत) तथा तेस्रो लिङ्गिको संख्या ८ रहेको थियो। साथै घरधुरी संख्या १६२५० रहेको पाईयो। यस नगरपालिकामा परिवारको आकार औसत ४.२८ जना रहेको थियो २०६८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ५३५२३ र ९५६७ घरधुरी रहेको थियो। २०७८ को जनगणनाको प्रारम्भिक नतिजा अनुसार याहांको जनसंख्या ७१८०६ रहेको छ। जसमध्ये महिला ३८०५९ र पुरूष ३३७४७ र जम्मा घरधुरी १७५८२ रहेका छन। यस नगरपालिकाको मुख्य जातीय समुदायहरूमा मगर, ब्रह्मण, क्षेत्री, थारू वा चौधरी, यादव, कामी, गुरूङ्ग, दमै, नेवार आदि रहेकाछन। प्रमुख धर्माबलम्बीहरूमा हिन्दू, वौद्ध, मुस्लिम, क्रिश्चियन आदि रहेकाछन।




वसाईसराई तथा गतिशिलता तर्फ हेर्दा पाल्पा, गुल्मी स्याङ्जा र देशका अन्य भागहरूबाट समेत यस नगरपालिकामा आर्थिक अबसर र रोजगारीकालागि बसाईसराई आएको पाईन्छ। यो नगरपालिका देशकै प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्र बुटवल तथा भैरहवा, सुनौली नाका र अन्तराष्ट्रिय हवाई क्षेत्र नजिक भएकाले विकासकालागी प्रवेशद्वार मानिन्छ। नगरपालिकाको समग्र भूभाग समथर तथा उर्वर भूमि भएकोले, पहाडी जिल्लाका ग्रामिण क्षेत्रबाट यहाँ बसाइ सर्ने प्रवृति बढि रहेकोछ। विगतको १० वर्षे सशस्त्र द्वन्द्वबाट विस्थापितहरू पनि यस क्षेत्रमा आइ बसोवास गरेकाछन्। यसका अलावा भारत र खाडी देश तर्फ रोजगारीको उद्वेश्यले गएका ब्यक्तिहरुको अनुपस्थित बसाईसराईपनि यस पालिकामा भएको पाईन्छ। तथापि, जनगणना २०७८ जनगणनाको प्रतिवेदन सार्वजनिक नभईसकेको अवस्थामा तथ्ताङकगत रूपमा अनुपस्थित जनसंख्या र बसाईसराई सम्बन्धी विवरण प्रस्तुत हुन सकेको छैन।

## २.२ आर्थिक विकास अवस्था

यस नगरपालिकाको कुल जनसंख्या मध्ये कृषिमा निर्भर ७८.५३ प्रतिशत, वैदेशिक रोजगारमा १०.८५ प्रतिशत, भारतमा रोजगार १.६८ प्रतिशत, नेपालमै रोजगार ९.४४ प्रतिशत, व्यापार व्यवसायमा १४.१५ प्रतिशत रहेको छ भने कुल घरधुरी मध्ये ८०.८४ प्रतिशत घरधुरीलाई ६ -१२ महिना समयलाई कृषि जन्य उत्पादनले धान्ने अवस्था देखिन्छ र बाँकी जनसंख्याकालागि खाद्यान्न अपुगको अवस्था रहेको छ। त्यस्तै, वार्षिक आम्दानीबाट ४३.१९ प्रतिशत घरधुरीलाई सजिलै पुग्छ, २६.७१ प्रतिशतलाई मजदुरी गर्नपर्दछ, १५.४१ प्रतिशतलाई ऋण थप्नु पर्दछ र बाँकी १४.७ प्रतिशत घरधुरीले मात्र वार्षिक आम्दानीबाट वचत गर्न सकिने अवस्था छ।

### *२.२.१ कृषि तथा खाद्य सुरक्षा*

यस नगरपालिकामा सर्बकालिन सिंचित खेतियोग्य जमिनको कमी, व्यवस्थित वजारको अभाव तथा आय श्रोत कमी भएकोले कृषि आधुनिकीकरणमा सोंचे अनुरूप प्रगति हुन नसकेको देखिन्छ। कृषि प्रविधिको प्रचार प्रसार गरी कृषिमा

आधुनिकीकरण तथा व्यवसायीकरण गर्न कृषि विकाससंग सम्बद्ध संस्थाहरूले विभिन्न प्रयासहरू गर्दै आईरहेकाछन । यस नगरपालिकाको कूल भूभाग मध्ये ४०.७१ प्रतिशत भूभाग खेतियोग्य जमिन रहेको छ । तथापी, यहांको ७८.५३ प्रतिशत भन्दा वढी जनसंख्या कृषि पेशामा प्रत्यक्ष रूपमा संलग्न रहेको छ। धान, गहुं, मकै, दलहन, तेलहन, माछापालन, च्याउ खेति र तरकारी खेति अन्य विभीन्न वालीहरूको यहां खेति गरिन्छ । उत्पादनको दृष्टिकोणले राजमार्ग पश्चिमी भेक अधिकाशं कृषियोग्य र राजमार्ग उत्तर तर्फको जमिनको न्यून उत्पादकत्व रहेको छ । यद्यपि ३५०० हेक्टर क्षेत्रफलमा धान उत्पादन भएतापनि यहा खाद्यान्न न्युन रहेका वडा संख्या ३ रहेका छन । यस्तै तरकारी उत्पादन १२००० मे.ट. वार्षिक तरकारी उत्पादन भऐ बजारमा पुग्ने गर्दछ भने दुध उत्पादनमा देवदह नगरपालिका देशमै दोस्रो स्थानमा रहेको छ। कृषि सम्बन्धी अन्य सूचकहरूको अवस्था हेर्दा तलिम प्राप्त कृषक २५००, कृषि सहकारी संख्या २३, व्यवसायिक उत्पादनमा संलग्न कृषक ३०००, कृषि हाटबजार तथा संकलन केन्द्र ८ रहेकाछन । यस नगरपालिकाका ७८ प्रतिशत भन्दा वढी वासिन्दाको जीविकोपार्जनको मूख्य पेशा कृषि तथा पशुपालन व्यवशाय हो।

यहाँ पशूपालन ब्यबसाय अन्तरगत गाई, भैसि, भेडा, बाख्रा, बंगूर, कुखुरा व्यवसायिक रूपमा पालिँदै आईएको छ। यस ब्यबसायलाई प्रभाबकारी रूपमा संचालन गर्नको लागि नगरपालिका लगायत बिभिन्न संघसंस्थाहरू मार्फत बिभिन्न कार्यक्रमहरू जस्तै नश्ल सूधार, पशु आहारा बिकास, पशु स्वास्थ्य तालिम तथा प्रसार, बजार बिकास जस्ता कार्यक्रमहरू संचालन भएका छन । पशुजन्य पदार्थ र वार्षिक उत्पादन तथा निर्यातको अवस्थालाई हेर्दा दुध, मासु, उन तथा फुल उत्पादनमा मात्रात्मक वृद्धि भएको देखिन्छ । पशुसेवा तर्फ हेर्दा व्यवसायिक पशुपालनमा संलग्न परिवार संख्या १८५०, व्यवसायिक पशुपालन फर्म ३५०, वार्षिक दुध तथा दुधजन्य उत्पादन १ लाख ४० हजार मे.ट., भैसी फार्म १२०, गाई फार्म १७०, सक्रिय पशुपालन समूह संख्या १२, क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता संख्या ४ र दुग्ध चिस्यान केन्द्र वा संकलन केन्द्र ४० वटा रहेका छन।




### *२.२.२ पर्यटन तथा सस्कृति*

बिश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्धको मावली र ससुराली स्थल हुनुका साथै प्राचिन कोलिय गणराज्य हुनुका कारण देवदहले प्रचुर पर्यटकीय सम्भावना बोकेको छ। । देवदहका जमिन मुनि विश्वसम्पदा सुचिमा पर्ने प्राचिन स्मारकहरू रहेका छन तिनलाई सतहमा ल्याउन नगरपालिका, र समुदायको प्रयास रहन जरूरी छ । पुरातत्व विभागले गरेको उत्खननबाट यहाँ १२ सय बर्ष अगाडिका मानव सभ्यता फेला परेका छन। देवदहको प्रमाणीकरण भई नसकेपनि बौद्ध तिर्थस्थल भएका प्रमाण भेटिइसकेका सकेका छन । भवानीपुर, एतिहासिक पाँकरी बृक्ष, बैरीमाई कन्यामाई, देवदह र खयरडाँडा जस्ता क्षेत्रहरूमा रहेका प्राचिन इँटाहरूले प्राचिनतम मानव सभ्यतास्थल हो भन्ने कुरामा प्रमाणित गरेको छ । बौद्धग्रन्थमा पाइएका प्रमाण र हुयन सांग र फाइयान जस्ता तिर्थ यात्रुका यात्रा वर्णनले  लुम्बिनी र देवदहको दुरीका  आधारमा यही क्षेत्र भएको पुष्टि गर्दछन।

यस नगरपालिकामा प्राकृतिक सौन्दर्य, धार्मिक एवं ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरू रहेतापनि आवश्यक पर्यटकिय पुर्वाधारको अभावमा यहांको पर्यटन विकास ज्यादै पछाडी परेको पाईन्छ।

तथापि, स्थाई तथा भरपर्दो सडक यातायातको अभाव, आवश्यक पर्यटकीय पुर्वाधारको अभाव तथा न्यून लगानीका कारण यहांको पर्यटकिय संभावना सुशुप्त अवस्थामा रहेको छ । केहि सिमित क्षेत्रहरू (भवानीपुर मन्दिर, कन्यामाई, बेरीमाई, खयरडाँडा, दह (मंगलपुष्करीणी), पाकडी वृक्ष, सिमसार रोहणी नदी, माथागढी, यशोधरा पार्क, मायादेवी पार्क, लोकेश्वर मन्दिर, बोटानिकल गार्डेन आदि) आन्तरिक पर्यटन तथा धार्मिक धार्मिक दृष्टिकोणले मात्र संचालनमा रहेका छन । यो गौतम बुद्धको मावली गाँउ, प्राकृतिक श्रोत र साधनको उपलब्धता भएको, विभिन्न जातजातीहरूको सांस्कृतिक सम्पदाको भण्डार रहेको हुँदा धैरै सम्भावना भएको नगरको रूपमा रहेको छ । नगरपालिकाले अगाडी सारेका पर्यटकिय महत्वका क्षेत्रहरूमा भवानीपुर , बैरीमाई कन्यामाई, पाँकरी बृक्ष, देवदह यशोधरा पार्क, माथागढी र सरनावारी होमस्टे रहेका छन । यहांको पर्यटन विकासको अबस्थालाई हेर्दा पर्यटकीय गन्तव्यको संख्या – ३, पर्यटन उद्यममा संलग्नहरूको संख्या ८५०, नगरपालिका कुल ग्राहस्थ उत्पादनमा पर्यटनको हिस्सा २.५ प्रतिशत, पार्क संख्या – ५, पर्यटकिय होटलको – ४, वार्षिक पर्यटक आगमन (आन्तरिक तथा बाह्य) संख्या ५०००, कुल आएका मध्ये देवदहमा बास बस्नेको प्रतिशत ३.२, र पर्यटकिय सूचना केन्द्र २ वटा रहेका छन ।




यस नगरपालिका क्षेत्रभित्र दुई दर्जनभन्दा बढी विभिन्न चाड पर्वहरू समेत रहेका छन्, जसमध्ये केही प्रमुख चाडपर्वमा दशै, तिहार, माघी, होली, तीज, आइतबारी, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्ठमी, शिवरात्री, श्रवाण पूर्णिमा, असारे १५, गंगा दशहरा, नागपञ्चमी, रक्षाबन्धन, तिहार, चैते दशैं, राम नवमी,लोच्छार आदि रहेका छन् ।

### *२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति*

यस नगरपालिकामा केहि सिमित औद्योगिक गतिविधिहरू संचालित त भएका छन तथापी, यसको विकास गति अपेक्षित तवरमा वृद्धि हुन सकेको छैन । शहरीकरणको बढ्दो गतिले इटा टायल र ह्युम पाइप उद्योगहरू तथा अन्य लघु उद्यमहरू निकै फस्टाएका देखिन्छन । यसका अलावा सिमेन्ट उद्योग, डेरी उद्योग, चाउचाउ उद्योग आदि समेत स्थापना भएको पाईन्छ । नगरपालिकामा औद्यगिक विकासका सूचकहरूलाई हेर्दा दर्ता गरिएका चालू साना तथा घरेलु उद्योग ३८८, उद्योग तथा व्यापार व्यवशायको पालिकाको कुल ग्राहस्थ उत्पादनमा योगदान १२.४ प्रतिशत, उद्योग तथा व्यापार व्यवशायमा प्राप्त रोजगार संख्या ३२००, साना तथा घरेलु उद्योगमा रोजगारी संख्या २७७६, कृषि उद्योगधन्दाको विस्तार १० प्रतिशत रहेको छ । व्यापार तर्फ अटोमोबाइल, होटेल, किराना, टेलरिङ, टायल निर्माण व्यवसाय, कृषि, पशुपालन र दुग्धजन्यपदार्थहरूको यस नगरपालिकामा व्यवस्थित रूपले व्यवशाय गरेको पाईन्छ । यसबाट आन्तरिक तथा वाह्य रोजगारीको समेत प्रशस्त सृजना भएकोछ । व्यापारको प्रबर्द्धन गर्ने उद्वेश्यले यस नगरपालिकाले समय समयमा देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सव संचालन गर्ने गरेको छ । आ.व. २०७९/०८० मा समेत यस नगरपालिकाले राष्ट्रिय स्वाधिनताको लागि राष्ट्रिय अर्थतन्त्र, राष्ट्रिय अर्थतन्त्रको लागि औद्योगिक तथा व्यापार विविधिकरण भन्ने मुल नाराका साथ महोत्सव संचालन गरेको थियो । यसरी संचालित व्यबसाय मार्फत कृषि, पशु, पर्यटन, उद्योगलगायत आर्थिक विकासका क्षेत्रमा आवश्यक लगानी हुन सकेमा आर्थिक वृद्धिले गति लिन सक्दछ । हाल यस

नगरपालिकामा १३७८ वटा व्यापार व्यवसायहरू संचालनमा आएको पाईन्छ। तथापि, भारतको खुला सीमा, खुल्ला भन्सार नीति भएको कारण धैरै उद्योगी व्यवसायीहरू समस्यामा परेकाछन भने बिचौलिया र घुमन्ते ब्यापारीले समेत संस्थागत व्यापारलाई अप्ठेरोमा पारेको देख्न सकिन्छ।

### *२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा*

आम्दानीका स्रोतहरूमा कृषि, पशुपालन, व्यापार, नोकरी र केहि वैदेशिक रोजगारी समेत भएको देखिन्छ। तथ्याङ्कको अभावमा संख्या एकिन गर्न नसकेतापनि कृषिबाटै पालिकावासीलाई आत्मनिर्भर बनाउन र उत्पादनमा जोड्न विभिन्न खालका अनुदान तथा विउमल वितरण, हाते ट्रयाक्टर वितरण, उन्नत जातका बाख्रा, मौरीका घार, आधुनिक मासुपसल सुधार, बाली संरक्षणका सामाग्री वितरण लगायत किसानलाई प्रत्यक्ष उत्पादनसँग जोड्ने कार्यक्रम नगरपालिकामा सञ्चालनमा छन। यस्ता कार्यक्रमहरूले नगरवासीको आम्दानीमा बृद्धि गरको पाईन्छ भने स्थाई र अस्थाई दुवै किसिमका रोजगारिको सृजना समेत भएको छ। आम्दानी र रोजगारीलाई साथसाथै अगाडी बढाउन नगरपालिकाको वडा नम्बर ११ र १२ मा कृषि उपज संकलन केन्द्र स्थापना गरेर कामलाई अगाडि बढाईएकोछ। नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने र त्यसमा रोजगारी सृजना गर्ने र कृषि पेशालाई सम्मानीत पेशाका रूपमा स्थापित गराउने गरी कामको सुरूवात भएकोछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि यन्त्र, उपकरण, मल, विउ उपलब्ध गराई उत्पादन र उत्पादकत्व वृद्धि गरि समग्र कृषि क्षेत्रको दिगो एवमं आत्मनिर्भर र व्यवसायिक कृषि क्षेत्रको विकास गरिएको छ। यसबाट ३ सय ५० परिवार लाभान्वित भएका छन्।

बैंक क्षेत्रतर्फ यस नगरपालिकामा हेर्दा देवदहको खैरेनीमा रहेको गरिमा विकास बैंक, कामना सेवा विकास बैंक, ग्लोबल आइएमई बैंक,एनआईसी एसिया बैंक लगायत राष्ट्रिय स्तरका वाणिज्य बैंक १० वटा, लघुवित्त ७ र विकास बैक ४ वटा गरी कुल २१ वटा वित्तीय सेवा प्रदान गर्ने गरिरहेकाछन। यी बैंकहरूले कृषि, उत्पादन, निर्माण, मेसिनरी, यातायात उत्पादन तथा जडान, यातायात, सञ्चार, व्यापार, उद्योग लगायत विभिन्न क्षेत्रमा लगानी गरेका छन। बैंकिङ्ग क्षेत्र तर्फका सूचकहरूलाई हेर्दा वित्तीय संस्थाहरूमा नगरपालिकाका सतप्रतिशत जनताहरूको पहुंच पुगेको स्थिति देखिन्छ। यहाँ ७९ प्रतिशत परिवारहरूको वैंकिङ खाता रहेको पाईयो।

### *२.२.५ सहकारी*

राज्यले प्रदान गर्ने सुलभ कर्जाका लागि बैकमा नागरिकको पहुँच नपुग्ने भएकोले सहकारीको माध्यमबाट सुलभ कर्जा प्रवाह गरी व्यवसाय तथा रोजगारीमा नागरिकको पहुँच बढ्न गएको पाईन्छ। यस नगरपालिकामा कार्यरत सहकारीहरूले उत्पादन क्षेत्रमा लागेका कृषक अथवा व्यबसायीहरूलाई सुलभ कर्जा उपलब्ध गराई रहेकाछन। यस्ता कर्जाहरूमा स्वालम्वन कर्जा, उद्यम कर्जा, महिला उद्यमी कर्जा प्रमुख छन। यस नगरपालिकामा स्थापना भएका सहकारीहरू विभिन्न प्रकृतिका भएपनि सहकारीले गर्ने लगानीको क्षेत्र भने एउटै पाइएको छ। अधिकांश सहकारी संस्थाहरूले व्यवसायमा ऋण लगानी गर्ने गरेका छन्। त्यस्तै, घर जग्गा खरिद र हायर पर्चेजमा पनि यी संस्थाले ऋण लगानी गरेको तथ्यांकले देखाएको छ। कुल ऋण लगानीमध्ये अधिकांश सहकारीले ६० प्रतिशत व्यवसाय र बाँकी ४० प्रतिशत मात्र अन्य क्षेत्रमा लगानी गरेका छन्। यस नगरपालिकामा कार्यरत सहकारी संख्या ४० रहेकाछन, जहा २४० भन्दा बढी जनशक्तिले रोजगार पाईरहेको देखिन्छ। तथापि, कर्जा प्रवाहका लागी योग्य सहकारीहरू जम्मा ८८ प्रतिशत देखिन्छन। नगरपालिकामा कार्यरत सहकारीहरूमा यस नगरपालिकाको १२ प्रतिशत जनसंख्या सहकारीमा आवद्ध रहेको पाईयो। यस्तै यी सहकारीहरू मार्फत हालसम्म नगरपालिकाका ४५० जनाले सिपयूक्त तालिम प्राप्त गरेका छन।

## २.३ सामाजिक विकासको अवस्था

विकासको अवस्थालाई मापन गर्ने, त्यसलाई महसूस गर्ने र त्यसको सहज उपयोग गर्न सकिने अवस्थाको सिर्जना सामाजिक विकासवाट मात्र संभव रहन्छ। सामाजिक विकास ज्यादै व्यापक अर्थमा प्रयोग हुने अवस्था हो। यस भित्र समयानूसार विभिन्न विषयगत क्षेत्रहरूलाई समेटिएको हुन्छ। जस्तै शिक्षा, स्वास्थ्य आदी आदी वाहेकपनि अन्य कतिपय

यस भित्र रहन्छन । देवदह नगरपालिकामा हाल सम्म संचालित तथा विकसित सामाजिक विकासको अवस्थालाई यसभित्र समेटिएका छन ।

### *२.३.१ स्वास्थ्य तथा पोषण*

स्वास्थ्य जनसंख्या तर्फ नीति तथा कार्यक्रम अनुरूपनै अति विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम सुरू गरिएको छ। स्वास्थ्य संस्थाहरूबाट दिईने सेवाहरू प्रतिकारात्मक सेवा, प्रबर्धनात्मक सेवा, उपचाररात्मक सेवालाई व्यवस्थित गर्दै गईएकोछ । देवदह नगरपालिकाले गर्भवती, सुत्केरी र शिशुको स्वास्थ्य स्याहार तथा पोषण कार्यक्रम सफल पारेको छ । नगरपालिकाभित्रका सबै स्वास्थ्य केन्द्र र अस्पतालबाट सबै वडामा गर्भवती महिला, सुत्केरी तथा नवजातशिशु स्याहार तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरी कुपोषण न्यूनीकरणमा समेत पहिलो चरणको काम शतप्रतिशत सफल भएको छ । हाल गर्भवतीको स्वास्थ्य परीक्षण, सुत्केरी गराउने र आमा तथा नवजात शिशु स्याहारकालागि बाहिर जानुपर्ने अवस्थाको अन्त्य भएको छ । मातृशिशु मृत्यूदर घटाउने र स्वस्थ मानव सहर बनाउने उद्देश्य नगरपालिकाको रहेकोछ ।

यस नगरपालिकामा स्वास्थ्य सेवामा ८० प्रतिशत जनताको पहुँच रहेको देखिन्छ । विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पताल जाने जनसंख्या ४० प्रतिशत रहेका छन भने आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच भएको जनसंख्या ५० प्रतिशत भएको देखिन्छ । सवै वार्डहरूमा पूर्ण मात्रमा खोप पुगेकोछ । चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला ३४.४ प्रतिशत रहेका छन । जसमध्ये ३५ प्रतिशत गर्भवती महिलाहरूले स्वास्थ्य संस्थामा प्रसुति गराउने गरेका छन । कुपोषणतर्फ २ बर्ष मुनिका बालबालिकाहरूमा कुपोषण दर २ प्रतिशत रहेको छ । स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि स्वास्थ्य चौकी – ३, सामुदायिक स्वास्थ्य ईकाई – १, शहरी स्वास्थ्य केन्द्र- १, गाउँघर क्लिनिक – ११, खोप क्लिनिक – १३ र निजी अस्पताल तथा नर्सिंग होम – १ वटा रहेका छन । हाल देवदह नगरपालिकामा १० शैय्याको देवदह नगर अस्पताल सञ्चालनमा आएको छ।

### *२.३.२ शैक्षिक विकास*

यस नगरपालिकाको शैक्षिक अवस्थालाई विश्लेषण गर्ने गर्दा जनसंख्याको कुल ८० प्रतिशत साक्षर, जसमध्ये पूरूष ८८ प्रतिशत र महिला ७२ प्रतिशत रहेका देखिन्छन । प्राथमिक तहको खुद भर्नादर ९६.८२ प्रतिशत, उच्च शिक्षाका लागि २ वटा क्याम्पस, अनुमती प्राप्त जम्मा विद्यालय संख्या ५० वटा, वालक्लव गठन भएका विद्यालय १२ वटा, वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, खेलकुद मैदान, घेरावार, फर्निचर) सवै विद्यालयहरूमा उपलब्ध भएको देखिन्छ । यस्तै सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात (आधारभूत) ३१.७ प्रतिशत, र माद्यामिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात ७३.७ प्रतिशत रहेको छ । नगर शिक्षा ऐन तथा कार्यविधी तयार गरी आवश्यकता र औचित्यका आधारमा सामुदायिक विद्यालयको समायोजन एवम् एकीकरण तथा शिक्षक दरबन्दी मिलान गरेको देखिन्छ । शिक्षक दरबन्दी मिलान गर्दा पनि संचालित कक्षा, शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक न्यून भएका विद्यालयहरूमा शिक्षक अनुदानको व्यवस्था गरिएको छ। सामुदायिक विद्यलायको शिक्षामा पहुँच बृद्धी गर्न, टिकाउ र गुणस्तर सुधारको सुनिश्चिततामा जोड दिईएको छ । सामुदायिक विद्यालयमा गरिव, विपन्न र आर्थिक अवस्था कमजोर भएकाले मात्र पढ्ने शिक्षालय भन्ने जुन मान्यता छ त्यसलाई भत्काएर सबैका लागि सम्मान गर्ने खालको सामुदायिक विद्यालय बनाउने प्रयासमा नगरपालिका कार्यरत छ ।

प्रारिम्भक वालविकास केन्द्रहरूलाई आवश्यकता र औचित्यका आधारमा नयाँ थप, बिस्तार, समायोजनका काम भएका छन्। यसका अलावा देवदहमा लुम्बिनी बौद्धविश्वविद्यालय स्थापनाको प्रक्रिया अघि बढेकाले विश्वविद्यालय स्थापनासँगै यहाँको विकासले थप गति लिने कुरामा विश्वास गर्न सकिन्छ ।

### २.३.३ खानेपानी तथा सरसफाई

यस नगरपालिकामा खानेपानीका प्रमुख स्रोतहरूमा परम्परागत रूपमा निर्माण गरिएका कुँवा, हाते पम्प र पाईपबाट वितरण गरिएको खानेपानीका स्रोतहरू रहेका छन् । व्यवस्थित तथा स्वच्छ खानेपानीमा पहुंच भएको जनसंख्याको हिस्सा कम भएको देखिन्छ । यहां आधारभूत खानेपानीको पहुंच भएको घरपरिवार ९५ प्रतिशत छ भने निजी धारा प्रयोग गर्ने घरपरिवार ४० प्रतिशत छ । यहां ९४ प्रतिशत घरपरिवारको आधारभूत चर्पी सुबिधा छ ।

सन २०१७ सम्म नेपाललाई खुल्ला दिसामुक्त देश घोषणा गर्ने राष्ट्रिय संकल्प अनुरूप नेपालका विभिन्न नगरपालिका, र जिल्लाहरूले आ–आफ्नो क्षेत्रलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने कार्य विगत केहि बर्षदेखि तिब्रताका साथ भईरहेको छ । उक्त अभियान अनुरूप यस देवदह नगरपालिका नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णय अनुसार खुलादिसामुक्त नगर घोषणा भएको हो । यस अभियानमा चरङ्गे खानेपानी, भुमिगत खानेपानी चरङ्गे, रम्बादेवि खानेपानी चरङ्गे, भलुही खानेपानी, बुद्धनगर सामुदायिक वन, अल्की सामुदायिक वन लगायतका संस्थाहरूले सहयोग गरेका थिए । हाल यस नगरपालिकाका सवै १२ वटा वडाहरू खुल्ला दिशामुक्त घोषणा भएका छन भने सवै वडाहरूमा फोहोर व्यवस्थापन भएको पाईन्छ । तथापि ६५ प्रतिशत घरधुरीहरूले मात्र घरायसी फोहोर मैला व्यवस्थापन गरेको पाईन्छ । नगरपालिकाको विशेष गरी बजार क्षेत्रमा निर्मित १२ वटा सार्वजनिक शौचालयहरू रहेका छन । यस नगरपालिकामा खानेपानीका ४ हजार ३ सय उपभोक्ता रहेका छन । शौचालयको रूपमा अझसम्म पनि ६ प्रतिशत घरहरूमा चर्पी छैन भने बाँकी घरहरूमा चर्पी छ जसमा फ्लसयुक्त शौचालय ४० प्रतिशत मात्र छन ।

तथापि, यस नगरपालिकामा खानेपानीको गुणस्तर र वितरण प्रणाली भने कमजोर रहेको पाईयो । उपलब्ध तथ्यांक अनुसार, खानेपानीको रूपमा ट्युववेल ६० प्रतिशत, धारा, पाइपबाट ४० प्रतिशत छ । सबै खानेपानीका श्रोतहरू मध्ये सम्पूर्ण जनसंख्याले प्रयोग गर्ने मध्ये ७१% र विपन्न समुदायले प्रयोग गर्ने मध्ये ९१% खानेपानीमा अद्यापि सरसफाईको कमि रहेको पाईएको छ । खानेपानी वितरण लाइनहरू मध्ये २५% मात्र पूर्ण रूपमा काम गर्ने अवस्थामा रहेको र ४०% लाई ठुलो मर्मतको आवश्यकता रहेको छ। २०% सामुदायिक विद्यालयहरूमा सुधारिएको खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध छैन, साथै थप १९% मा पुरूष र महिलाका लागि छुट्टाछुट्टै शौचालय र सरसफाइको सुविधा नरहेको पाईयो ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नगरपालिकाको जनसंख्याको ठुलो हिस्सा ओगटेको महिला तथा बालबालिकाहरूको विकासका लागि विशेषगरी तिनीहरूको सामाजिक, आर्थिक तथा स्वास्थ्यको स्थितीलाई सुधार गर्दै सक्षम नागरिकको विकास गर्ने सोंचलाई प्रमूख प्राथमिकतामा राखि देवदह नगरपालिकाले विभिन्न गतिविधिहरूलाई प्राथमिकताका साथ अगाडी वढाएको छ । यस्का अलावा, आर्थिक क्षेत्रमा महिलाहरूको पहुंचलाई अगाडी वढाउन र महिला तथा बालबालिकाको सुरक्षाको ग्यारेन्टी घरबाटै हुनुपर्ने नीति यस नगरपालिकाले लिएको छ । तथापि, बेरोजगारीको अवस्थाको कारण महिला तथा बालवालिकाको सुरक्षा समुदायमा कमजोर रहेको पाइन्छ । यस नगरपालिकाको विकासको क्रमलाई नियाल्दा अन्य क्षेत्रहरू सरहनै यहां पनि महिला र वालवालिकाको अवस्था अपेक्षाकृत कमजोर नै देखिन्छ । करिव करिव, वरावर संख्यामा रहेका महिला पुरूषको तथ्यांकलाई आधार मानी १ कक्षादेखि ५ कक्षा सम्म अध्ययनरत विद्यार्थीको संख्यालाई हेर्ने हो भने संख्यामा खासै फरक नरहेको देखिएता पनि महिला पुरूषको शिक्षा आर्जन गर्ने वाल्यवस्थाको अवसरमा ठूलो भिन्नता देखिन्छ । वडागत जनसंख्याको महिला पुरूषको अनुपात हेर्दा वडामा महिलाको जनसंख्या पुरूषको भन्दा बढी देखिन्छ । लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिलामा ८४ पुरूषको संख्या देखिन्छ । यो नगरपालिकाले बालश्रम मुक्त क्षेत्रको रूपमा काम गरेको पाईन्छ, जस्ले गर्दा नगरपालिका भरमै बालश्रम न्यूनीकरण हुँदै गएको देखिन्छ । तथापि, विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरूको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रबर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुर्याउने जस्ता योजनाहरु पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । सामाजिक समावेशीकरणका सूचकहरूलाई हेर्दा यस नगरपालिकामा

महिला साक्षरता ७२ प्रतिशत, घरेलु हिंसाको न्यूनीकरण २५ प्रतिशत, नगरपालिका विभिन्न समतिमा नीति निर्माण तहमा महिलाहरूको सहभागिता ४२ प्रतिशत, उपभोक्ता समितिमा महिला र लक्षित समुदायको प्रतिनिधित्व ४२ प्रतिशत, र नगरपालिका विभिन्न समितिहरूमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व ४३ प्रतिशत, रहेको देखिन्छ । यस्तै, बालबालिकाहरूको सहभागितातर्फ हेर्ने हो भने हाल सम्म नगरपालिका नीति निर्माण तहमा बालबालिकाहरूको सहभागिता भएको पाईएन तथापि, वाल अधिकार प्रति अभिभावक एवं बालबालिकामा चेतना वद्धि ७५ प्रतिशत रहेको पाईयो। सामाजिक सुरक्षमा आबद्ध जनसंख्या ११ प्रतिशत, विद्यमान नीति निर्माणमा दलितहरूको सहभागीता २० प्रतिशत, उपभोता समितिहरूमा दलितहरूको संलग्नता १० प्रतिशत र रोजगारीमा सरकारी तहमा दलित समुदायको पहुंच ९ प्रतिशत रहेको पाईयो।

### *२.३.५ युवा, खेलकुद तथा कला*

नगरपालिकाले युवाहरूलाई उद्यमी तथा स्वरोजगार बनाउनका लागि वार्षिक रूपमा बजेट बिनियोजन गरी यूवा रोजगारीको विषयलाई निकै महत्वका साथ हेरेको पाईन्छ । हाल नगरपालिकामा सूचीकृत बेरोजगारहरूमा करिब ९० प्रतिशत महिला रहेको देखिन्छ। लक्षित समूहका युवाहरूलाइ उधमशिलताकालागि प्रेरित गर्ने उद्देश्यले नगरपालिका भित्रकै सफल युवाहरूद्वारा सहजीकरण गर्दै सीमान्तकृत, पढाई छोडेका, अवसरबाट पछी परेका युवाहरूको क्षमता अभिबृद्धि गर्दै युवासञ्जालको माध्यमबाट स्थानीय रोजगारीमा युवाहरूलाई पुऱ्याउने विभिन्न कार्यक्रमहरू सन्चालन गर्दै आएको देखिन्छ।

यसका अलावा, खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने, नगर भित्र खेलकुद संचालन गर्ने सबै संघ-संस्था, निकायहरू वीच समन्वय गरी खेलकुद विकास गर्ने योजना बनाई लागु गर्ने तथा खेलकुद विकास गर्न सघाउ पुर्याउने, खेलकुद विकासले समाजमा अनुशासित, गतिशील नागरिक तयार गर्न खेल संस्थाको विकास गर्ने, खेलकुदको गतिविधिलाई संस्थागत रूपमा विकास गर्दै लैजाने, खेलाडी प्रशिक्षण र प्रतियोगिताका असरहरू लाई विकेन्द्रीकरण गर्दै समानुपातिक विकास गर्ने, र खेलकुद लाई जनजीवनको अभिन्न अङ्ग बनाई जनसहभागितामा वृद्धि गर्ने र समाज रूपान्तरणकालागि युवाहरूको परिचालन गर्ने उद्वेश्यले देवदह नगरपालिकाले विभिन्न खेलकुदको प्रतियोगिता गर्दै आईरहेको छ । जस्तै उद्योग व्यापार मेला, कृषि तथा पर्यटन महोत्सवमा संचालित खुल्ला पुरूष भलिवल प्रतियोगिता, नगरस्तरीय अन्तर-मावि खेल प्रतियोगिता, सहीद दुर्गा तिवारी स्मृति व्याडमिन्टन प्रतियोगिता, लियो देवदह हाफ म्याराथन प्रतियोगिता, देवदह वार्ड कप सेभेन-ए साईड फुटबल प्रतियोगिता, क्रिकेट प्रतियोगिता र अभ्यासका लागि टफ विकेट पिच निर्माण गरिएको छ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

नगरपालिकाको समग्र विकास कृयाकलापहरू संचालन गर्न पूर्वाधार एक महत्वपुर्ण आधार हो, यसैका माध्यमवाट व्यवस्थित सहरी विकासको संभावना उजागर हुन्छ । सडक यातायात विशेषगरी राष्ट्रिय राजमार्ग, जिल्ला सडक, नगरपालिका स्तरीय सडक र स्थानीय वस्तिहरू सम्म पुग्ने सडहरू नै यस नगरपालिका मुख्य यातायातका साधनहरू हुन्। यस नगरपालिकाका सवै वडाहरूमा सडक यातायात, सन्चार, विद्युतको सुविधा रहेको छ । प्रमूख सडकहरूमा पक्की पूलहरू तथा कल्भर्ट आदिको व्यवस्था गरिएको छ। यद्यपी यी सवै साधनहरू प्रयाप्त नरहेको अवस्था विद्यमान छ।

कृषि, पर्यटनको प्रचुर सम्भावना बोकेको देवदहमा, नगरको सडक सञ्जाल, एक उद्यान एक पहिचान, नगरको पर्यटन गुरूयोजना निर्माण, कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको कार्यान्वयन, अव्यबस्थित बसोबास क्षेत्रमा लगत संकलन लगायतका कामहरू सुरूवात गरिएका छन । वडाका प्रशासनिक भवनहरूको निर्माण, प्रत्येक वडामा आधारभूत स्वास्थ्य चौकी भवनहरूको निर्माण, शैक्षिक संस्थाको गुणस्तर र पुर्वाधार निर्माण, पर्यटन र कृषिसँग जोडिएका महत्वपुर्ण कामहरू र यहाँका पुर्वाधार विकासका कामहरू यस नगरपालिकामा अगाडि बढेकाछन।

### *२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण*

नगरपालिकाको सबै वडाहरूमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच क्रमश वद्धि भएको देखिन्छ । यस्ले अरू सम्भावनाहरूलाईपनि बढाएको देखिन्छ । यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमश विकसित भैरहेका देखिन्छन् । यस नगरपालिकामा  अधिकांश ग्रामिण र ज्यादै कममात्र शहरी वस्तीहरू रहेका छन् । यहाँका प्रमुख वस्तिहरूमा खैरेनी, शितलनगर, घोडाहा, भलुही, मुडावास, केरवानी, सुनगौँडा, बंगला, बंगाली, पाकडी, भवानीपुर, देवीदमार, सिँगाहा, टटेरा, सेमरहवा, शिशपुर, सूर्यपूरा, हात्तीडाँडा, ढेकार, ६ नं. चोक, सिक्तान टोल, भवँरवादी, राजावारी, पेटवनिया आदि रहेकाछन । यी वस्तीहरू राजमार्ग र कतिपय सडकहरूको ठाउँमा रेखाकार रूपमा रहेका छन् भने कतिपय शहरी भाग र ग्रामीण क्षेत्रमा पनि एकत्रित बस्तीको रूपमा रहेको पाइन्छ । विशेष गरी शहरी क्षेत्र खैरेनी बजारमा गुचुमुच्च रूपमा बस्ती बसेको छ भने कतिपय ग्रामीण बस्ती विशेष गरी थारू समुदायमा बस्ती एकत्रित गुचुमुच्च छन् । जसमध्ये शिसपुर, बसन्तपुर आदि पर्दछन् । अन्य क्षेत्रमा छरिएको रूपमा बस्ती रहेको छ । शहरी क्षेत्रमा पक्कि ढलान गरिएका घरहरूको वहुलता भएका वस्तीहरू छन् भने ग्रामीण क्षेत्रमा बढी मात्रामा सिमेन्टको प्रयोग गरिएका घरहरू छन् । कतिपय क्षेत्रमा माटो, इंटा, ढुङ्गाको प्रयोग गरी घर बनाइएका छन् । छानाको रूपमा धेरै जसो जस्ताको प्रयोग गरिएको छ भने फुसको, टायलको पनि प्रयोग गरिएको छ ।

नगरपालिकामा अधिकांश भू–भागबाट नगरपालिकामा बसाइसराइको क्रम वृद्धि भइरहेको र नगरपालिकाका अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादिको समयमै विकास गर्नुपर्ने देखिन्छ यो नगरपालिकामा वस्तिहरूको विकास सुगम भौगोलिक अवस्था र सुमधुर जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ । हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथै यातायातको पूर्ण सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पु¥याएको पाइन्छ । यसका साथै विभिन्न स्थानहरूमा नगरपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स–साना व्यापारिक केन्द्रको रूपमा क्रमिक विकास भइरहेको छ ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना तथा सेड र भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशित रूपले मूल्य वृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ । नगरपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र भनि प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पु¥याउने हिसावले प्राथमिकता दिनु पर्दछ । नगरपालिकामा केहि घरपरिवारहरू लालपुर्जा विहिन सुकुम्बासी भएकोले राज्यले यस्ता घरपरिवारहरूको सुनिश्चित आवासको व्यवस्था गरिदिनुपर्दछ । यस्ता भूमिहिन वर्गको समुचित व्यवस्थापन गर्नुपर्ने दायित्व नगरपालिकामा रहेको छ ।

हाल देवदह नगरपालिकाको वृहत्तर विकासकालागि ब्यवसायिक शहर बनाउने विषयमा छलफल सुरू भएको छ । नगरलाई ब्यवसायिक शहर बनाउन वृहत्तर योजनाका लागि दुईवटा ठुला परियोजना तयारीकालागि छलफल थालिएको हो । देवदह नगरपालिकाको आयोजना र शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा एकीकृत शहरी विकास योजना तयारी सम्वन्धी देवदहमा छलफल भईरहेको छ । नगरका तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजनाहरूको खोजी गर्ने र त्यसलाई मुलरूप बनाएर परियोजना निर्माण गर्ने विषयमा जोड दिन आवश्यक छ ।

### *२.४.२ सडक, पुल तथा यातायात*

देवदह नगरपालिकाको सडक सञ्जाल पूर्व-पश्चिम राजमार्ग हुदै देशको पश्चिम सिमाना महाकाली, दक्षिणी सिमाना सुनौली भैरहवा, प्रशिद्ध शहर बुटवल, राजधानी काठमाण्डौ लगायत अन्य क्षेत्रसँग जोडिएको छ । तथापी, यस नगरपालिकाको सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छैन । जसका कारण नगरपालिकाका बिभिन्न भेगहरूमा उत्पादन हुने खाद्यान्न, दलहन, फलफुल, दुग्ध उत्पादन आदि वस्तुलाई बजारसम्म पुर्याउन असहज देखिन्छ । नगरपालिका क्षेत्रभित्र पर्ने सडकहरूको कालोपत्रे गर्नुपर्ने देखिन्छ ।  एकीकृत शहरी विकास आयोजना जस्तै जग्गा एकीकरण, वाटोको मापदन्ड, खानेपानी, ढल, सिचाइ, विद्यालय, उद्यान, खेलकुद मैदान आदिलाइ एकिकृत योजनाको रूपमा अगाडी वढाइनु पर्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ । यहाँ यातायात साधनको उपयोग हेर्दा साईकिल, मोटरबाईक, बस, जिप, ट्रयाक्टर, ट्याक्सी, माईक्रो बस लगायतका यातायातका साधन दैनिक रूपमा सञ्चालन हुने गरेको पाइन्छ । नगरपालिकाका सवै क्षेत्रहरूमा सार्वजनिक सवारीको प्रयोग सीमित मात्रामा हुने गरेको पाइन्छ ।

तथ्याङ्कमा देवदह नगरपालिकालाई हेर्दा कालो पत्रे सडक लम्बाई ९१.७४ कि.मि., कुल सडकको लम्बाई ४०५ कि.मी, पिच सडकको पहँच भएका वडा संख्या र नगरपालिका केन्द्रसँग बाह्रै महिना यातायात जोडिका वडा १२ वटै रहेका छन । यस्तै नगरपालिकाका ४८ वटा वस्तिहरूमा  सार्वजनिक यातायात नियमित संचालन हुने गरेको पाईयो भने वडा केन्द्रसँग बाह्रै महिना यातायात जोडिका ११५  वटा वस्तिहरू रहेका छन । घर धुरीबाट सेवा लिन जान लाग्ने औषत समय १ घन्टा रहेको छ, सडकहरूमा पक्कि पुलको संख्या ९ वटा र नगरपालिका भित्र प्रविधि तथा यातायतको पहुँच भएको बजारको संख्या साना र ठुला गरी २० वटा रहेका छन ।

### *२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा*

नगरपालिकाको क्षेत्र भरी विद्युतीकरण गरिएको छ । करिब ९५ प्रतिशत घरहरूमा रष्ट्रिय प्रशारणबाट विद्युतीकरण गरिएको छ । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतीकरणमा व्यापक विकास भई नगरपालिकामा विद्युतको पहुँच लगभग सतप्रतिशत देखिन्छ भने विद्युत सेवाको पहुँच नपुगेको परिवारहरू नगन्य रहेको देखिन्छ एल.पी. ग्याँस ७२ प्रतिशत, बैकल्पिक उर्जा प्रयोग गर्ने ४ प्रतिशत र अन्यमा दाउरा, विद्युत, मट्टितेल, गुइँठा आदिको प्रयोग गरिएको छ ।

### *२.४.४ सूचना, सञ्चार तथा प्रविधि*

यस नगरपालिकामा सामुदायिक सञ्चार अभियानद्वारा सञ्चालीत सामुदायिक रेडियो देवदह १०६.६ मेगाहर्ज लगायत विभिन्न अन्य स्टेसनहरू वुटवल तथा अन्य शहरहरूबाट नै सिधा प्रशारण हुन्छन् । यसका अलावा  नगरपालिकामा NTC, World Link, Vianet आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्याउँदै आइरहेका छन् विभिन्न केवल नेटवर्क तथा सेटलाइट च्यानल जस्तै डिसहोम आदिद्वारा नगरपालिका बासीहरूले मनोरन्जनात्मक टेलिभिजन कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ । नगरपालिकामा अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपालको साथै स्थानीय एफ.एम. पनि प्रसारण हुने गरेको पाईन्छ । जसबाट नगरपालिकाका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेका छन् । सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका ९०  प्रतिशत घरधुरीको इन्टरनेटको सुविधासंग पहुंच रहेकोछ भने ७० प्रतिशत नागरिक मोबाइल प्रयोगकर्ता रहेका छन । यहाँ २ वटा अनलाईन समाचारहरू समेत रहेक छन । यस्तै १२ ओटै वडाहरूमा मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । नगरपालिकाको केही क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुर्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो भएको देखिन्छ ।

### २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

उत्तरमा पाल्पा जिल्लाको पहाडी भाग र चुरे पहाडको लमतन्न भूभागसँग यो नगरपालिका वन, वन्यजन्तु तथा

जैविक विविधताको दृष्टिकोणले निकै धनी रहेको छ । दक्षिणमा कृषियोग्य फाँट भएको यस क्षेत्रमा विभिन्न जातका बोट बिरूवाहरू, जडिबुटी, गैरकाष्ठ वन पैदावार, चराचुरूङ्गी, स्तनधारी तथा सरिसृप जीव लगायत अन्य जलचर थलचर प्राणीका साथै वस्पतीले पनि आश्रय पाएका छन् । यहाँ उष्ण (Tropical) र उपोष्ण (Sub-Tropical) प्रदेशीय साल, असना, कर्मा, जामुन, खयर, सल्ला लगायतको वन रहेको छ भने उत्तर तर्फ ससाना वनक्षेत्रहरू रहेका छन । यहाँका बासिन्दाको आर्थिक अवस्थामा योगदान पुर्याउने उद्देश्य राखि सामुदायिक वनहरू संचालनमा छन । तथापी, यसबाट दैनिक आवश्यकता भन्दा व्यवसायतर्फ  हालसम्म खासै योगदान पुग्न सकेको छैन । यसका अलावा बिना योजना निर्माण गरिएका र ट्रयाक खोलिएका सडकका कारण बिशेषगरी बर्षा याममा पहिरो  बाढीका कारण धनजनको क्षति हुने गरेकोछ । वन तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र वातावरणीय सुधार गर्ने र स्थानीय मानिसहरूलाई वनबाट प्राप्त हुने आर्थिक लाभ बढाउन र बिपद प्रतिकार्यमा समुदायमा सचेतनता र संलग्नता बढाउन यस योजनाको रणनीतिक लक्ष्य रहेको छ ।

### *२.५.१ वन तथा जैविक विविधता र भूसंरक्षण तथा जलाधार व्यवस्थापन*




देवदह नगरपालिकामा पनि राजमार्गदेखि उत्तरतर्फ घना जङ्गल रहेको छ । ती वनमा रहेका विभिन्न किसिमका वनस्पतिहरूको अध्ययन, अनुसन्धान हुन जरूरी छ । यसैगरी वन क्षेत्रभित्र रहने किराफट्याङ्ग्रा, घस्रने जीवजन्तु, विभिन्न पुतलीहरू साथै ठुला जनावरहरू समेत रहेका छन । तर, यसको व्यवस्थित अध्ययन अनुसन्धान हुन सकेको छैन । यहाँको भूधरातल हेर्दा १५० मिटरसम्मको भूभागमा समतल भाग छ, जहाँ बस्ती र खेती गरिएको छ भने जङ्गल भएको क्षेत्र पनि फाँडेर बस्ती बसेको छ । केही संरक्षित बनको रूपमा रहेका ठाउँमा घना वन क्षेत्र रहेकोछ । १५० मिटरदेखि ५०० मिटरसम्मको उचाइको क्षेत्रमा पहिले नै फडानी गरी बस्ती र खेती गरिएका केही क्षेत्र बाहेक अन्य क्षेत्रमा घना किसिमको जङ्गल रहेको छ । त्यसै गरी चुरेको पहाडी भागमा प्रायः घना केहि मिश्रित खालका वनस्पति रहे पनि सदावहार किसिमको बनको नै बहुलता रहेको छ । यहाँको वनमा साल, अस्मा, बाझी, जामुन, केमुन, कुम्भी, बोडधाइरो, जिंगड, कर्मा, कुसुम, विजयसाल, सत्तीसाल, पानन, महुवा, वकललेडी, राजवृक्ष, हात्तीपाइले, कुटमेरो, रोहिणी, पियारी, भुलामा आदि रूख पाइन्छन् भने गैह्रकाण्ठमा हर्रोबर्रो, विडिपत्ता, कडिपत्ता, कुकुरडाइना, घोडताप्रे, सर्पगन्धा, शिकारी, लहरा, भोर्ला, चीउरी, गीठा, पिपला, गुजरगानो आदि पाइन्छन् ।

नगरपालिका क्षेत्रको जङ्गलमा विभिन्न किसिमका वन्यजन्तुहरू जस्तै वन विरालो, बँदेल निलगाई, खरायो, स्याल, ढेडु, बाँदर, लोखर्के, न्याउरीमुसो, चमेरो, हरिण, चितुवा, बाघ, भालु, आदि पाइन्छन । यस्तै, घस्रने जीवमा सर्प, गोहोरो, अजिङगर, छेपारो लगायत चराचुरूङ्गीमा जुरेली, लाहाँचे, सुगा, मजुर, वनकुखुरा, डाङ्ग्रे, कोइली, गिद्ध, भँगेरा, ढुकुर, काग, चील, मैना लोटोकोसेरो आदि रहेका छन्। तसर्थ विभिन्न किसिमका ससाना किरा फट्याङ्ग्रादेखि ठूला ठूला जीवका साथै विभिन्न किसिमका वनस्पतिले गर्दा जैविक विविधता पनि रहेको छ ।

यस नगरपालिकामा रूख विरूवाले ढाकेको वा हरियाली वा वन क्षेत्र ३०४४  हेक्टर, वनमा आधारित उद्योग तथा व्यवसाय २४ वटा, र वन जन्य उद्योग तथा व्यवसायमा रोजगारी ५०० जनाले पाइका छन । यस्तै  ४५ वटा  संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्रहरू रहेका छन । वृक्षरोपणबाट संरक्षित गरिएको वन क्षेत्र ६४० हेक्टर, व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र ३५ हेक्टर, जैविक विविधतायुक्त क्षेत्र १५०० हेक्टर, सक्रिय सामुदायिक तथा कवुलियती वन समुह ३५

वटा, कृषि वन समुह २ वटा, संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र ५ वटा रहेका छन । यस्तै ९ वटा संरक्षण पोखरीको निर्माण, १८ हेक्टर जोखिममा परेको वन क्षेत्रको संरक्षण र ९ कि.मि. नदी खोला किनार संरक्षण व्यवस्थापन गरिएको छ ।

### *२.५.२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन*

जलवायु परिवर्तनका असरहरू यस नगरपालिकामा देखापर्न थालिसकेका छन् र बढ्दै पनि गइरहेका छन । यसको न्यूनीकरण र अनुकूलन कार्यमा सीमितता रहेकोले क्षति तथा नोक्सानी हुनबाट मानवीय तथा प्राकृतिक श्रोतलाई सम्बोधन गर्ने नगरपालिका दृष्टिकोणको आवश्यकता छ । वढदो सहरीकरण र वसाईसराईको चापका कारणले यहाँ फाहोरमैला व्यवस्थापन तथा प्रदुषणको चुनौती दिनप्रतिदिन बढदै गईरहेको छ । वातावरण संरक्षणमा परेका विभिन्न विश्वसम्पदा तथा स्थानहरूको संरक्षणको समस्या रहेको छ । नगरपालिकाको उत्तरमा रहेका संवदनशिल चुरे क्षेत्र हुने प्राकृतिक श्रोतको अनियन्त्रित प्रयोगले वातावरणमा झन चाप बढेको छ । जलवायु परिवर्तनका कारण विपदका नयाँ रूप र जोखिम थपिदै गएका छन ।

फोहोर व्यावस्थापनकालागि देवदह नगरपालिकाले बुद्ध सामुदायिक वन क्षेत्रमा डम्पिङ्ग साईटको व्यवस्था गरेको छ । नगर क्षेत्रवाट फोहोर संकलन गरी नजिकैको बुद्ध सामुदायिक वन क्षेत्रमा अव्यवस्थित तवरले फाल्ने गरेका कारण दुर्गन्ध फैलिंदै गएको स्थानीयबासीको गुनासो छ । दैनिक रूपमा निस्केको फोहोर फाल्ने ठाउँलाई नगरपालिकाले उचित व्यवस्थापन नगर्दा र फोहोर लैजाने सवारी साधनले समेत बाटोमा फोहोर झार्दै जाने गरेका कारण दुर्गन्ध फैलिंदै गएको छ । यसकालागी फोहोर व्यवस्थापनको दीर्घकालिन योजना बनाएर काम गर्न अनिवार्य भएको देखिन्छ । फोहोरलाई मोहरमा परिणत गर्न कुहिने र नकुहिने फोहोरलाई छुट्याउने गरी कामको सुरूवात गर्न जरूरी छ । तथ्याङ्कमा यस नगरपालिकाको फोहोर व्यवस्थापनलाई हेर्दा दैनिक ५०० मे. टन फोहोर मैलाको निष्काशन हुने गरेको देखिन्छ । घरधुरीको फोहोरमैला व्यवस्थापनका लागि एउटा ल्याण्डफिल्ड साईटको व्यवस्था त भएको देखिन्छ, तर त्यो व्यबस्थित गर्न जरूरी छ ।

### *२.५.३ महामारी तथा विपद् व्यवस्थापन*

देवदह नगरपालिकाको विपद्को अवस्थालाई हेर्ने हो भने भूकम्प, बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, शीतलहर, माहामारी, सर्पदंश र सडक दुर्घटना आदि मुख्य विपद  पर्दछन् । यसरी वर्षेनी घटी रहने साना ठूला विपद्को विभिन्न घटनाहरू मध्ये बाढी प्रमुख विपद्को रूपमा देखिन्छ भने हावाहुरी, आगलागी, सडक दुर्घटना, पहिरो, भू–क्षयका घटनाहरूपनि धेरै नै देखिन्छन् । उपोष्ण जलवायु रहेको यस क्षेत्रमा समथर, एकरूप र होचो धरातलीय अवस्था तथा मौसमजन्य परिवर्तनका कारण देखिने विपद्को जोखिम अनुसरको समय तालिका हेर्दा चैत्र देखि जेठ सम्म खडेरी तथा आगलागिको जोखिम रहेकोछ । बाढीको जोखिम असार देखि भदौसम्म, शीतलहरको जोखिम पौष तथा माघ, माहामारीको जोखिम जेठ देखि भदौसम्म सर्पको टोकाइ जेठ देखि भदौसम्म र जंगली जनावरबाट सबै महिना क्षति हुने गरेको देखिन्छ ।

यस नगरपालिकाको उत्तर तर्फको भू–भाग भावर र चुरे पर्वत श्रृखलामा पर्ने भएको कारणले दक्षिण तर्फको समथर भूमि भन्दा फरक अर्थात भिरालो किसिमको छ । भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको वालुवा, गेग्रानहरू समथर क्षेत्रको भूमिमा ल्याई थुपारी दिने गर्दछन् । जसले गर्दा उब्जाउ भूमिहरू दिन प्रतिदिन मरूभूमिमा परिणत हुँदै गएका छन् । यसका अतिरिक्त यहाँका अधिकांश खोलाहरू तेस्रो स्तरका अथवा चुरे पहाडमा भएको अस्थायी मूलबाट उत्पत्ति भएका छन् । मनसुनी वर्षा नै यी खोलाहरूको मुख्य पानीको स्रोत हो । यी चुरे पहाडबाट बगी भावर क्षेत्र हुँदै समतल तराईमा प्रवेश गरेका छन । यहाँका मुख्य खोलाहरूमा रोहिणी (१८.६३ कि.मी.) हो । यो नदी हाटीकोट, पोखराडाँडा, धाव आदि चुरे पर्वत शृङखलामा पर्ने स्थानबाट निस्केका खोला खहरे मिली बनेको छ । त्यसै गरी अन्य खोलाहरूमा वेरूवा (७.०४ कि.मी.), ज्यामिरे खोला (७.९३ कि.मी.) भलुही (.१२.८४ कि.मी.), सरन खोला (१२.९ कि.मी), घोडाहा खोला (६.६२ कि.मीं), खहरे खोला (१८.२ कि.मी) आदि छन । वर्षातको समयमा यी खोलाहरूमा बाढी आई डुवान र कटानबाट धेरै धनजनको क्षति हुने गरेको छ ।

बाढीको विपद्पछि टाईफाईड, झाडापखाला, मलेरिया, डेंगु, आँखा पाक्ने तथा छाला सम्बन्धी रोगहरू समेत बिपदको रूपमा देखा परेका छन । अनियन्त्रित बसाई सराईको कारण तराईका वन तथा चरन क्षेत्रमा व्यापक वन फँडानीका कारण माटो तथा गेग्रयान बग्न गई तराई क्षेत्रमा नदीहरूको सतह माथि आउने, तराईका नदीका किनाराहरूमा अव्यस्थित र गैरकानूनी बसोबासको बढ्दो चलन, विपद्को दृष्टिले संवेदनशीलता नअपनाई बनाईने विकासका पूर्वाधारहरूको निर्माण, आम जनमानसमा विपद् व्यवस्थापनकालागि वातावरण संरक्षण गर्न आवश्यक जनचेतना फैलाउन जरूरी छ । वन एक महत्वपूणं नवीकरणीय प्राकृतिक सम्पदा हो । यसको उचित व्यवस्थापन र सदुपयोगबाट देशको आर्थिक, सामाजिक बिकासको साथै वातावरण संरक्षण एवं ग्रामिण क्षेत्रमा बसोबास गर्ने अधिकाशं जनतालाइं अत्याबश्यक बस्तु तथा सेवा उपलव्ध गराउन महत्वपूणं योगदान पुग्न सक्दछ । बिद्यमान वन नीति र कानूनहरूले वनको दिगो व्यवस्थापन, वन सिमाकंन व्यबस्थित गनें प्रकृयाले समेत विपदको व्यवस्थापनमा सहयोग पुग्दछ ।

विपद व्यवस्थापनको लागि देवदह नगरपालिकाले न्युनतम एक करोडको कोष खडा गरी विपद व्यवस्थापनमा उपयोग गर्ने व्यवस्था पनि मिलाएको छ । तथ्याङ्कमा यस नगरपालिकाको फोहोर व्यवस्थापनलाई हेर्दा आपतकालीन केन्द्रको स्थापना भएको पाईएन भने जोखिम सम्वेदनशिल क्षेत्रको पहिचान तथा नक्साकंन भएको देखिंदैन । तर, यस नगरपालिकाको वर्षेनी बिपदबाट हुने औषत वार्षिक क्षति धन/जन ५० लाख रहेकोछ । नगरपालिकाले आगो निभाउने एउटा दमकलको व्यवस्था गरेको छ । यस्तै १२ वटै वडामा विपद जोखिम समिति गठन भएका, २० जना तालिम प्राप्त स्वमसेवकहरू रहेको, २ वटा वडाहरूमा बिपद जोखिम सम्बन्धी वडा स्तरिय समितिको गठन गरिएको छ भने २ वटा संस्थाहरूले बिपद जोखिम व्यवस्थापन सम्बन्धी कृयाकलापमा नगरपालिकासंग साझेदारी गरिरहेका छन ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

नगरपालिकाको समग्र समन्वय र विषयगत निकायहरूको सफलता विद्यमान नेतृत्वमा भर पर्दछ । जसले, सार्वजनिक उत्तरदायित्व र स्थानीय लोकतान्त्रिक पद्धतिलाई स्थानीय तहमा संस्थागत गर्ने प्रयास गरेका हुन्छन । यो बास्तवमा विकासको सफलताको प्रमुख आधार संरचना हो । यसले जनताका चासोसँग सम्बन्ध राख्ने संस्थाहरू, तिनका प्रतिनिधिहरू र ती संस्थाहरूलाई सञ्चालन गर्न जिम्मेवारी पाएका अधिकारीहरू संस्थागत दक्षता र आफ्नो दायित्वप्रति गम्भीर छन् छैनन् भन्ने प्रश्नको उत्तर नागरिकहरूका लागि स्पष्ट रूपमा दिने गर्दछ । यसका लागि संविधान, ऐन, कानुन वा स्थानीय तहहरूको कार्यसम्पादन नियमावलीमा तोकिएको कार्यभार यथार्थमा अनुसरण हुनु जरूरी छ । तथापि, व्यवहारमा यो भिन्न हुने गर्छ । नीतिगत रूपमा नगरपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतीजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत भएको पाईन्छ । यसबाट नगरको एकीकृत विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र नगर विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिवृद्धि भई विकासका प्रयासहरू व्यवस्थित, नतीजामूलक तथा प्रभावकारी हुदैं गएको स्पष्ट त छ तर संस्थागत विकास तथा सेवा प्रवाह अन्तर्गत सबै वडामा सार्वजनिक सुनुवाई औपचारिकताका लागि गरिएको हुन्छ ।

### *२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वको श्रोतहरू समेत प्रदान गरेको छ । बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा नबिनता अबलम्बन गर्न हाल सम्म नगरपालिकाले ४० वटा नीति, निर्देशिका तथा कानुनहरू बनाईसकेकोछ । यसलाई मध्येनजर गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, सँगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ ।

आर्थिक सुशासनको रेखदेखका लागि जिम्मेवारी ठहरिएको लेखा समिति बन्न सकेको छैन् । गठन भएका विधायन समिति र सुशासन समिति ४–४ पटक बैठक बसेका छन् । हालसम्म विधायन समितिले चार वटा र सुशासन समितिले ३ वटा मात्रै प्रतिवेदन बुझाएका छन् ।

नगरपालिकाबाट प्रचलित कानुन वमोजिम न्यायिक समिति मार्फत चालु आ.व.मा स्थानीय न्याय सम्पादनको कार्य प्रारम्भ गरिएको छ । न्यायिक समितिको सचिवालय स्थापना गरिएको छ भनें १२ वटै वडामा मेलमिलाप केद्र गठन भई संयोजक तोकिएको छ। न्यायिक समितिमा प्राप्त उजुरी मध्ये ९० प्रतिशत उजुरीहरु फर्स्यौट भएका छन ।

### *२.६.२ सङ्गठनात्मक विकास*

स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिबद्ध, सक्षम एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नगरपालिकाका १२ वटै वडाहरूलाई कानुन सम्मत अधिकार प्रदान गरिएकोछ । जसले संविधान प्रदत्त अधिकारहरूलाई कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरूलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन निरन्तर क्रियाशील रहेका छन् । यसका लागि नगरपालिकाको सँगठन ढाँचा तयार पारिएकोछ, तथापि क्षमता विकासका कामहरू गर्न बाँकिनै छन । यसका अलावा नगरपालिकाले कर्मचारी व्यवस्थापन र अन्तर-सरकार, निजी तथा गैर सरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिंदै आएको पाईन्छ । यस नगरपालिकाको संगठन संरचना नगरसभा, विभिन्न समिति , शाखा १२ वटा, उपशाखा ५ वटा  र २ वटा ईकाइ रहेका छन् । साथै सेवाप्रवाहका लागि १२ वटा वडा कार्यालयहरू, सेवाकेन्द्र र सेवाप्रवाह ईकाईहरू, विद्यालय, समिति आदि रहेका छन् । यस नगरपालिकामा रा.प. द्धितिय श्रेणी स्तरको प्रमुख प्रशासकिय अधिकृतको नेतृत्वमा प्राविधिक तथा अप्राविधिक गरी स्वाथ्य तथा नगर प्रहरी लगायत कार्यरत कर्मचारी १५८ जना छन् ।

यसका अलावा “नगरको विकास समूदायमा आधारित र समूदायमै नियन्त्रित” बनाउँदै लैजाने नीति अनुरूप नगरपालिकाका सवै वडाहरूमा टोल विकास संस्थाको गठन गरिएको छ ।

### *२.६.३ श्रोत परिचालन*

राजस्व प्रशासन संचालनका लागि देवदह नगरपालिकामा राजस्व इकाइ मार्फत काम कारवाहीहरू अगाडी वढाइएको छ । छुट्टै राजस्व शाखा स्थापना र आवश्यक कर्मचारीहरूको व्यवस्था गरिएको छैन । राजस्व अभिवृद्धिकै लागि राजस्व इकाइमा कार्यरत कर्मचारीहरूलाई क्षमता विकास तालिम आवश्यक देखिन्छ र लिखित रूपमा स्पष्ट कार्य जिम्मेवारी दिई जवाफदेहिता बनाउनु पर्दछ । करदातहरूलाई करका सम्वन्धमा सुसूचित गराउने संयन्त्र विकास गरिएको छैन । कर तिनुपर्ने कर रकम वारे जानकारी गराउने अभ्यास नगरपालिकावाट हुन सकेको छैन भने कर रकम वारे चित्त नवुझेमा गुनासो सुनुवाइ गर्ने संयन्त्र समेत विकास हुन सकेको छैन । राजस्व इकाइवाट राजस्व कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष्य तथा असुली व्यवस्थाको प्रभावकारी अनुगमन समेत हुने गरेको पाइदैन । तापनि, करदाताहरूको विवरण कम्प्युटर सफ्टवेयरमा अभिलेख राखिएको छ । समयमै करदाताहरूले कर भुक्तानी नगरिएमा त्यस वापतको जरिवाना लिने व्यवस्था भने गरिएको छ । नगरपालिकाको आफ्नो स्वमित्वमा रहेका स्थायी प्रकृतिका सम्पत्तिहरूको अभिलेख राख्ने गरिएको छ ।

नगरपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा प्रत्यक्ष तथा गैरकरका रूपमा सम्पत्तीकर, मालपोत, व्यवसायिक कर,  घरवहाल कर,जग्गा रजिष्ट्रेसन दस्तुर, सिफारिस दस्तुर, वहाल विटौरी, गिट्टी बालुवा जस्ता रहेका छन् । आर्थिक वर्ष २०७८/०७९ मा आन्तरिक राजश्व करिव रू.११ करोड १० लाख उठाउने प्रस्ताव गरिएकोमा लक्ष्यको आधा जति अर्थात रू.५ करोड ४० लाख ६५ हजार मात्र राजश्व प्राप्त भएको छ । यसको प्रमूख कारण करदाताको यथार्थ बिवरण संकलन हुन नसक्नु र करदाताहरूलाई करको दायरामा ल्याएर कर वुझाउने विषयमा सुसुचित गराउन नसक्नु आदि हुन । साथै वार्षिक निति, कार्यक्रम तथा बजेट बनाउदा आयको स्रोत तर्फ नपुग भएको अवस्थामा बजेट पूर्तिका लागि अनुमानित रूपमा

आन्तरिक आयमा थप गरिएको पाईएको छ तर लक्ष्य अनुसार राजश्व उठ्न नसक्दा बजेटमा बढी भार परेको देखिन्छ । कर राजस्व तर्फ देवदह नगरपालिकाले भूमिकर तथा मालपोत, सम्पत्तिकर, व्यवसायकर, घरजग्गा वहाल कर, विज्ञापन कर संकलन गरेको छ । यसरी संकलन हुँदै आएको आय शिर्षकहरूमा सवारी कर र मनोरन्जन करको सम्भावना रहेको, करदर निर्धारणसमेत भएको तर संकलन हुन नसकेको अबस्था छ । आ.व. २०७८/७९ मा प्रत्येक्ष कर तर्फ रू. ३ करोड २८ लाख ४५ हजार राजश्व संकलन गरेकोछ ।

महालेखाको प्रतिवेदन अनुसार २०७८ असारसम्म देवदह नगरपालिकाको बेरूजु झण्डै ४ करोड पुगेको छ । आर्थिक वर्ष २०७५ मा २ करोड ११ लाख ५५ हजार बेरूजु रहेको देवदहमा २०७७ मा उक्त बेरूजु बिस्तारै बढेर २ करोड ३६ लाख २५ हजार पुग्यो । तर २०७८ मा आइपुग्दा बेरूजु ह्वात्तै बढेर ३ करोड ७४ लाख ६६ हजार पुगेको महालेखाको प्रतिवेदनले देखाएको छ । उक्त तथ्यांकले देवदह नगरपालिकामा आर्थिक अनुशासन घट्दै गरेको र आर्थिक अराजकता बढ्दै गएको देखाउँछ ।

### *२.६.४ योजना व्यवस्थापन*

प्रभावकारी योजना र सेवा प्रवाहका लागि विश्वसनिय सूचनाको प्रवाह आवश्यक रहन्छ । यसकालागि नगरपालिकामा डिजिटल नागरिक वडापत्रको व्यवस्था भएकोछ । यद्यपि सेवाहरूको एकिकृत अनुगमन प्रणालीमा पर्याप्त कमि कमजोरीहरू रहेका छन । तथापी, आवश्यकताका आधारमा बनेका कानुन र तिनले दिएका अधिकारहरूलाई कार्यान्वयन तथा संस्थागत गर्न विभिन्न प्रयासहरू यस नगरपालिकामा भईरहेका छन । यसबाट नगरपालिकाले सम्पादन गरेका कार्य, कार्य सम्पादनको स्तर र गुणात्मकता, सोबाट उत्पन्न प्रभाव एवं सार्वजनिक स्रोतको उपयोगको बारेमा सरोकारवाला र अधिकार प्राप्त वर्ग माझ उत्तर दिने परिपाटीको विकास भएको देखिन्छ । तथापी, यसको प्रयोग गर्ने बित्तिकै शासन सञ्चालनमा देखिएका सबै कमी कमजोरी हट्छन भन्ने ग्यारेन्टी गर्न त सकिन्न तापनि समग्रमा आर्थिक, सामाजिक, प्रशासनिक परिवर्तन भई जनतामा परिवर्तनको अनुभूति दिलाउन र विधिको शासन स्थापना गर्दै सुशासन कायम गर्न यसलाई प्रभावकारी किसिमले कार्यान्वयन गर्ने दिशा तर्फ उन्मुख भएको देख्न सकिन्छ ।

# परिच्छेद ३ : भू-स्थानिक योजनाको सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

विगतको एकात्मक शासन व्यवस्था र केन्द्रमुखी प्रशासनलाई परिवर्तन गरी स्वायत्त शासनको अधिकार सहित शासकिय स्वरूपलाई तिन तहको संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तिन तहमा राज्य शक्तिको बाँडफाँड भएको छ। जसले, सुशासनको उपलब्धि प्राप्त गर्न र संविधान प्रदत्त अधिकार अनुरूप तिनै तहका सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्र कानुन बनाउने, वार्षिक बजेट तर्जुमा गर्ने, नीति तथा नियमहरूको बनाउन संविधानमा स्थानीय तहलाई बढि अधिकार सम्पन्न गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन तल्लो तहको सरकारलाई बलियो, सुदृढ र विश्वसनीय बनाउने, स्थानीय सरकारलाई छरितो बनाउने र परिकल्पना नेपालको संविधान २०७२ ले गरेको छ । अतः देवदह नगरपालिकाले संविधान प्रदत्त दायित्व तथा अधिकार प्रयोग गरी नगरपालिकाका विकासका समग्र पक्षहरूको बृहत्तर अध्ययन पश्चात् उपलब्ध संभावना, अवसर, समस्या, तथा बाधाहरूलाई मध्यनजर गर्दै दीर्घकालीन सोँचका साथ नगर विकास प्रक्रियालाई अघि बढाएको छ।

यो योजना नगरपालिकाको स्वयं र नगरपालिकाका सबै सरोकारवालाहरूको साझा दस्ताबेज हो। यसले नगरपालिका वासीहरूको साझा समस्याहरूको पहिचान गर्ने, भविष्यको मार्गदर्शन कोर्ने र सबै सरोकारवालाहरूसँगको समझदारीमा योजना कार्यान्वयन गर्दछ। यसले नगरपालिकाको दीर्घकालीन सोँच, नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गर्दै एकिकृत विकासकालागि भविष्यको मार्गचित्र तयार गरेकोछ । यो, योजना स्थानगत विशेषताहरूमा आधारित बहुविषयगत योजना तथा विषयगत योजनाहरूका लागि मार्गदर्शक योजना हो।

## ३.२ नगरपालिकामा विकासका प्रमुख समस्या तथा चुनौतिहरू

कृषिको उत्पादन र उत्पादकत्व न्युन हुनु, जल, जमिन तथा जङ्गल जस्ता प्राकृतिक श्रोतको समुचित उपयोग हुन नसक्नु, मानव पुंजीलाई समुचित परिचालन गर्न नसकिनु, आय आर्जन र रोजगारीका अवसरहरु न्युन हुनु, अन्तर सरकार समन्वय कमजोर हुनु, गुण सतरीय शिक्षा र स्वास्थ्यमा विपन्न बर्गको पहुंच न्युन हुनु, महिला, दलित,जनजाति, मधेशी तथा अन्य पिछडिएको बर्गको अपेक्षित विकास र निर्णय प्रक्रियामा अर्थपूर्ण प्रतिनिधित्व गराउन नसकिनु,आन्तरिक आय न्युन हुनु, नगरपालिकाबाट हुने सेवा प्रवाह प्रभावकारी हुन नसक्नु तथा सेवा सन्तुष्टि कमजोर हुनु, वातावरण प्रदुषण तथा जलवायु परिवर्तन असर अझ बढ्दै जानु आदि प्रमूख समस्या हुन।

प्राकृतिक श्रोतको दीगो र उत्पादनशिल क्षेत्रमा उपयोग गर्नु, कृषिलाई व्यबसायिकरण गर्नु, जनसंख्याको लाभलाई उच्चतम उपयोग गर्नु, औद्योगिक लगानी आकर्षित गर्नु, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सवैको पहुंच स्थापित गर्नु, समाजमा पछाढी परेका र पारिएका बर्गलाई मूल प्रवाहीकरण गर्नु, गूणस्तरीय पूर्वाधारको विकाश गरी आर्थिक गतिविधिसंग जोड्नु, वातावरणीय प्रदुषण रोक्दै विकाश र वातावरण वीच सन्तुलन कायम गर्नु, नागरिकलाई सुशासनको प्रत्याभूति दिनु देवदह नगरपालिकाका विकाशका प्रमूख चुनौति हुन।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

देवदह नगरपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना बोकेको देखिन्छ । उत्तरमा चुरे पहाड र दक्षिणतर्फ तराईको समथर भूमीको अवस्थितिले यहाँका विकाशका सम्भवानहरुलाई बढाएका छन । चुरे क्षेत्रको बनजंगल र हरियाली तथा जलाधार क्षेत्रले बनजन्य उद्योगको स्थापना, वातावरण संरक्षण, जडिवुटी, काठपैदावार र घांसको आपूर्ति, पर्यापर्यटन जस्ता सम्भावनाका ढोका खोलेका छ भनें चुरेलाई उद्गमस्थल बनाई बग्ने अस्थायी खोलानालाहरू जस्तै रोहिणी, भलुही, घोडाहा, ज्यामिरे, सरन, खहरे, त्रिसुली लगायतका

नदीले सिंचाईको सम्भावनालाई उजागर गरेको छ । दक्षिणमा तराईको तर्फको विशाल समथर उर्बराभूमिले कृषिको ठुलो सम्भावना वोकेको छ ।

यो नगरपालिकाको अबस्थितिले पनि विकाशका सम्भावनालाई थप बल पुऱ्याएको छ । यस नगरपालिकाको लगभग वीचबाट गएको पुर्व पश्चिम लोकमार्गका कारण राजधानी लगायत देशका बिभिन्न भागसंगको सहज पहुंच, वुटवल, भैरहवा तथा भरतपुर जस्ता ठुला शहरसंगको सामिप्यता, गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल तथा छिमेकी देश भारतसंग सामिप्यता र सहज पहुंच आदिले यसका विकाशका सम्भावनाहरुमा थप बल पुऱ्याएका छन ।

यो नगरपालिका क्षेत्र भगवान गौतम बुद्धको मावली गाउँले परिचित यो नगरपालिकामा बुद्धकालिन शीलालेखहरू, स्थानीय मधेशी समुदायका वस्तिका अलावा पहाडी भागबाट वसाई सरी आएका समुदायहरूको वसोवास, समुदायको एक अर्काप्रतिको सद्भभाव र मिश्रित सस्कृति स्थानीय समुदायले मनाउने चाडपर्वहरू दशैं, तिहार, लोच्छार, माघेसक्रान्ति, ईद लगायतले पर्यटकीय सम्भवानालाई झन बढाएको छ।

ब्यवसायिकरण तर्फ उन्मुख कृषि, पूर्व पश्चिम लोकमार्गको अबस्थिति र नगरपालिकाभरी बिस्तार भएको सडक यतायात, संचार, बिद्युत आदि पूर्बाधारको सञ्जाल, शिक्षा, स्वास्थ्य, खानेपानी, लैङ्गिक विकास, सामाजिक समाबेशीकरण आदि सामाजिक विकाशमा हुंदै गएको बढ्दो लगानी, वन तथा वातावरण संरक्षणमा बढ्दो जनचासो, अधिकारबादी संघसस्थाहरुको बढ्दो उपस्थिति, नगरपालिकाको संगठनात्मक संरचना र पूर्वाधारको विकाश,सुशासनप्रति नागरिक समाज, साधारण नागरिक र संचार जगतको बढ्दो चासो, सहकारी, वैंक तथा वित्तीय सस्थाहरुको बढ्दो उपस्थिति र सेवा बिस्तार आदि देवदहका सम्भवानाहरुलाई समृद्धिमा बदल्न सृजित महत्वपूर्ण अबसरहरु हुन ।

**३.४ निर्देशक सिद्धान्त**

नयाँ नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानूनी आधार, पन्ध्रौं राष्ट्रिय योजना र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनालाई समेत ध्यानमा राखेर देहायका निर्देशक सिद्धान्तहरुलाई पालन गरी देवदह नगरपालिकाले यो भू-स्थानिक योजना तर्जुमा गरेको छ । यो भू-स्थानिक योजना कार्यान्वयन गर्दा सवै सरोकारवाला संस्था र निकायहरुले निम्नलिखित विकासका सिद्धान्तहरुलाई अनिवार्य रुपमा अवलम्वन गर्नुपर्ने हुन्छ ।

**(क) जनकेन्द्रीत तथा प्रतिफलमुखि विकासः** नगरपालिकाको विकासका लागि भूगोल, स्थानीय आवश्यकता र प्राथमिकताका आधारका साथै जनसंख्याको सापेक्षतामा प्रतिफलमुखि विकास हासिल गर्ने सिद्धान्त हुनेछ । जनकेन्द्रित विकास गर्दा नगरपालिकावासी तथा यसमा पनि नगरपालिकापालिका पछाडी परेका महिला, दलित, वालवालिका, अपाँगता भएका व्यक्ति र परिवार, जेष्ठ नागरिक, आदिवासी जनजाति, यूवाहरु लक्षित प्रत्यक्ष लाभ लिनसक्ने विकास गतिविधिलाई प्राथमिकतासाथ अगाडी बढाइनेछ ।

**(ख) वालमैत्री शासन, लैंगिक तथा सामाजिक समावेशीकरणः** जनकेन्द्रित विकासको एक अभिन्न अंगका रुपमा बालवालिकाको सर्वाङ्गिण विकासका लागि वालमैत्री स्थानीय शासन तथा अपांगमैत्री स्थानीय शासनको अवलम्वन गरिनेछ । महिला तथा दलित वर्गको उत्थानका लागि लैंगिक तथा सामाजिक समावेशीकरण प्रक्रियालाई स्थापित गरिनेछ ।

**(ग) अवसरमा समानता र समान पहुँचः** लक्षित वर्गलाई विकासको प्रमुख भागिदारका रूपमा स्थापित गर्न पछि परेका लक्षित वर्ग समुदाय (महिला, दलित, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक) लाई स्थानीय विकास र शासनका प्रक्रियामा प्राथमिकता दिने र सकारात्मक विभेदको व्यवस्था गरिनेछ ।

**(घ) दीगोपना, वातावरण, जलवायू अनुकुलन तथा विपद् व्यवस्थापनमैत्री विकासः** नगरपालिकाको विकास योजनामा दिगोपना, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रुपमा सबै योजनाको अभिन्न अंगका रुपमा विश्लेषण तथा अंगीकरण गराइनेछ । प्राकृतिक स्रोत साधनको दोहनलाई प्रभाव मूल्यांकनका आधारमा परिचालन गरिनेछ । स्थानीय योजनाहरुलाई जलवायू अनुकुलनयुक्त बनाउन ध्यान दिइनेछ ।

**(ङ) स्थानीयता तथा विश्वव्यापीकरणः** स्थानीय सम्भाव्यता, साधन स्रोतको उपलब्धता अनुसार प्राथमिकता साथ स्थानीय स्रोत, साधन र सीपको अधितम उपयोग गरिनेछ साथै विश्वव्यापिकरणका लाभहरुलाई स्थानीय विशिष्टता अनुसार अधिकतम् उपयोग गरिनेछ ।

**(च) संस्थागत विकास तथा सुशासनः** स्थानीय शासनमा जवाफदेहिता, पारदर्शिता, सार्वजनिक सेवा सुविधाको प्रभावकारी वितरणका लागि नगरपालिकाका नेतृत्वकर्ता स्थानीय निकायहरु र साझेदार संघसंस्थाहरू (बिषयगत निकाय र गैसस) समेतको क्षमता विकास कार्यलाई सँगसँगै अगाडी बढाइनेछ र उपयुक्त लगानी गरिनेछ । विकास साझेदारहरुबीचको समन्वय र सहकार्यलाई प्रबर्द्धन  गरिनेछ । स्थानीय विकासमा नागरिक समाज र सञ्चार क्षेत्रको साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

**(छ) स्थानीय स्रोत परिचालन र व्यवस्थापनः** नगर विकासकालागि आवश्यक मानवीय तथा वित्तीय साधन स्रोतको स्थानीयस्तरमा अधिकतम परिचालन गरिनेछ । विभिन्न बिषय क्षेत्रमा दक्ष, सीपयुक्त मानव जनशक्ति उत्पादन तथा क्षमता विकासका लागि विशेष लगानी गरिनेछ । नगरपालिका विकास कार्यमा उपभोक्ता समितिको भरपुर परिचालन र उपभोक्ता समितिलाई निश्चित आचारसंहिताको पालना गर्न प्रेरित गरिनेछ ।

**(ज) निजी क्षेत्रसंगको सहकार्यः** नगरपालिकाको विकास कार्यमा निजी क्षेत्रलाई सँगसँगै अगाडी लैजाने पद्धति र प्रक्रियालाई प्राथमिकतासाथ लिइनेछ । स्थानीय कच्चा पदार्थको अधिकतम् उपयोग, स्तरीकरण  बजारीकरण, प्रबिधि तथा सीपको हस्तान्तरणका क्षेत्रमा निजी क्षेत्रलाई काम गर्न उपयुक्त वातावरण तयार गरिनेछ र सार्वजनिक नीजि साझेदारीका आधारमा निजी क्षेत्रको लगानीको संरक्षणमा ध्यान दिइनेछ ।

**(झ) अभियानात्मक विकास र सामाजिक न्यायः** नगरपालिकाको द्रुततर विकास तथा सामाजिक न्यायकालागि नियमित विकास प्रक्रियाभन्दा अभियानात्मक विकास गतिविधिलाई अगाडी बढाइनेछ । अभियानात्मक विकासका लागि प्रमुख प्राथमिकताका आधारमा नमूना नगरपालिकाको विकास, महिला उपर हुने भेदभाव विरुद्धका अभियान, दलित उपरका सामाजिक भेदभाव विरुद्धको अभियान, वालविकास र उचित शिक्षाको अभियान, वातावरण संरक्षण, कृषि तथा पशुपालन प्रणालीमा व्यवशायिकरण तथा सुधार, घरेलु उद्योग तथा रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रमा केन्द्रित गरिनेछ ।

**(ञ) समन्वयात्मक विकासः** नगरपालिकाका विकासका साझेदार निकायहरु (सरकारी, गैरसरकारी, निजीक्षेत्र) बीच समन्वयको गरी आबधीक योजनाका प्राथमिकताका क्षेत्रमा लगानी गर्ने तथा नगरपालिकाको नेतृत्वमा एकद्वार विकास पद्धतिलाई थप सुदृढ गर्दै लगिनेछ ।

**(ट) भू-स्थानिक योजना र बार्षिक योजनाबीच तालमेलः** भू-स्थानिक योजनाका प्राथमिकतायुक्त क्षेत्र, बिषयको सम्वोधन गर्ने गरी नगरपालिकाको बार्षिक योजना तर्जूमा तथा कार्यान्वयन प्रक्रियालाई अगाडी बढाइनेछ । योजनाको बार्षिक समीक्षामा भू-स्थानिक योजना अनुसार के कति उपलब्धी हासिल भए भन्ने बिषयमा अनिवार्यरूपमा समीक्षा

गर्ने र नगरपालिकाले बार्षिक रुपमा बजेट सिलिंग र मार्गदर्शन शाखा तथा वार्डहरूलाई प्रदान गर्दा भू-स्थानिक योजनाका प्राथमिकता के के हुन भनि बिषयक्षेत्रलाई समेत सम्वोधन गर्ने गरी पठाउने प्रबन्ध गर्ने।

## ३.५ सोंच, लक्ष्य तथा उद्देश्य

### *३.५.१ राष्ट्रिय पन्ध्रौं योजनाको सोँच*

विगतमा गरिबी निवारण मुलुकको योजनाबद्ध विकास प्रक्रियाको प्राथमिकता रहँदै आइको थियो। सातौं योजनाको अन्त्यसम्म मुलुकमा गरिबीको रेखामुनि रहेका नेपालीहरूको जनसंख्या ४८ प्रतिशतको हाराहारीमा थियो जस्लाई दसौं योजना लागू गर्दा करिब ३१ प्रतिशतमा झार्न गरिबी न्यूनीकरण रणनीतिपत्रकै रूपमा लागू गरियो। यद्यपि, बाह्रौं योजनासम्म आइपुग्दा गरिबीको अनुपात २५ प्रतिशतमा झ-यो र हाल यो २१ प्रतिशतको हाराहारीमा रहेको आंकलन छ। तथापि, यी आवधिक योजनाहरूले लक्षित गरेका कार्यक्रम वा सरकारले सञ्चालन गरेका अन्य गरिबी न्यूनीकरण सम्बन्धी कार्यक्रमले गरिबीको अनुपात यसरी ह्वात्तै घटाएको भने होइन, किनकि आवधिक योजना र सरकारको वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल भएको प्रष्ट पाईदैन।

हालसम्म चौधवटा आवधिक योजना सम्पन्न भइसक्दा पनि मुलुकले यस सन्दर्भमा सोंचेजस्तो उपलब्धि हासिल गर्न नसकेको तथ्य आईरहंदा पन्ध्रौं योजनामा विगतका कमि कमजोरीहरूलाई सुधार गरी परम्परागत सोँचबाट हटेर अग्रगामी सोँच तर्फ सरकार उन्मुख भएको छ। यस विषयका साथै संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायतका अन्य व्यवस्था, दीगो विकासका लक्ष्य र अन्तर्राष्ट्रिय परिदृश्य तथा सरकारका प्रतिबद्धताहरूलाई ध्यानमा राखि संघीय सरकारले पन्ध्रौं योजनाका लागि **'समृद्ध नेपाल, सुखी नेपाली'** बनाउन २५ वर्षका लागि दीर्घकालीन सोँचको प्रारूप सहितको परिदृश्य तयार गरेको छ। उक्त सोँच हासिल गर्ने आधार योजनाका साथ स्थानीय तहमा दीर्घकालीन सोँच र आवधिक योजनालाई समेत मार्गदर्शन गर्ने गरी यो पन्ध्रौं योजना तर्जुमा गरिएको छ।

### *३.५.२ प्रादेशिक प्रथम योजनाको सोँच र लक्ष्य*

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले तय गरेको दीर्घकालीन सोँच **"सम्बृद्ध प्रदेश, खुशी जनता"** र सोँच हासिल गर्नाकालागि निर्धारण गरिएको लक्ष्य "*समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दीगो विकासको माध्यमबाटआर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनस्तरमा गुणात्मक परिबर्तन ल्याउने*" भन्ने रहेकोछ। यस लक्ष्यलाई हासिल गर्न यस नगरपालिकालेपनि आफ्नो ५ वर्षे दीर्घकालीन सोँच र लक्ष्यको निर्धारण गरेकोछ।

### *३.५.३ नगरपालिकाको दीर्घकालीन सोँच*

नगरपालिकाको अवस्था विश्लेषण, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको परिवर्तनको चाहनासमेतलाई मध्यनजर गर्दै उपस्थित सहभागीहरूलाई २०७९ पौष २४ गतेको छलफलबाट आगामी ५ वर्षको समयलाई मध्यनजर गर्दै नगरपालिकाको समग्र विकास निर्माणलाई दिशा निर्देश गर्ने दीर्घकालीन सोँच के हुन सक्छ भनी बृहत् छलफल गरिएको थियो। उक्त छलफल र विमर्श गर्ने क्रममा नगरपालिकाको दीर्घकालीन सोँचका विभिन्न अवधारणाहरू प्राप्त भएका थिए। यसै कुरालाई मनन गरी यस नगरपालिकाको दीर्घकालीन सोँचको समयको परिवर्तन संगै विकासका नया सिद्धान्त, संभावना र समस्याहरूलाई समेत सम्बोधन गर्नका लागि र पन्ध्रौं राष्ट्रिय योजनाको दीर्घकालीन सोँच **"समृद्ध नेपाल, सुखी नेपाली।"** र लुम्विनी प्रदेशको प्रथम आवधिक योजनाले तय गरेको दीर्घकालीन सोँच **"सम्बृद्ध प्रदेश, खुशी जनता"** लाई समेत ध्यानमा राखेर नगरपालिकाको समग्र विकासलाई निर्देशित गर्न नगरपलिकाको प्रथम निर्वाचित प्रतिनिधि तथा विषयविज्ञ कर्मचारीहरूको सहमति र प्राविधिक टोलीको परामर्शका आधारमा **"पर्यटन कृषि र पूर्वाधार समृद्ध देवदहको मूल आधार"** दीर्घकालीन सोंच तय गरिएको थियो। तथापि, दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूको सहभागितात्मक छलफलका आधारमा यस नगरपालिकाको लागि निम्नानुसार दीर्घकालीन सोँच प्रस्ताव गरिएको छ :

सहभागितात्मक बिधिबाट तय गरिएको यस दीर्घकालीन सोँचले नगरपालिका भित्र शिक्षामा गुणस्तरीयता तथा स्वास्थ्यको आधुनिकीकरण, क्षेत्रगत आधारमा नगरपालिका भित्रै पर्याप्त रूपमा आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जनाका साथै पर्यटन विकासकालागि आवश्यक पूर्वाधारहरूको विकासद्वारा बिध्यमान स्रोतको उपयोग र ऐतिहासिक बौद्ध संस्कृतिको उत्थान तथा विकासका माधयमबाट आत्मनिर्भर नगपालिका निर्माण गर्ने दीर्घकालीन गन्तव्यका रूपमा परिकल्पना गरिएको छ।

### ३. ५.४ भू-स्थानिक योजनाको लक्ष्य

पन्ध्रौं राष्ट्रिय योजनाको प्रमुख लक्ष्य *''समृद्ध अर्थतन्त्र, सामाजिक न्याय, परिष्कृत जीवन सहितको समाजबाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नती हुने आधार निर्माण गर्ने।''* र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना ले तय गरेको लक्ष्य *"समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दीगो विकासको माध्यमबाटआर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनस्तरमा गुणात्मक परिबर्तन ल्याउने"* लाई समेत योगदान पुर्याउने गरी यस नगरपालिकाको विकासको लक्ष्य देहायवमोजिम हुनेछ **“ मानव पुंजीको विकाश सहित उच्च र दीगो आर्थिक बृद्धि कायम राख्ने। ”**

### ३. ५.५ भू-स्थानिक योजनाको उद्देश्यहरू

- स्थानीय आर्थिक सम्भावना र अवसरहरुको आदर्शतम उपयोग गर्दै आय र रोजगारीका अवसर सृजना गर्नु,
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सवैको पहुंच विस्तार गरी समावेशी र न्यायपूर्ण समाजको स्थापना गर्नु,
- गुणस्तरीय पूर्वाधारको विकाश गर्नु,
- वन तथा वतावरण संरक्षण तथा विपद व्यबस्थापनलाई प्रभावकारी वनाउनु,
- सुशासन कायम राख्नु।

भू-स्थानिक योजनाले तय गरेका नगर विकास योजनाका क्षेत्रगत लक्ष तथा उद्देश्यहरू देहाय वमोजिम रहेका छन।

| विषयगत क्षेत्र | ऊपक्षेत्र | *लक्ष्य तथा उद्देश्य* |
|---|---|---|
| **आर्थिक क्षेत्र** | **कृषि तथा पशुपँक्षी विकास** | *लक्ष्य:* नगरपालिकाको कुल आयमा कृषि तथा पशुजन्य उत्पादनको योगदान बढाउने।<br>*उद्देश्य:* कृषिको व्यवसायीकरणमा जोड दिंदै कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु। |
| | **सिंचाई विकास** | ***लक्ष्य :*** कृषि योग्य जमिनमा सिंचाई सुबिधा बिस्तार गर्ने।<br>**उद्देश्य:** कृषियोग्य जमिनमा सर्बयाम सिंचाई सुविधा उपलब्ध गराउनु। |
| | **पर्यटन, सँस्कृति तथा सम्पदा** | *लक्ष्य:* नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान बृद्धि गर्ने।<br>*उद्देश्य:* आन्तरिक पर्यटकको आगमन बढाउनु। |

| विषयगत क्षेत्र | ऊपक्षेत्र | *लक्ष्य तथा उद्देश्य* |
|---|---|---|
| | **उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति** | ***लक्ष्य:*** औद्योगिक उत्पादन बढाउंदै नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा उद्योग व्यवसायको योगदान बढाउनु ।<br>***उद्देश्य:*** उद्योग व्यवसायबाट रोजगारीका अबसर बृद्धि गर्नु । |
| | **सहकारी तथा वित्तीय व्यवस्था** | ***लक्ष्य:*** सहकारी एवं वित्तीय सस्थाहरुको लगानी उत्पादनशील क्षेत्रमा परिचालन गर्ने ।<br>***उद्देश्य:*** बैंकिग र सहकारीलाई नगरपालिकाको आर्थिक विकासमा मुलप्रवाहीकरण गरी स्थानीय समुदायमा रोजगारी, स्वरोजगारी र आयआर्जनका अवसरहरूमा वृद्धि गर्ने । |
| **सामजिक क्षेत्र** | **शिक्षा** | ***लक्ष्य:*** सबैकालगि साक्षरतालाई अभियानकोरुपमा सञ्चालन गर्दै बिद्यालय उमेर समूहका सबै बालबालिकालाई कम्तिमा माध्यमिक तहसम्मको शिक्षा दिने ।<br>***उद्देश्य:*** बिद्यालय तहको शिक्षाको गुणस्तर बढाउनु । |
| | **स्वास्थ्य सेवा** | ***लक्ष्य:*** सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्यसेवाको पहुंच सुनिश्चित गर्ने ।<br>***उद्देश्य:*** सवै नागरिकलाई स्वास्थ सम्वन्धी चेतना अभिबृद्धि गर्नु ।<br>सवास्थ्य सेवालाई प्राथमिकतामा राखि लगानी बढाउनु । |
| | **खानेपानी तथा सरसफाई** | ***लक्ष्य:*** सबै नागरिकलाई आधारभूत खानेपानी तथा सरसफाईको पहुंच सुनिश्चित गर्ने ।<br>***उद्देश्य:*** समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको सस्थागत विकासमा सुधार ल्याउने । |
| | **महिला, बालबालिका तथा लक्षित वर्ग** | ***लक्ष्य:*** महिला, बालबालिका तथा लक्षित बर्गहरूलाई उच्च सम्मान दिंदै समाबेशी सहभागितामा बृद्धि गर्ने ।<br>***उद्देश्य:*** सशक्तीकरण मार्फत महिला, बालबालिका तथा लक्षित बर्गहरूहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने । |
| | **आदिवासी, जनजाति, दलित, उत्पीडित वर्ग उत्थान** | ***लक्ष्य:*** समाजमा रहेका सवै बर्ग र सबै जातका लागि समान अधिकार र समान हक स्थापित गरिनेछ ।<br>***उद्देश्य:*** सामाजिक तथा जातीय विभेद अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने । |
| | **युवा तथा खेलकूद** | ***लक्ष्य:*** युवा बर्गलाई खेलकुद र उत्पादन तथा रोजगारमूलक कार्यमा परिचालन गर्ने ।<br>***उद्देश्य: :*** खेलकुदको विकासका लागि आवश्यक भौतिक संरचनाको निर्माण गरी खेल गतिविधिको व्यवसायीकरण गर्ने ।<br>यूवाको क्षमता विकाश गर्नु । |
| **भौतिक पूर्वाधार विकास** | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | ***लक्ष्य***<br>योजनाबद्ध शहरीकरण र व्यवस्थित बस्ती विकाश गर्ने ।<br>**उद्देश्य**<br>निजी भवन तथा आवास एबं सार्बजनिक पूर्बाधार निर्माण गर्दा मापदण्डको पालना गराउनु । |
| | **सडक, पुल तथा यातायात** | ***लक्ष्य***<br>नगरपालिका भित्रका बस्तिहरमा सर्बयाम यातायातको पहुंच विस्तार गर्ने ।<br>**उद्देश्य:** सडक यातायातको स्तरोन्नति गरी आवागमन र स्थानीय उत्पादनलाई बजार सम्म पुर्याउन सहजता |

| विषयगत क्षेत्र | ऊपक्षेत्र | *लक्ष्य तथा उद्देश्य* |
|---|---|---|
| | | ल्याउनु । |
| | **विद्युत तथा उर्जा** | ***लक्ष्य:*** सत प्रतिशत घरपरिवारमा बिद्युत सुबिधा पुर्‍याई स्थानीय उत्पादनसंग जोड्ने ।<br>***उद्देश्य:*** सबैलाई राष्ट्रिय प्रशारणबाट विद्युत सेवा उपलब्ध गराउनु । |
| | **संचार** | ***लक्ष्य***<br>सूचना प्रबिधिको पहुंच बिस्तार गर्ने ।<br>***उद्देश्य***<br>आर्थिक क्रियाकलापमा सूचना प्रबिधिको उपयोगमा वृद्धि गर्नु । |
| **वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन** | **वन विकास तथा वातावरण संरक्षण** | ***लक्ष्य:*** समुदायको संलग्नतामा वृद्धि गरी दीगो वन व्यबस्थापन गर्ने ।<br>***उद्देश्य:*** वन व्यवस्थापन र जैविक विविधतामा स्थानीय समुदायपरिचालन गरी वन संरक्षण, आय आर्जन तथा रोजगारीमा वृद्धि गर्नु । |
| | **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | ***लक्ष्य***<br>भूमिको दीगो व्यबस्थापनका लागि व्यबस्थित भू संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने ।<br>***उद्देश्य***<br>भू संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत भू क्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन तथा पानीका श्रोतहरुको संरक्षण गर्नु । |
| | **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | ***लक्ष्य:*** वातावरण संरक्षण गर्ने ।<br>***उद्देश्य*** : फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गर्नु ।<br>वातावरण प्रदुषण कम गर्नु । |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | ***लक्ष्य:*** विपद् जोखिम न्यूनीकरणलाई गर्ने ।<br>***उद्देश्य:*** विपद जोखिम न्यूनीकरण र विपद ब्यवस्थापनमा समुदायको संलग्नता बढाउदै जलवायु परिवर्तन अनुकुलनता बढाउनु । |
| **संस्थागत विकास तथा सुशासन** | **संथागत सुशासन तथा क्षमता विकास** | ***लक्ष्य***<br>नागरिकमा सुशासनको अनुभूति दिलाउने ।<br>***उद्देश्य***<br>स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउनु । |

## ३.६ परिमाणात्मक लक्ष्य

उपरोक्त विश्लेषणका आधारमा आ.व. ०७९/८०–२०८४/०८५ सम्म आईपुग्दा देवदह नगरपालिका तलको अवस्था सम्म पुग्न सक्दछ भन्ने आधार प्रश्तुत गरिएको छ ।

| नतिजा सूचक | इकाई | ०७९/८०<br>आधार बर्ष | २०८४/०८५<br>लक्षित वर्ष |
|---|---|---|---|

| नतिजा सूचक | इकाई | ०७९/८०<br>आधार बर्ष | २०८४/०८५<br>लक्षित वर्ष |
|---|---|---|---|
| कृषि क्षेत्रको बृद्धि दर | प्रतिशत | ६.५ | १० |
| स्तरन्नोति भएका सिंचाई योजना | संख्या | ४ | २० |
| न.पा.को कुल गार्हस्थ्य उत्पादनमा पर्टनको हिस्सा | प्रतिशत | २.५ | ५.० |
| पर्यटक आगमन (आन्तरिक तथा बाह्य) | संख्या/हजार | ५० | ९० |
| नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा उद्योग व्यापर ब्यवसायको योगदान | प्रतिशत | १२.४ | २२ |
| उद्योग व्यापार ब्यवसायबाट सृजित रोजगारी | संख्या | ३२०० | ५००० |
| सहकारी क्षेत्रबाट सृजित रोजगारी | संख्या | २५० | २९० |
| कुल साक्षरता दर | प्रतिशत | ८० | ९१ |
| खुद भर्ना दर आधारभूत तह (१-८) | प्रतिशत | ९७.३ | ९९.५ |
| खुद भर्ना दर माध्यमिक तह (९-१२) | प्रतिशत | ६८.९७ | ८५.० |
| पुरूष साक्षरता | प्रतिशत | ८८ | ९५ |
| महिला साक्षरता | प्रतिशत | ७२ | ८० |
| टिकाउ दर आधारभूत तह (१-८) | प्रतिशत | ९४.७ | ९९.० |
| टिकाउ दर माध्यामिक तह (९-१०) | प्रतिशत | ६३.९६ | ८५.० |
| सिकाई उपलब्धि दर आधारभूत तह (१-८) | प्रतिशत | ५१.५ | ६८.० |
| सिकाई उपलब्धि दर माध्यमिक तह (९-१२) | प्रतिशत | ४३.२ | ६५.३ |
| आधा घण्टा भित्र अस्पतालमा पहुंच भएका नागरिक | प्रतिशत | ४० | १०० |
| विरामी पर्दा स्वास्थ्य संस्था जाने नागरिक | प्रतिशत | ५० | १०० |
| स्वास्थ्यमा हुने प्रति परिवार औसत खर्च | रु. हजार | ५.५ | १०.० |
| आधारभूत खानेपानीको पहुंच पुगेको जनसंख्या | प्रतिशत | ९५ | १०० |
| न्युनतम रूपमा सौचालयको सुबिधा पुगेको परिवार | प्रतिशत | ९४ | १०० |
| निजी धाराबाट खानेपानी सुबिधा पुगेको परिवार | प्रतिशत | ४० | १०० |
| न.पा.का बिभिन्न समितिहरुमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ४३ | ५० |
| सामाजिक सुरक्षामा आवद्ध | प्रतिशत | ११.० | २५.० |
| विद्यमान नीति निर्माणमा आदिवाशी तथा दलितहरूको सहभागीता | प्रतिशत | २० | २५ |
| स्थानीय समितिहरूमा आदिवाशी तथा दलितहरूको संलग्नता | प्रतिशत | १० | २० |
| सम्पूर्ण समावेशीकरणका नीतिहरूको प्रभावकारी कार्यान्वयन | प्रतिशत | ९० | १०० |
| उद्यमशिलता तालिम प्राप्त युवा | संख्या | ८८ | ५०० |
| प्रदेश तथा राष्ट्रियस्तरका खेलाडी | संख्या | ४ | १० |
| योजनाबद्ध ब्यवस्थित र एकीकृत बस्ति | संख्या | ० | २ |
| मापदण्ड अनुसार निर्माण भएका भौतिक संरचना | प्रतिशत | ८ | ५० |
| सार्बजनिक यातायात नियमित चल्ने बस्ति | प्रतिशत | ४८ | ७५ |
| सडक लम्बाई | कि.मी | ४०४ | ४१० |
| सर्बयाम सडक | कि.मी | ३३० | ४०० |
| सर्बयाम सडकमा पहुँच भएको जनसंख्या | प्रतिशत | ८५ | १०० |
| राष्ट्रिय प्रशारणबाट बिद्युत जडान गर्ने घरधुरी | प्रतिशत | ९५ | १०० |
| आर्थिक कारोबारमा मोवायल एप्सको प्रयोगकर्ता | प्रतिशत | २० | ६० |
| व्यवसायमा इन्टरनेटको प्रयोग | प्रतिशत | ९१ | १०० |
| बनको संचिति दर | हेक्टर | ३०४४ | ४०५० |
| संरक्षित बन क्षेत्र | हेक्टर | ६४०.५ | ६५२ |
| सामुदायिक तथा कबुलियति बन | हेक्टर | ३५ | ५० |

| नतिजा सूचक | इकाई | ०७९/८० आधार बर्ष | २०८४/०८५ लक्षित वर्ष |
|---|---|---|---|
| संरक्षित र ब्यवस्थित ताल तलैया र सिमसार क्षेत्र | संख्या | ५ | ८ |
| नदी खोला किनार संरक्षण | कि.मी | ९ | १७ |
| क्षतिग्रस्त भूमी पुनरूत्थान | कि.मी | २५ | १५० |
| वातावरण संरक्षणकोलागि जनचेतना अभियान सचालन भएका टोल र बस्ति | प्रतिशत | ० | १०० |
| घरधुरीको फोहोरमैला व्यवस्थापनका लागि व्यबस्थित ल्याण्डफिल्ड साईट संख्या | संख्या | ० | २ |
| विपदबाट हुने औसत क्षति | रु, लाख | ५० | २० |
| विपद संबेदनशील क्षेत्रको पहिचान र नक्सांकन | संख्या | ० | २ |
| जलवायु उत्थानशिलता सम्बन्धी जनचेतना अभियान संचालन भएका बस्ति | प्रतिशत | ० | ५० |
| आपतकालीन केन्द्रको स्थापना (नपा) | संख्या | ० | १ |
| नगरपालिकाको सेवा प्रवाहसंग नागरिक सन्तुष्टि | प्रतिशत | ५२ | ८० |
| स्थानीय तह स्वमूल्यांकनमा प्राप्त अंक | प्रतिशत | ६२.५ | ८५ |
| नगरपालिकाको सेवा प्रवाहको प्रभाकारितामा बृद्धि | प्रतिशत | ४० | १०० |

## ३.७ रणनीति तथा प्राथमिकता

- कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,
- गुणस्तरीय रोजगारमूलक शिक्षा तथा आधारभूत स्वास्थ्यमा सबैको पहुंच सुनिश्चित गर्ने,
- समतामूलक विकाश र सामाजिक समावेशितामा जोड दिने,
- वातावरण संरक्षण गर्दै विकाश र वातावरण वीच सन्तुलन कायम गर्ने,
- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउने,
- सस्थागत विकाश र सेवा प्रबाहलाई प्रभावकारी बनाउने,
- ब्यवसायिक कृषि, पर्यटन पूर्वाधार, मानव पुंजी विकाश तथा सुशासनलाई भू-स्थानिक  योजनाको अग्रिम क्षेत्रको रूपमा प्राथमिकतामा राखिनेछ।

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड

भू-स्थानिक योजना २०८०/०८१ देखि २०८४/०८५ सम्मको अनुमानित लगानी र सोही समयमा नगरपालिका भित्रको खर्च सम्बन्धी बजेटको प्रक्षेपण ६ अर्व ०९ करोड  ४३ लाख ९ हजार रूपैंया गरिएको छ भने सोही अवधिमा नगरपालिकाको आय तर्फ ४ अर्व ५२ करोड २ लाख ९१ हजार १ सय ८५ रूपैंया रहेकोछ। यसरी योजना अवधिमा नपूग हुने रकम रू. १ अर्व ५७ करोड ४० लाख १७ हजार ८ सय १५ रूपैंया देखिन्छ।

# परिच्छेद ४ : आर्थिक क्षेत्र

यस नगरपालिकामा जनसंख्याको अधिकाशं भाग (७८.५३ प्रतिशत) कृषिमा निर्भर छ । यसका अलावा, वैदेशिक रोजगार, भारतमा मौसमी रोजगार र व्यापार व्यवसायमा समेत संलगन भएको देखिन्छ। कृषि तर्फ धान, गहुं, मकै, दलहन यहाँका प्रमुख उत्पादन मानिन्छन। यसका अलावा, पर्यटन, दुग्धजन्य सान उद्योग, तथा सहकारीसंग सम्बद्ध गतिविधि यहाँको आर्थिक क्षेत्रसंग सम्वन्धित छन। ।

यो विषयगत क्षेत्रसँग दीगो विकास लक्ष्य १ ले प्रस्ताव गरेको अनुरूप सन् २०३० सम्ममा सबै स्थानबाट सबै मानिसहरूको अति गरिवीको अवस्थालाई अन्त्य गर्ने विषयसँग अन्तर-सम्बन्ध राख्दछ । यसका लागि राष्ट्रिय रूपमा परिभाषित गरिवीको रेखामुनि रहेका महिला, पुरूष र सबै उमेरका जनसमुदाय बीचको गरिवीको अनुपातलाई उल्लेख्य रूपमा घटाउने परिमाणात्मक लक्ष्य राख्दछ । यस विषयगत क्षेत्रले आर्थिक स्रोतमा सबैको समान अधिकार सुनिश्चित गर्न तथा आधारभूत सेवाहरूमा पहुँच पुर्याउन र आर्थिक, सामाजिक तथा वातावरणीय संकटले निम्त्याउने विपन्नता र गरिवीविरूद्ध मजबुत ढंगबाट जुददै विपन्नता न्यूनीकरण गर्ने मुद्धामा बिशेष प्रथामिकता दिएकोछ।

## ४.१ कृषि विकास

### *४.१.१ पृष्ठभूमि*

यस नगरपालिकाको कूल भूभाग मध्ये ४०.७१ प्रतिशत भूभाग खेतियोग्य जमिन रहेको छ। यहां ७८.५३ प्रतिशत भन्दा वढी जनसंख्या कृषि पेशामा प्रत्यक्ष रूपमा संलग्न रहेको छ। धान, गहुं, मकै, दलहन, तेलहन, माछापालन, च्याउ खेति र तरकारी खेति अन्य विभीन्न वालीहरूको यहां खेति गरिन्छ । उत्पादनको दृष्टिकोणले राजमार्ग पश्चिमी भेक अधिकाशं कृषियोग्य र राजमार्ग उत्तर तर्फको जमिनको न्यून उत्पादकत्व रहेको छ । यस नगरपालिकाका ८० प्रतिशत भन्दा वढी वासिन्दाको जीविकोपार्जनको मूख्य पेशा कृषि व्यवशाय हो।

### *४.१.२ समस्या तथा चुनौती*

**क. समस्या**

- कृषि उत्पादन तथा उपादकत्वमा कमि र माटोको उर्बरा शक्तिमा ह्रास तथा माटोमा अम्लीयपनाको वृद्धि हुनु ।
- आधुनिक उपकरणको अभाव हुनुका साथै बजारको समस्या र महङ्गो ढुवानी, उन्नत विउको, मल, तथा किटनासक औषधिको अभाव।
- कृषिको विशिष्टीकरण, ब्यापारीकरण तथा प्राविधिक ज्ञानको कमिका साथै कृषकले समयमा कृषि सेवा तथा प्राविधिक सहयोग नपाउनु।
- स्थानीय तथा रैथाने जातका अन्नबाली र वीउहरू लोप हुदै जानु। सुहाउदो जलवायु अनुसारको फलफूल खेतीको विकास नहुनु।
- कार्यालय लगायत फिल्डमा गएर किशानलाई निर्देशन गर्न पर्याप्त दक्ष मानव स्रोतको कमी हुनु ।
- खेतिवालीमा यूवा तथा किसानहरूको प्राथमिकता नरहनु।
- आवश्यक मात्रामा रासायनिक मल तथा किटनासक औषधिको अभाव।
- कृषि उत्पादनका लागि उचित बजार मूल्यको अभाव।
- सिजन अनुसार वालिको उत्पादनका लागि गुणस्तरीय बिउबिजनको अभाब।

वर्षभरी सिंचाइ सेवा उपलब्ध हुने पानीको मुहानको अभाव र भएका स्रोतकोपनि व्यवस्थित रूपले संरक्षण गर्न नसकिनु, उचित मर्मत संभार र संचालनमा कमी।

- घरपालुवा पशूहरूकालागि १२ महिना पोषिलो पशु आहाराको उपलब्ध हुन नसक्नु।
- बिशिष्टिकृत पशु स्वास्थ्य सेवाको अभाव।
- उत्पादित पशुजन्य उत्पादन र पदार्थहरूलाई बजारसम्म पुर्याउन समस्या।
- कृषि पेशाको संस्थागत विकास गर्न नसकिनु तथा कृषकलाई यस पेसाप्रति जागरूक हुनको लागि प्रयाप्त प्रोत्साहनको कमि।

**ख. चुनौती**

- कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण र बजारीकरण गर्नु,
- कृषिको उत्पादन र उत्पादकत्व बढाउनु,
- भारतीय आयातित कृषि उपजसंग प्रतिस्पर्धा गर्नु,
- कृषि जमिनको खण्डीकरण तथा घडेरी करण रोक्नु,
- किसानलाई समयमै मल, बिउ उपलब्ध गराउनु,
- कृषियोग्य जमिनलाई सर्बयाम सिंचाई सुबिधा उपलब्ध गराउनु,
- युवा जनशक्तिलाई कृषि तथा पशुपालनमा आकर्षित गर्नु,
- उन्नत जातका पशु तथा पन्छी पालन गरी दुध र मासुको उत्पादकत्व बढाउनु,
- सबै कृषि तथा पशु पालक किसानलाई  वीमाको दायरामा ल्याउनु।

***४.१.३ संभावना तथा अवसर***

- बजारको विस्तार भईरहेको अवस्थामा बेमौसमी तथा अन्य ताजा तरकारी खेतीका लागि बजारको सुबिधा।
- पहाडी तथा समतल तराई भेगको संगमस्थलयूक्त धरातल, र प्रयाप्त वन जंगलको उपलब्धताका कारण पशुपालन तथा मौरी पालन व्यवसायको संभावना।
- स-साना सिंचाइ योजना मार्फत समतल भुभागका क्षेत्रमा खाद्यान्नको उत्पादन।
- शीत भण्डारको स्थापनाकालागि  नगरपालिकाको बिशेष प्राथमिकता।
- बजारको विस्तारका कारण प्रयाप्त कुखुराको माग र व्यवसायीहरूको त्यसतर्फको आकर्षण ।
- उन्नत गाइ भैंसी तथा वाख्रा पालनतर्फ किसानहरूको आकर्षण।
- पशुजन्य उत्पादन र पदार्थहरूको  बढ्दो माग।

***४.१.४ उपक्षेत्रगत  लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना***

***लक्ष्य:*** नगरपालिकाको कुल आयमा कृषि तथा पशुजन्य उत्पादनको योगदान बढाउने।

***उद्देश्य:*** कृषिको व्यवसायीकरणमा जोड दिंदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि  गर्नु।

***रणनीति***

- कृषि र अन्य सीपमुलक कार्यक्रमहरुको संचालन मार्फत उद्यमशीलताको विकास गरी आर्थिक समृद्धिमा टेवा पुर्याउने।
- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र ब्यवसायीकरण गर्ने।
- सिंचाई सुबिधा भएको क्षेत्रमा समुदायमा आधारित ब्यावसायिक तरकारी खेतिलाई प्राथमिकता दिने। तरकारीमा नगरपालिकालाई आन्मनिर्भर बनाउने।
- तरकारी संकलन गरी नगरपालिका भन्दा बाहिर लैजाने सहकारी संस्थालाई निकासी तरकारीको परिमाणको आधारमा नगरपालिकाले अनुदान दिने व्यवस्था मिलाउने।
- नगरपालिकाले खाद्यान्न, तरकारी तथा फलफुलको उपयुक्त माटोको पहिचान गरी कृषकहरुलाई सिफारिस गर्न माटो परीक्षणको कार्यक्रम सञ्चालन गर्ने।
- सबै प्रकारका जमिनलाई खेर जान नदिन कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीको माध्यमबाट कृषि उत्पादन गर्ने नीति कार्यन्वयनमा ल्याउने।
- संकलन केन्द्र मार्फत कृषि उपजको बजारीकरणको प्रवन्ध गर्ने साथै मिनि कोल्ड स्टोरको विस्तार गर्ने।
- मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागि बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई तालिम दिई स्वरोजगार तथा आत्मनिर्भर हुने व्यवस्था गर्ने।
- कृषि उत्पादकत्व बृद्धिको लागि अनुदानमा आधुनिक कृषि यन्त्र तथा अन्य औजार वितरणलाई निरन्तरता दिने।
- निःशूल्क माटो परीक्षणको व्यवस्था गरिनेछ। बाली विमालाई व्यवस्थित गर्ने।

### ४.१.५ *कार्यक्रम तथा आयोजना*

- कृषि पकेट क्षेत्र बिकास अध्ययन कार्यक्रम
- कृषि पकेट क्षेत्र बिकास कार्यक्रम (अध्ययन प्रतिबेदनका आधारमा तरकारी, फुलफुल तथा अन्न उत्पादन पकेट क्षेत्रको बिकास, प्रबर्द्धन क्रियाकलापहरु सञ्चालन)
- रैथाने बाली संरक्षण कार्यक्रम (बिउ सकलन सरक्षण र बितरण)
- व्यवसायिक तरकारी पकेट क्षेत्र विकास कार्यक्रम।
- तरकारी बजारीकरण कार्यक्रम (संकलन केन्द्र तथा चिस्यान केन्द्र स्थापना, स्थानीय बजार हाट बजारको प्रबर्द्धन, आदि)
- व्यवसायिक फलफूल वाली विकास कार्यक्रम।
- स्थानीय फलफुल प्रशोधन केन्द्र स्थापना (लप्सी क्यान्डी, जुस आदी)
- कृषि उपज उत्पादन, प्रशोधन तथा वजारीकरण प्रबर्द्धन कार्यक्रम।
- कृषि उत्पादन तथा भण्डारण पूर्वाधार विकास कार्यक्रम।
- क्षमता विकास कार्यक्रम तथा अनुदान सहयोग कार्यक्रम।
- कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास।
- व्यवसायिक पशुपंक्षी विकास कार्यक्रम तथा पशुपंक्षीपालन क्षमता विकास कार्यक्रम।
- पशु विकास पूर्वाधार निर्माण।
- पशुपंक्षी विकास कार्यक्रमकालागि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास।

- समुहमा आधारित व्यवसायिक पशुपालन कार्यक्रम (सामुदायिक समुहहरुमा)
- पशुपालन पकेट क्षेत्र निर्धारण कार्यक्रम (अध्ययन प्रतिबेदनका आधारमा कुखुरा पालन, गाई, भैसी तथा बाख्रा पालन र दूध पकेट क्षेत्रको बिकास)
- साना किसान प्रवर्धन कार्यक्रम (सहकारी तथा बचत समुहहरुको माध्यमबाट स्थानीय कृषकको उत्पादन प्रबर्द्धब, व्यवस्थापन तथा बजारीकरण गर्ने)।

## ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| **प्रभाव:** | कुल उत्पादनमा कृषि उत्पादनको योगदान | प्रतिशत | ६.५ | ७.५ | ८.५ | १०.५ | १२.५ | १५ | | तीनै तहका सरकार, सहकारी सस्थाहरु तथा कृषक सम्बन्धी संघसस्थासंग सहकार्य भएको हुने |
| **असर** | कृषि क्षेत्रको बृद्धि दर | प्रतिशत | ६.५ | ७.५ | ८.० | ९.० | ९.५ | १०.० | देवदह न.पा., सहकारी तथा निजीक्षेत्र | |
| **प्रतिफल** | आफ्नो उत्पादन/आम्दानीबाट बर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ५० | ५१ | ५३ | ५५ | ५७ | ६० | | निजी र सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| | खाद्यान्न न्यून भएका वडा | संख्या | ३ | ३ | २ | १ | ० | ० | | |
| | धान उत्पादन | मे.ट्/हजार | ११.२ | १२ | १३ | १४ | १५ | १६ | | |
| | मकै उत्पादन | मे.ट. | २०० | २५० | ३०० | ३५० | ४०० | ५०० | | |
| | गहुं उत्पादन | मे.ट. | ३६२५ | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | | |
| | व्यबसायिक उत्पादन क्षेत्र | हेक्टर | २०० | २२० | २३५ | २५० | ३०० | ३५० | | |
| | तरकारी, फलफूल संकलन केन्द्र | संख्या | १ | २ | ३ | ३ | ३ | ३ | | |
| | ब्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३००० | ३२०० | ३५०० | ४००० | ४५०० | ५००० | | |
| | तरकारी उत्पादन | मे.ट्/हजार | १२ | १३ | १४ | १५ | १६ | १७ | | |
| | व्यबसायिक कृषि नर्सरी | संख्या | १२ | १८ | २४ | ३६ | ४० | ४५ | | |
| | तालिम प्राप्त कृषक | संख्या | २५०० | २६०० | २८०० | ३००० | ३२०० | ३५०० | | |
| | आधुनिक प्रविधि अवलम्बन गर्ने कृषक | प्रतिशत | ५० | ५५ | ६५ | ७५ | ८५ | ९५ | | |
| | कम्पोष्ट र जैविक मल उत्पादन | मे.ट | २०० | ३०० | ३५० | ४०० | ५०० | ५५० | | |
| | उन्नत मल, विउ तथा प्रबिधि प्रयोग गर्ने कृषक | प्रतिशत | ५० | ५५ | ६५ | ७५ | ८५ | ९५ | | |
| | कृषि सहकारी | संख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | | |
| | कृषि हाट बजार | संख्या | ८ | ८ | ८ | ९ | ९ | १० | | |
| | कृषक समूह | संख्या | १४० | १४५ | १४८ | १५० | १५५ | १६० | | |

**अपेक्षित उपलब्धि**

- व्यवसायिक कृषिको विकास भई कृषि उत्पादनले सही बजार र मूल्य प्राप्त गरी समुदाय स्तरको गरिवी निवारणमा उल्लेखनीय योगदान पुग्नेछ।
- कृषि उपजले व्यबस्थित वजार प्राप्त गरी किसानको आयस्तरमा वृद्धि हुनेछ ।
- फलफुल खेती, व्यवसायिक तरकारी खेति लगायत माछापालन जस्ता नगदेबालीहरूको विस्तार भई कृषकको जीवनस्तरमा बृद्धि आउनेछ।
- जमिन बांझो राख्ने प्रबृत्तिमा न्यूनीकरण भई जनताको खाद्य तथा पोषण सुरक्षामा सुधार भएको हुनेछ ।

## ४.२ पशु विकास सेवा

### ४.२.१ *पृष्ठभूमि*

यस नगरपालिकामा पशुपालन व्यवसाय अन्तरगत गाई, भैसि, बाख्रा, बंगूर, कूखूरा व्यवसायिक रूपमा पालिँदै आईएको छ। यस व्यवसायलाई प्रभावकारी रूपमा संचालन गर्नको लागि नगरपालिकाको पशु सेवा शाखाबाट विभिन्न कार्यक्रमहरू जस्तै नश्ल सूधार, पशु आहारा विकास, पशु स्वास्थ्य तालिम तथा प्रसार, बजार विकास जस्ता कार्यक्रमहरू संचालन भएका छन। पशुजन्य पदार्थ र वार्षिक उत्पादन तथा निर्यातको अवस्थालाई हेर्दा दूध र मासु उत्पादनमा मात्रात्मक वृद्धि भएको देखिन्छ। यस नगरपालिकाका कृषकहरूले स्थानीय स्तरमा र स्थानीय प्रविधि अनुसार पालन गरीरहेका पशुपंक्षिहरूबाट बढी उत्पादन गर्ने, कृषकहरूलाई आत्मनिर्भर बनाउन तथा आय आर्जन वृद्धि गराउन र निकासीमा समेत वृद्धि गरी यहाँको आयस्तरमा वृद्धि गर्ने लक्ष्यका साथै मानव जीवनलाई स्वस्थ र स्वस्फुर्त राख्नका लागि विभिन्न किसिमका पशु स्वास्थ्य कार्यक्रमहरू यहाँमा संचालन हुँदै आईरहेको छ। यो क्षेत्रलाई वढी व्यवस्थित राख्न र पशुसेवालाई जन समुदायको घरदैलोमा पुर्याई कृषकहरूको कार्य संचालन गर्नका लागिलागि कार्यालयले सहजीकरणको काम गरिरहेको छ।

### ४.२.२ समस्या र चुनौति

**क. *समस्या***

- समुदायमा पशु स्वास्थ्य सेवा प्रवाहमा कमी
- उन्नत पशुपालन प्रणाली र सोका लागि पर्याप्त लगानीको अभाव
- दक्ष जनशक्तिको कमी वा बिशिष्टिकृत पशु स्वास्थ्य सेवाको अभाव
- उत्पादित पशुजन्य उत्पादन र पदार्थहरूलाई बजारसम्म पुर्याउन समस्या

***ख. चुनौती***

- पशु उत्पादन तथा उत्पादकत्व बढाउनु,
- १२ महिना पोषिलो पशु आहाराको उपलब्ध गराउनु ,

- व्यवसायिक पशुपालन गर्नु,
- पशुजन्य संक्रमित रोग नियन्त्रण गर्नु
- पोषणयूक्त पशु आहारको आपूर्ति गर्नु
- पशु वीमाको व्यवस्था गर्नु

### ४.२.३ *संभावना तथा अवसर*

- पशुजन्य उत्पादनको बजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास हुँदै गएको,
- बजारको विस्तारका कारण पर्याप्त कुखुराको माग र व्यावसायिहरूको त्यसतर्फको आकर्षण
- उत्पादनमा सँलग्न किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक बनाउन सकिने अबस्था ।
- पशुजन्य उत्पादन र पदार्थहरूको बढदो माग ।
- गाई, भैंसी तथा कुखुरा पालन व्यावसाय संचालन ।
- पशु चरणका लागि खुला क्षेत्र विकास गर्न सकिने ।

### ४.२.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य***

व्यवसायिक पशुपालनका माध्यमबाट स्थानीय स्तरमा रोजगारीका अवसर सृजना गर्दै नगरवासीको जीविकोपार्जनमा सुधार ल्याउने ।

**उद्देश्य**

व्यवसायिक रूपमा पशुपंक्षीको उत्पादन वृद्धि गरी कृषकको आम्दानीमा वृद्धि गर्नु ।

***रणनीति***

- पशुपालन कार्यक्रमहरुको संचालन मार्फत उद्यमसिलताको विकास गरी आर्थिक समृद्धिमा टेवा पुर्याउने ।
- पशुपंक्षी पालन व्यबसायलाई आधुनिक र व्यवसायिक बनाउने ।
- पशु वीमा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
- नगरपालिकालाई अण्डा, मासु र मा आत्मनिर्भर बनाउन अनुदानलाई प्रभावकारी बनाउने ।
- बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई व्यवसायिक पशुपालनमा आकर्षित गर्न कार्यक्रमहरु संचालन गर्ने ।
- पशु उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन खोर गोठ भकारो सुधार तथा नस्ल सुधार कार्यक्रम लाई उच्च प्राथामिकताका साथ संचालन गर्ने ।

- पशुपालन लाई प्रोत्साहनको लागि उत्पादनमा आधारित अनुदानको कार्यक्रम लागु गर्ने ।
- पशुपालन क्षेत्रमा जुनेटिक रोग नियन्त्रण गर्नकालागि खोप कार्यक्रम संचालन गरी माहमारी रोग नियन्त्रण गर्ने ।

### ४.२.५ *कार्यक्रम तथा आयोजना*

- क्षमता विकास कार्यक्रम तथा अनुदान सहयोग कार्यक्रम ।
- पशु जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास ।
- व्यवसायिक पशुपंक्षी विकास कार्यक्रम  तथा पशुपंक्षीपालन क्षमता विकास कार्यक्रम ।
- पशु विकास पूर्वाधार निर्माण ।
- पशुपंक्षी विकास कार्यक्रमकालागि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास ।
- समुहमा आधारित व्यवसायिक पशुपालन कार्यक्रम (सामुदायिक समुहहरुमा)
- पशुपालन पकेट क्षेत्र निर्धारण कार्यक्रम (अध्ययन प्रतिबेदनका आधारमा कुखुरा पालन, गाई, भैसी तथा बाख्रा पालन र दूध पकेट क्षेत्रको बिकास)

### ४.२.६. *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजा को तह | नतिजा सूचक | एकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचना को श्रोत | का र्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | पशु उत्पादन बृद्धि दर | प्रतिशत | २.५ | २.८ | ३.० | ३.३ | ३.६ | ४.० | न.पा. को बार्षिक प्रगति विबरण | | |
| असर | पशपन्छी पालन क्षेत्रमा रोजगारी | प्रतिशत | २८.५ | २८.९ | ३० | ३१ | ३३ | ३५ | | देवदह न.पा., सहकारी, तथा निजी क्षेत्र | सहकारी र निजी क्षेत्रको सहयोग प्राप्त भएको हुने |
| प्रतिफल | दुध र दुग्धजन्य उत्पादन | मे.ट/हजारमा | १३७ | १४१ | १४३ | १४५ | १४८ | १५० | | | |
| प्रतिफल | व्यबसायिक पशुपालनमा संलग्न परिवार | संख्या | १८५० | १८७० | १९०० | १९२० | १९३५ | १९५० | | | |
| प्रतिफल | व्यबसायिक पशु फर्म | संख्या | ३५० | ३७० | ३८० | ३९० | ४०० | ४१० | | | |
| प्रतिफल | उन्नत जातका गाई | संख्या | ५२२५ | ५८०० | ६००० | ७००० | ८००० | ९००० | | | |
| प्रतिफल | उन्नत जातका भैंसी | संख्या | ६४०७ | ६८०० | ७००० | ७५०० | ८९०० | ११००० | | | |
| प्रतिफल | कृतिम गर्भाधान केन्द्र | संख्या | १ | १ | १ | २ | २ | २ | | | |
| प्रतिफल | नश्ल सुधार | प्रतिशत | ४० | ४३ | ४५ | ५० | ५५ | ६० | | | |
| प्रतिफल | उन्नत घांस उत्पादन क्षेत्र | रोपनी | ७०० | ८०० | ९०० | १००० | १२०० | १५०० | | | |
| प्रतिफल | अण्डा उत्पादन बार्षिक | गोटा/लाख | १२० | १४० | १५० | १६० | १७० | १८० | | | |
| प्रतिफल | दुग्ध संकलन तथा चिस्यान केन्द्र | संख्या | ४० | ४० | ४१ | ४३ | ४६ | ५० | | | |
| प्रतिफल | डेरी पसल | संख्या | ४० | ४१ | ४२ | ४३ | ४४ | ४४ | | | |
| प्रतिफल | पशु भेटनरी (एग्रोभेट) | संख्या | २२ | २२ | २३ | २४ | २५ | २५ | | | |
| प्रतिफल | बाखा श्रोत केन्द्र | संख्या | १ | १ | २ | ३ | ४ | ५ | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | पशु वीमामा आबद्ध परिवार | प्रतिशत | ५ | १५ | २५ | ३५ | ४० | ५० | | | |
| प्रतिफल | व्यवस्थित चरन क्षेत्र | हेक्टर | १६ | १६ | १७ | १७ | १८ | १८ | | | |
| प्रतिफल | मह उत्पादन | मे.ट | २० | २१ | २३ | २५ | २८ | ३० | | | |

### अपेक्षित उपलब्धि

पशु उत्पादनको बृद्धि दर ४ प्रतिशत पुगेको हुनेछ। यस क्षेत्रमा ३५ प्रतिशत रोजगारी उपलब्ध भएको हुनेछ । व्यबसायिक पशुपालन गर्ने फर्म ४१० पुगेका हुनेछन । पशु वीमाको दायरा ५० पुगेको हुनेछ। चरन क्षेत्रको विकास भएको हुनेछ ।

## ४.३ सिंचाई विकास

### *४.३.१ पृष्ठभूमि*

यस नगरपालिकाको दक्षिण तर्फको विशाल कृषियोग्य रहेको छ । यहाँ रहेका जल भण्डारहरूको श्रोत साना नदीहरू, भूमिगत जलभण्डार र ससाना ताल तलैया तथा पोखरीहरू रहेका छन् । रोहिणी, भलुही, घोडाहा, ज्यामिरे, सरन, खहरे, त्रिसुली आदि यस नगरपालिकाका प्रमुख नदी तथा खोलाहरू हुन । तर यी खोला तथा पोखरीवाट उल्लेखनीय सिंचाइ सुविधा पुग्न सकेको छैन । यहाँ सर्वयाम सिंचित हुने कृषियोग्य क्षेत्र ५४ प्रतिशत, वर्षायाममा सिंचित हुने क्षेत्रफल ८८ प्रतिशत, परम्परागत रूपले सिंचाई सुविधा पुर्याई रहेका सिंचाई योजना ३६ प्रतिशत रहेकाछन । यसरी हेर्दा यहाँ सवै कृषियोग्य भुमीमा सिंचाई हुन नसकेको देखिन्छ ।

### *४.३.२ समस्या तथा चुनौती*

**क. समस्या**

योजनाहरूबाट लागत अनुसारको प्रतिफल प्राप्त नहुनु, सिंचाई प्रणालीको समयबद्ध मर्मत सम्भार नहुनु, सिंचाईको स्थाई श्रोत र आयोजनाको अभाव हुनु, आदि प्रमूख समस्या हुन ।

**ख. चुनौति**

कृषि योग्य जमिनमा सर्वयाम सिंचाई सुविधा उपलब्ध गराउनु,सिंचित जमिनलाई कृषि बाहेक अन्य प्रयोग हुनबाट रोक्नु, सिंचाई प्रणालीहरुलाई दीगो ब्यवस्थापन गर्नु आदि प्रमूख चुनौति हुन ।

### *४.३.३ संभावना तथा अवसर*

सतह तथा भूमिगत सिंचाईका श्रोत हुनु, सिंचाईप्रति नगरपालिकाको प्राथमिकता हुनु, कृषकहरुको सहभागिता हुनु , नगरपालिका भित्र यहाँ सर्वयाम सिंचित हुने कृषियोग्य क्षेत्र ५४ प्रतिशत, वर्षायाममा सिंचित हुने क्षेत्रफल ८८ प्रतिशत, परम्परागत रूपले सिंचाई सुविधा पुर्याई रहेका सिंचाई योजना ३६ प्रतिशत हुनु आदि प्रमूख सम्भावना र अबसर हुन ।

### *४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य :*** कृषि योग्य जमिनमा सिंचाई सुबिधा बिस्तार गर्ने ।

***उद्देश्य:*** कृषियोग्य जमिनमा सर्बयाम सिंचाई सुविधा उपलब्ध गराउनु।

***रणनीति***

- नगरपालिका भित्रका कृषियोग्य भुमिमा सिँचाइको व्यवस्था मिलाउने।
- रोकिएका वा बन्द योजनाहरूलाई मर्मत गरी पुनः सञ्चालन गर्ने नीति अवलम्वन गर्ने ।
- हाल निर्माणाधिन आयोजना सिघ्र सम्पन्न गर्ने।
- निर्माण प्रकृया शुरु भइसकेको देविदमार बड्की बाध सिँचाई योजना समयमै सम्पन्न गर्न सहजिकरण गर्ने।
- बङ्गला बङ्गाली सिँचाई बाँध, कदमिपुर कजरार सिँचाई बाँध, पनफेक्का सिँचाई बाँध जस्ता सबै सिँचाइका योजनाहरुको बाँध तथा कुलो संरक्षण, प्रवद्र्धन र पुनर्निर्माणमा जोड दिने ।
- देवदह २ मा निर्माणधिन रोहिणी सिँचाई बाँध योजना अनुरुप समयमै सम्पन्न गर्नका लागी आवश्यक सहजीकरण र विशेष जोड दिने ।

### ४.३.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजा को तह | नतिजा सूचक | एकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचना को श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | सिंचित जमिन | प्रतिशत | ८८ | ८८ | ९० | ९२ | ९३ | ९५ | नगरपालिका को बार्षिक प्रतिवेदन | | |
| असर | सर्बयाम संचाई हुने जमिन | प्रतिशत | ५४ | ५७ | ६० | ६५ | ६८ | ७२ | | नगरपालिका | प्रदेश सरकार तथा सिंचाई उपभोक्ता समूहबाट सहयोग र सहकार्य भएको हुने |
| प्रतिफल | कुलो सुधार | प्रतिशत | ५५ | ५५ | ५८ | ६० | ६३ | ६५ | | | |
| प्रतिफल | सिंचाई मुहान संरक्षण | संख्या | १२ | १४ | १५ | १८ | २० | २१ | | | |
| प्रतिफल | सिंचाई उपभोक्ता समितिका सदस्यको क्षमता विकास | संख्या | १४६ | १५० | १६० | १७० | १८० | १९० | | | |

**अपेक्षित उपलब्धि**

सिंचाई पूर्वाधारको विकास र विस्तार भई कृषि उत्पादनमा वृद्धि भएको हुनेछ।

### ४.३.६ *प्रमुख कार्यक्रम*

- सिंचाई योजना निर्माण तथा मर्मत सम्भार।
- नयाँ सिंचाई आयोजना निर्माण एवं संचालन।
- सिंचाई उपभोक्ता सामतिको क्षमता विकास तथा जनशक्ति व्यवस्थापन कार्यक्रम।

- बैकल्पिक सिंचाई प्रणाली बिकास कार्यक्रम (प्लास्टि पोखरी निर्माण, पाइप सिंचाई,  लिफ्ट सिंचाई, थोपा सिंचाई आदि)
- मूल संरक्षण, व्यवस्थापन तथा सिंचाई सुबिधा विस्तार कार्यक्रम

## ४.४ पर्यटन, सँस्कृति तथा सम्पदा

### *४.४.१ पृष्ठभूमि*

बिश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्धको मावली र ससुराली स्थल हुनुका साथै प्राचिन कोलिय गणराज्य हुनुका कारण देवदहले नेपालका मात्र होइन बिश्वभरका पर्यटकलाई आफनो आँगनमा ल्याउने प्रयत्न गर्न जरूरी छ । देवदहका जमिन मुनि विश्वसम्पदा सुचिमा पर्ने प्राचिन स्मारकहरू रहेका छन, तिनलाई सतहमा ल्याउन नगरपालिका, समुदायको प्रयास रहन जरूरी छ । पुरातत्व विभागले गरेको उत्खननबाट यहाँ १२ सय बर्ष अगाडिका मानव सभ्यता फेला परेका छन । पर्यटन एवं धार्मिक स्थल र क्षेत्रहरुः भवानीपुर मन्दिर, कन्यामाई, बेरीमाई, खयरडाडा, दह (मंगलपुष्करीणी), पाकडी  वृक्ष, सिमसार रोहणीनदी, माथागढी, यशोधरा पार्क, मायादेवी पार्क, लोकेश्वर मन्दिर, बोटानिकल गार्डेन आदि  प्रमुख पर्यटकिय क्षेत्रहरू हुन ।।

यहांको पर्यटन विकासको अवस्थालाई हेर्दा पर्यटकीय गन्तव्यको संख्या – ३, पालिकाको कुल ग्राहस्थ उत्पादनमा पर्यटनको हिस्सा २.५ प्रतिशत,  र वार्षिक पर्यटक आगमन (आन्तरिक तथा बाह्य) संख्या ५००० आएको देखिन्छ ।

### *४.४.२ समस्या तथा चुनौती*

**क. समस्या**

पर्यटकीय स्थलहरूको प्रचास प्रसार हुन नसक्नु, युवा बर्गहरूमा आफ्नो संस्कृति प्रति उदाशीनता रहनु, धार्मिक तथा पयर्टकीय स्थलहरूमा होम स्टेको व्यवस्था नहुनु, मन्दिर छेउँछाउँका प्रकृतिक स्थलहरूको भ्रमण गर्न पदमार्ग व्यवस्थित नहुनु, पर्यटकीय जनशक्तिको कमी हुनु आदि प्रमूख समस्या हुन।

**ख. चुनौती**

पर्यटकीय पूर्बाधारको विकाश गर्नु, पर्यटकीय जनशक्ति विकाश गर्नु, पर्यटकीय क्षेत्रको बिकाश गर्नु, स्थानीय कला सस्कृति र पर्यटकीय क्षेत्रको प्रचार प्रशार गर्नु, लुम्विनी घुम्न आउने पर्यटकलाई देवदहमा आकर्षित गर्नु आदि प्रमूख चुनौति हुन।

### *४.४.३ संभावना तथा अवसर*

ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वको स्थान हुनु, पुरातत्व विभागले गरेको उत्खननबाट यहाँ १२ सय बर्ष अगाडिका मानव सभ्यता फेला पर्नु, लुम्बिनी को नजिक हुनु, भारतीय नाकाको नजिक हुनु, सडक तथा हवाई यातायातको सुबिधा हुनु, बौद्ध तिर्थस्थलकोरुपमा रहनु, भवानीपुर, एतिहासिक पाँकरी बृक्ष, बैरीमाई कन्यामाई, देवदह र खयरडाँडा जस्ता क्षेत्रहरूमा रहेका प्राचिन ईँटाहरूले प्राचिनतम मानव सभ्यतास्थल हो भन्ने कुरा प्रमाणित हुनु,  पर्यटन क्षेत्रको वृहत्तर गुरूयोजना तयार हुनु, नगरपालिकाको प्राथमिकताको बिषय रहनु आदि प्रमूख सम्भावना र अबसर हुन।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान बृद्धि गर्ने ।

**उद्देश्य**

आन्तरिक पर्यटकको आगमन बढाउनु ।

**रणनीति**

- Home Stay संचालनको सम्भाव्यता भएका पर्यटकीय क्षेत्रहरुमा बन्ने प्रत्येक नयाँ घरका कम्तिमा दुईवटा कोठा पर्यटक लक्षित गरी वनाउन प्रोत्साहन गर्ने ।
- पर्यापर्यटनका सम्भाव्य ठाउँहरुको पहिचान, संरक्षण र प्रचार गर्ने ।
- पर्यटनलाई आर्थिक उपार्जनसंग जोड्ने ।
- लुम्विनी क्षेत्र विकास कोषसंगको सहकार्यमा लुम्विनी भ्रमणमा आउने पर्यटकहरुलाई कम्तिमा १ दिनको देवदहमा भ्रमण र रात विताउने ब्यबस्था गर्ने।
- ऐतिहासिक पुस्करिणी दहको संरक्षण र सम्बर्द्धन गर्ने ।
- गौतम बुद्धसम्वन्धी विषयबस्तुको उत्खनन, खोज, र अनुसन्धान गर्ने ।
- पाकरी बृक्षको संरक्षण गरी यसको महिमाको प्रचार प्रसार गर्ने ।
- भवानीपुरमा संचालित सुचनाकेन्द्रलाई पर्यटन सुचना केन्द्रको रुपमा संचालन गर्ने ।
- स्थानीय कला, संस्कृति र परम्पराको पहिचान, प्रसार र संरक्षण गर्ने नीति अंगीकार गर्ने ।

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | न.पा.को कुल गार्हस्थ्य उत्पादनमा पर्टनको हिस्सा | प्रतिशत | २.५ | ३.० | ३.५ | ३.८ | ४.५ | ५.० | नगरपालिकाको बार्षिक प्रतिवेदन | नगरपालिका तथा निजी क्षेत्र | निजी क्षेत्रसंग समन्वय र सहकार्य भएको हुने। |
| असर | पर्यटक आगमन (आन्तरिक तथा बाह्य) | संख्या/हजार | ५० | ६० | ६९ | ७५ | ८० | ९० | | | |
| **प्रतिफल** | पर्यटन व्यबसायमा संलग्न | संख्या | ८५० | १०५० | १४०० | १८०० | २२०० | २५०० | | | |
| | पर्यटकीय गन्तब्य | संख्या | ११ | १५ | १८ | २० | २२ | २५ | | | |
| | पार्क | संख्या | ५ | ५ | ७ | ८ | ९ | १० | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | पुरातात्विक क्षेत्रको संरक्षण | संख्या | ५ | ५ | ५ | ६ | ६ | ६ | | | |
| | पर्यटकीय होटल | संख्या | ४ | ४ | ५ | ६ | ८ | १० | | | |
| | आएका मध्ये देवदहमा बास बस्ने पर्यटक | प्रतिशत | ३.२ | ४.५ | ५.५ | ७ | १० | १५ | | | |
| | पदमार्ग निर्माण | कि.मी | ० | ७ | ८ | १० | १० | ११ | | | |
| | व्यव्सथित होमस्टे | संख्या | ४ | ५ | ८ | १० | १० | १२ | | | |
| | पर्यटकीय सूचना केन्द्र | संख्या | ० | ० | १ | १ | २ | ३ | | | |

**अपेक्षित उपलब्धि**

(क) पर्यटकीय क्षेत्रहरूको पहिचान हुनुका साथै आवश्यक पर्यटकीय पूर्वाधारहरूको विकास तथा विस्तार भएको हुनेछ, जस्ले आन्तरिक पर्यटनमा सघाउ पगेको हुनेछ।

(ख) धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र  विकास हुनेछ।

(ग) पर्यटन विकास गुरू योजना तयार गरी यससँग  सम्बन्धित विविध कार्यक्रमहरू संचालन हुनेछन।

### ४.३.६ *प्रमुख कार्यक्रम*

- पर्यटन पूर्बाधारको बिकास (निजि क्षेत्रको सहभागितामा फन पार्क तथा वनभोज स्थलको बिकास, पर्यटनर्मागको बिकास)
- होमस्टे पहिचान तथा प्रबर्द्धन कार्यक्रम (निजि तथा सरकारी साझेदारी)
- पर्यटन प्रबर्द्धन कार्यक्रम (प्रचार प्रसार तथा क्षमता विकासः लक्षित वर्गलाई टुर गाइड तालिम, स्थानीय संस्कृतिको प्रबर्द्धन, कोसेली घरको प्रबर्द्धन)

## ४.५ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.५.१ *पृष्ठभूमि*

यस नगरपालिकामा शहरीकरणको बढ्दो गतिले इटा टायल र ह्युम पाइप उद्योगहरू तथा अन्य लघु उद्यमहरू निकै फस्टाएका देखिन्छन। यसका अलावा सिमेन्ट उद्योग, डेरी उद्योग, चाउचाउ उद्योग आदि समेत स्थापना भएको पाईन्छ। नगरपालिकामा औद्यगिक विकासका सूचकहरूलाई हेर्दा दर्ता गरिएका चालू साना तथा घरेलु उद्योग ३८८, उद्योग तथा व्यापार व्यवशायको पालिकाको कुल ग्राहस्थ उत्पादनमा योगदान  १२.४ प्रतिशत, उद्योग तथा व्यापार व्यवशायमा प्राप्त रोजगार संख्या

३२००, साना तथा घरेलु उद्योगमा रोजगारी संख्या २७७६, कृषि उद्योगधन्दाको विस्तार १० प्रतिशत रहेको जसबाट उद्यमीहरूको आयमा १४ प्रतिशत वृद्धि भएको पाईन्छ।

व्यापार तर्फ अटोमोबाइल, होटेल, किराना, टेलरिङ, टायल निर्माण व्यवसाय, कृषि, पशुपालन र दुग्धजन्य पदार्थहरूको यस नगरपालिकामा व्यवस्थित रूपले व्यवशाय गरेको पाईन्छ। यसबाट आन्तरिक तथा वाह्य रोजगारीको समेत प्रशस्त सृजना भएकोछ। तथापि, भारतको खुला सीमा, खुल्ला भन्सार नीति भएको कारण धेरै उद्योगी व्यवसायीहरू समस्यामा परेको देख्न सकिन्छ।

### *४.५.२ समस्या तथा चुनौती*

**क. समस्या**

लघु तथा घरेलु र हस्तकलामा आधारित उद्योगहरूको व्यवसायीकरण गर्न नसकिनु र प्रतिस्पर्धामा आउन नसक्दा विस्थापित हुंदै जानु, उत्पादन र मागमा आधारित साना तथा घरेलु उद्योगको स्थापनाका लागि पकेट क्षेत्रहरूको पहिचान हुन नसक्नु, साना उद्योगी तथा व्यवसायीहरूलाई कर छुट तथा प्रोत्साहनको कुनै प्याकेजहरूको व्यवस्था हुन नसक्नु,घरेलु उत्पादनका सामग्रीहरूको विक्री कक्ष तथा बजारको अभाव, लगानीकर्ताहरूलाई निम्त्याउन नगरपालिकामा लगानीमैत्री नीतिहरू बनाउन र सोको कार्यान्वयन समेत गर्न नसकिनु,उद्योग ब्यबसाय स्थापना तथा संचालन गर्न पूजीको अभाव हुनु आदि प्रमूख समस्या रहेका छन।

**ख. चुनौति**

औद्योगिक पूर्बाधारको विकाश गर्नु,औद्योगिक लगानी आकर्षित गर्नु, उद्यमशीलताको विकाश गर्नु आदि प्रमूक चुनौति हुन।

### *४.५.३ संभावना तथा अवसर*

पूर्ब-पश्चिम लोकमार्गको अबस्थिति, वुटवल, भैरहवा, भरतपूरजस्ता ठुला शहरको सामिप्यतामा रहनु, नगरपालिकाको लगानीमैत्री नीति रहनु, बन,कृषि तथा दुग्धजन्य उद्योगको सम्भावना रहनु, बुटवल- देवदह- सुनवललाई औद्योगिक करिडोरकोरुपमा विकाश गर्न सकिने अबस्था रहनु, उद्योगको सम्भावना रहनु आदि।

### *४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्यः*** औद्योगिक उत्पादन बढाउंदै नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा उद्योग व्यवसायको योगदान बढाउनु।

***उद्देश्यः*** उद्योग व्यवसायबाट रोजगारीका अबसर बृद्धि गर्नु।

***रणनीति***

- लगानीमैत्री वातावरण तयार गर्न उद्योगका लागी जग्गा रजिष्ट्रेशन करमा विशेष सहुलियत र छुट दिने।
- महिला उद्यमी तथा व्यवसायीहरुलाई आकर्षण गर्न आर्थिक सहुलियत प्रदान गर्ने।
- निर्माण उद्योग संचालनमा आर्थिक र प्राविधिक सहयोग गर्ने।

- रोजगारी सिर्जनामा योगदान दिने साना उद्योगलाई प्रोत्साहन दिने।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको सिप क्षमता र जाँगरलाई उपयोग गरि समग्र नगरको विकासमा टेवा पुर्याउन मेयरसंग युवा उद्यम कार्यक्रम संचालन गर्ने।
- युवा उद्यमसिलता प्रवद्र्धनमार्फत युवाहरुलाई स्वरोजगार बनाउने।
- नदीजन्य पदार्थको प्रभावकारी व्यवस्थापन गरी आम नगरबासीलाई सहुलियत दरमा ढुङ्गा, गिटि, बालुवा लगायतका नदीजन्य पदार्थ उपलब्ध गराई राजश्व समेत अभिबृद्धि गर्ने उद्देश्यका साथ क्रसर उद्योग स्थापना गरी संचालनमा ल्याउने।
- महिला उद्यमीहरुद्धारा उत्पादित सामाग्रीहरुको बजारीकरणमा प्रोत्साहन गर्ने गर्ने।

### ४.५.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा उद्योग व्यापर ब्यवसायको योगदान | प्रतिशत | १२.४ | १४ | १६ | १९ | २० | २२ | न.पा.को बार्षिक प्रगति प्रतिबेदन | | |
| **असर** | उद्योग व्यापर ब्यवसायबाट सृजित रोजगारी | संख्या | ३२०० | ३३५० | ३५०० | ३६५० | ३८५० | ४००० | | नगरपालिका र निजीक्षेत्र | संघीय तथा प्रदेश सरकार तथा निजीक्षेत्रसंग समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल** | चालु साना तथा घरेलु उद्योग | संख्या | ३८८ | ३९५ | ४०२ | ४१० | ४२१ | ४३० | | | |
| | चालु मझौला तथा ठुला उद्योग | संख्या | २ | ४ | ५ | ५ | ५ | ५ | | | |
| | औद्योगिक बस्तु निकासी (वार्षिक-करोडमा) | रू. | ५० | ७५ | १०० | २०० | ५०० | ७५० | | | |
| | उद्योग ब्यबसायमा अनुदान | प्रतिशत | २५ | २५ | ४० | ५० | ५० | ५० | | | |
| | उद्यमीहरुको आया वृद्धि | प्रतिशत | १४ | १५ | १५ | १६ | १७ | १८ | | | |
| | कृषिजन्य उद्योगको स्थापना | प्रतिशत | १० | १२ | १२ | १३ | १४ | १५ | | | |
| | चालु ब्यापार, ब्यबसाय | संख्या | १३७८ | १४४० | १५८० | १६९० | १८०० | २०००० | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | उद्यम सम्बन्धी तालिम प्राप्त जनशक्ति | संख्या | ८५ | ९० | १०० | १२५ | १५० | २०० | | | |
| | हाट बजार केन्द्र | संख्या | ३ | ५ | ७ | ८ | १० | १२ | | | |
| | बजार अनुगमन (वार्षिक) | पटक | १ | ४ | ४ | ४ | ४ | ४ | | | |
| | स्थानीय उद्योग, बाणिज्य संघसंग अन्तर्क्रिया (वार्षिक) | पटक | १ | २ | ४ | ४ | ४ | ४ | | | |
| | स्थानीय औद्योगिक मेला आयोजना (वार्षिक) | पटक | १ | २ | २ | २ | २ | २ | | | |

**अपेक्षित उपलब्धि**

- समुदाय स्तरमा परम्परागत तथा सानो लगानीमा घरेलु तथा साना उद्योगहरू स्थापना भई स्थानीय स्तरमा रोजगारीको सिर्जना हुनुका साथै आम्दानीमा वृद्धि भएको हुनेछ।
- स्थानीय स्रोतमा आधारित उद्यम व्यवसायहरूको सृजना भई उद्यमीहरूको आय आर्जनमा वृद्धि हुनुका साथै गरिवी न्यूनीकरणमा टेवा पुग्नेछ।
- आय आर्जन तथा व्यवसायका लागि बैंकहरूमा ग्रामीण स्तरका जनताहरूको पहुंचमा वृद्धि भई जनताले थप कर्जा प्राप्त गर्नेछन।
- समुदाय स्तरमा बचत गर्ने बानीको विकास हुनुका साथै आय आर्जन तथा व्यवसायका लागि सहकारी संस्थाहरूमा जनताको पहुँच बढनुका साथै स्थानीय स्तरमा रोजगारीको सृजना भएको हुनेछ।

### ४.५.६ *प्रमुख कार्यक्रम*

- स्थानीय सीप बिकास तालिम,
- स्थानीय फलफुल प्रशोधन केन्द्र स्थापना,
- एक घर, एक लघु उद्यम कार्यक्रम (सुलभ ऋण, अनुदान, बिमा, संस्थागत विकास ),
- लक्षित वर्ग स्वरोजगार कार्यक्रम (परम्परागत पेशामा आधारित व्यवसाय प्रबर्द्धन )

## ४.६ सहकारी तथा वित्तीय व्यवस्था

### ४.६.१ *पृष्ठभूमि*

बैंक क्षेत्रतर्फ यस नगरपालिकामा हेर्दा देवदहको खैरेनीमा रहेको गरिमा विकास बैंक, कामना सेवा विकास बैंक, ग्लोबल आइएमई बैंक,एनआईसी एसिया बैंक लगायत राष्ट्रिय स्तरका वाणिज्य बैंक १० वटा, लघुवित्त ७ र विकास बैक ४ वटा गरी कुल २१ वटा वित्तीय सेवा प्रदान गर्ने गरिरहेकाछन । बैंकिङ्ग क्षेत्र तर्फका सूचकहरूलाई हेर्दा वित्तीय संस्थाहरूमा नगरपालिकाका सतप्रतिशत जनताहरूको पहुंच पुगेको स्थित देखिन्छ । जहाँ ७९ प्रतिशत परिवारहरूको वैंकिङ खाता रहेको देखिन्छ ।

यस नगरपालिकामा स्थापना भएका सहकारीहरू विभिन्न प्रकृतिका भएपनि सहकारीले गर्ने लगानीको क्षेत्र भने एउटै पाइएको छ । अधिकांश सहकारी संस्थाहरूले व्यवसायमा ऋण लगानी गर्ने गरेका छन् । त्यस्तै, घर जग्गा खरिद र हायर पर्चेजमा पनि ऋण लगानी गरेको तथ्यांकले देखाएको छ । कुल ऋण लगानीमध्ये अधिकांश सहकारीले ६० प्रतिशत व्यवसाय र बाँकी ४० प्रतिशत मात्र अन्य क्षेत्रमा लगानी गरेका छन् । यस नगरपालिकामा कार्यरत सहकारी संख्या ४० रहेकाछन, जहाँ २४० भन्दा बढी जनशक्तिले रोजगार पाईरहेको देखिन्छ ।

### ४.६.२ *समस्या तथा चुनौती*

#### क. समस्या

सहकारीका कार्यसमितिलाई संस्था संचालन सम्बन्धी अभिमुखीकरण तालिमको समय सापेक्ष व्यवस्था गर्न नसकिनु, व्यवस्थापक तथा कर्मचारीलाई लेखा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था हुन नसक्नु, स्थानीय स्तरमा उद्यमशिलता एवम् नेतृत्व विकासमा सवै सद्श्यहरूले समान अवशर पाउन नसक्नु, वित्तीय साक्षरता कमजोर हुनु, वित्तीय सेवामा पहुँच र उद्यमशिलता विकास गर्न सकिनु, कमजोर नियमन हुनु, सहकारी लगानीको विकास हुन नसक्नु, सहकारीको लगानीलाई आय आर्जन, रोजगारी, उद्यमशिलता र गरिव र पिछडिएका बर्गको उत्थानमा प्रयोग गर्न नसकिनु आदि प्रमूख समस्या हुन।

#### ख. चुनौति

वैंक तथा वित्तीय सस्थाको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्नु, ससाना वचत परिचालन गरी पुंजीको विकाश गर्नु, सहकारीहरुको नियमन गर्नु आदि प्रमूख चुनौति हुन।

### ४.६.३ *संभावना तथा अवसर*

सामाजिक एकिकरणमा सहयोग जस्तै जाति धर्म,सम्प्रदाय र विचारका आधारमा विभाजित समाजलाई जोड्न मद्दत हुनु, छरिएर रहेका ससाना बचत संकलन भई पुंजी परिचालित हुनु, संस्थागत जनसहभागितामा बढोत्तरी हुनु, महिला सशक्तिकरणमा सहयोगपुग्नु, जातिय र साम्प्रदायिक भावनमा कमी ल्याउन सहयोग पुग्नु, ग्रामिण क्षेत्रलाई चलायमान गराउन सहयोग पुग्नु, सहकारीमा महिला र पिछडिएका बर्गको आबद्धता पर्याप्त हुनु आदि प्रमूख सम्भावना र अबसर हुन।

### ४.६.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

**लक्ष्यः**

सहकारी एवं वित्तीय सस्थाहरुको लगानी उत्पादनशील क्षेत्रमा परिचालन गर्ने ।

**उद्देश्य**

बैंकिग र सहकारीलाई नगरपालिकाको आर्थिक विकासमा मुलप्रवाहीकरण गरी स्थानीय समुदायमा रोजगारी, स्वरोजगारी र आयआर्जनका अवसरहरूमा वृद्धि गर्नु ।

**रणनीति**

- सहकारीको प्रभावकारी अनुगमन र नियमन गर्ने।
- देवदहका वित्तिय संस्थाहरुसंग पारस्परिक सहयोग र समान दृष्टिकोणको नीति अवलम्वन गर्ने ।
- वित्तिय संस्थाहरुसँगको साझेदारीमा उद्यममा आधारित क्षेत्रमा लगानी प्रबद्र्धन गर्ने नीति अवलम्बन गर्ने ।
- सहककारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने।
- सरकारी, निजी र सहकारीको साझेदारी मार्फत नगरको सर्वाङ्गिण विकासमा जोड दिने।
- सहकारीको लगानी महिला तथा विपन्न बर्गको आय र रोजगारीमा केन्द्रित गर्ने।

### ४.६.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | उत्पादनशील क्षेत्रमा सहकारी तथा अन्य वित्तीयक्षेत्रको लगानी (लाखमा) | रू. | ५० | ७५ | १०० | १५० | १७५ | २०० | नगरपालिकाको बार्षिक प्रतिवेदन | नगरपालिका तथा सहकारी सस्थाहरु | निजी क्षेत्र तथा सहकारी एवं वित्तीय सस्थाहरुको सहयोग भएको हुने |
| असर | सहकारी क्षेत्रबाट सृजित रोजगारी | संख्या | २५० | २६० | २६५ | २६८ | २७५ | २९० | | | |
| **प्रतिफल** | चालु सहकारी सस्था | संख्या | ४० | ४२ | ४४ | ४४ | ४४ | ४५ | | | |
| | सहकारीमा आबद्ध जनसंख्या | प्रतिशत | १२ | १८ | २५ | ३० | ३२ | ३५ | | | |
| | सहकारी मार्फत सीपयुक्त तालिम प्राप्त जनशक्ति | संख्या | ४५० | ६५० | ८०० | ९५० | १०५० | १२०० | | | |
| | सहकारीमा महिला सदस्य | प्रतिशत | ४६ | ५० | ६० | ६५ | ७० | ७५ | | | |
| | सहकारी सस्थाको अनुगमन (वार्षिक) | पटक | १ | १ | २ | २ | ४ | ४ | | | |
| | कार्वाहीमा परेका सहकारी | संख्या | ० | ० | ० | ० | ० | ० | | | |
| | निजीक्षेत्रवाट चालु वित्तीय संस्था | संख्या | ७ | ७ | ७ | ८ | ८ | ९ | | | |
| | बैंक तथा वित्तीय सस्थामा खाता हुने परिवार | प्रतिशत | ७९ | ८५ | ८८ | ९० | ९२ | ९५ | | | |

***अपेक्षित उपलब्धि***

सहकारी तथा वित्तीय क्षेत्रको लगानी २ करोड पुगेको हुने र २९० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका हुनेछन। सहकारीमा महिला सदस्य संख्या ७५ प्रतिशत पुगेका हुनेछन। ९५ प्रतिशत घर परिवारको बैंकमा खाता भएको हुनेछ। सहकारीको प्रभावकारी अनुगमन र नियमन भएको हुनेछ।

**४.६.६ *कार्यक्रम***

- निजि क्षेत्रका वित्तिय संस्थाहरूको स्थापना,
- कर्जा प्रवाहका लागी योग्य सहकारीहरूको व्यवस्थापन,
- रोजगारीको अवसरमा वृद्धि (प्रतिशत),
- सहकारीमा आबद्ध  घरधुरी संख्यामा बृद्धि,
- सहकारी मार्फत सिपयूक्त तालिम ।

# परिच्छेद ५ : सामाजिक विकास

विकासको अवस्थालाई मापन गर्ने, त्यसलाई महसूस गर्ने र त्यसको सहज उपयोग गर्न सकिने अवस्थाको सिर्जना सामाजिक विकासवाट मात्र संभव रहन्छ । सामाजिक विकास ज्यादै व्यापक अर्थमा प्रयोग हूने अवस्था हो । यस भित्र शिक्षा, स्वास्थ्य, लैङ्गिक विकाश, खानेपानी जस्ता विभिन्न विषयगत क्षेत्रहरूलाई समेटिएको छ । देवदह नगरपालिकामा हाल सम्म संचालित तथा विकसित सामाजिक विकासको अवस्थालाई यसभित्र समेटिएका छन ।

सामाजिक विकाससंग सम्बद्ध सेवाहरूलाई दीगो विकास लक्ष्यहरूसंग प्रत्यक्ष रूपमा जोड्नका लागि लक्ष्य ३ - स्वस्थ जीवनको सुनिश्चित गर्ने र सबै उमेरका सबैलाई तन्दुरूस्त बनाउने, लक्ष्य ४ - समावेशी तथा समतामूलक गुणस्तरयुक्त शिक्षाको सुनिश्चित गर्ने एवं आजीवन सिक्ने भावनाको अभिवृद्धि गर्ने, लक्ष्य ५- लैङ्गिक समानता सुनिश्चित गर्दै सबै महिला तथा बालिकाको सशक्तीकरण गर्ने, र लक्ष्य ६ - सबैका लागि खानेपानीको उपलब्धता र सरसफाइको दीगो व्यवस्थापन गर्ने कार्यलाई आबधिक योजनासंग जोड्न र सामाजिक विकास क्षेत्रमा विविध उपलब्धिहरू हासिल यो योजना केन्द्रित रहेकोछ ।

## ५.१ शिक्षा

### *५.१.१ पृष्ठभूमि*

यस नगरपालिकाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा जनसंख्याको कुल ८० प्रतिशत साक्षर (पूरूष ८८ प्रतिशत र महिला ७२ प्रतिशत) रहेको देखिन्छ । यहाँ प्राथमिक तहको खुद भर्नादर ९६.८२ प्रतिशत, उच्च शिक्षाका लागि २ वटा क्याम्पस, अनुमती प्राप्त जम्मा विद्यालय संख्या ५० वटा भएको देखिन्छ । नगरपालिका भित्र नगर शिक्षा ऐन तथा कार्यविधी तयार गरी आवश्यकता र औचित्यका आधारमा सामुदायिक विद्यालयको समायोजन एवम् एकीकरण तथा शिक्षक दरबन्दी मिलान गरेको देखिन्छ । शिक्षक दरबन्दी मिलान गर्दापनि संचालित कक्षा, शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक न्यून भएका विद्यालयहरूमा शिक्षक अनुदानको व्यवस्था गरिएको छ। सामुदायिक विद्यलायको शिक्षामा पहुँच बृद्धी गर्न, टिकाउ र गुणस्तर सुधारको सुनिश्चिततामा जोड दिईएको छ । सामुदायिक विद्यालयमा गरिव, विपन्न र आर्थिक अवस्था कमजोर भएकाले मात्र पढ्ने शिक्षालय भन्ने जुन मान्यता छ त्यसलाई भत्काएर सबैका लागि सम्मान गर्ने खालको सामुदायिक विद्यालय बनाउने प्रयासमा नगरपालिका कार्यरत छ । नगरपालिकाले शिक्षकको अभावलाई मध्यनजर गरी मा.वि. तहमा १२ जना र आधारभूत तहमा ८ जना थप शिक्षक दरबन्दी सृजना गरेको छ।सबै मा.बि. तहमा कम्तिमा एक मा.बी. तहको शिक्षक दरबन्दीको ब्यबस्था गरी प्रधानाध्यापकको ब्यवस्थापन गरेको छ। आधारभूत तह (कक्षा १-८)मा स्थानीय पाठ्य पुस्तक “ हाम्रो देवदह” लागु गरिएको छ । नगरपालिकाले माध्यमिक तह सञ्चालन भएका बिद्यालयलाई बस उपलब्ध गराएको छ।

उच्च शिक्षातर्फ देवदहमा लुम्बिनी बौद्धविश्वविद्यालय एक सामुदायिक क्याम्पस तथा एक निजी क्याम्पस संचालित छन।

### *५.१.२ समस्या तथा चुनौती*

**क. समस्या**

सिकाई दर कमजोर हुनु, अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात नमिल्नु, कतिपय सामुदायिक विद्यालयमा विद्यार्थी न्युन हुंदै जानु,कतिपय विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था नहुनु, भूकम्प प्रतिरोधी पूर्वाधारको व्यवस्था नहुनु, धेरै सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सूचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितता नहुनु आदि प्रमूख समस्या हुन ।

**ख.चुनौति**

शैक्षिक गुणस्तर बढाउनु, प्राविधिक शिक्षामा जोड दिनु, सामुदायिक र निजी बिद्यालयको गुणस्तर समान गर्नु, बालबालिका तथा अपाङ्गतामैत्री विद्यालय पूर्वाधारको ब्यवस्था गर्नु, सबै बिद्यालयमा छात्रामैत्री सौचालयको ब्यवस्था गर्नु, सवै विद्यालयमा कम्प्युटर शिक्षा, विज्ञान प्रयोगशालाको ब्यवस्था गर्नु, तथा अतिरिक्त क्रियाकलापलाई विद्यालय शिक्षाको अङ्ग वनाउनु आदि प्रमूख चुनौति हुन ।

***५.१.३ अवसर तथा संभावना***

शिक्षा सबै अभिभावक र नगरपालिकाको प्राथमिकताको बिषय रहनु, शिक्षामा निजि क्षेत्रको लगानी बढ्दै जानु, दीगो विकाशको लक्ष्यमा समेटिनु, यस नगरपालिकाको शैक्षिक अवस्थालाई विश्लेषण गर्ने गर्दा जनसंख्याको कुल ८० प्रतिशत साक्षर, जसमध्ये पूरूष ८८ प्रतिशत र महिला ७२ प्रतिशत रहेका देखिन्छन । प्राथमिक तहको खुद भर्नादर ९६.८२ प्रतिशत, उच्च शिक्षाका क्याम्पसहरु संचालनमा हुनु महत्वपूर्ण अबसर र सम्भावना हुन ।

***५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना***

***लक्ष्य:***

सबैकालगि साक्षरतालाई अभियानकोरुपमा सञ्चालन गर्दै बिद्यालय उमेर समूहका सबै बालबालिकालाई कम्तिमा माध्यमिक तहसम्मको शिक्षा दिने ।

***उद्देश्य:*** बिद्यालय तहको शिक्षाको गुणस्तर बढाउनु ।

***रणनीति***

- शिक्षा क्षेत्रको विकास गरी गुणस्तरीय शिक्षा मार्फत मानव संसाधनको विकासमा जोड दिने ।
- आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नुका साथै आधारभूत तह सम्मको शिक्षालाई निशुल्क एवम् अनिवार्य र माध्यमिक तहको १० कक्षा सम्मको शिक्षालाई निशुल्क गर्ने ।
- नगर शिक्षा योजनामा भएका सूचकहरु कार्यान्वयन गर्नो नगर शिक्षा समिति र वडा शिक्षा समितिको समन्वयकारी भूमिकालाई प्रभावकारी बनाउने ।
- विद्यालय जाने उमेर नाघेकाहरुका लागि अनौपचारिक शिक्षा कार्यक्रम मार्फत निरन्तर तथा जीवन पर्यन्त शिक्षामा सवैको पहुँच स्थापित गर्ने ।
- नगरपालिका र बिद्यालय ब्यवस्थापन समिति, नगरपालिका र प्रधानाध्यापकहरु र प्रधानाध्यापक र शिक्षकहरुवीच न्यूनतम सिकाई उपलब्धीको कार्यसम्पादन करार गरी सिकाई उपलब्धीको आधारमा शिक्षकको मूल्यांकन गर्ने।
- सामुदायिक सिकाई केन्द्र (CLC) मार्फत अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने।
- विद्यालयको संस्थागत क्षमता विकासको लागि शैक्षिक अनुदान तथा तालिम आदिको व्यवस्था गर्ने ।
- स्थानीय समुदाय तहको मौलिक (भाषा, संस्कृति, कला, साहित्य, संगीत आदि) ज्ञान सीप संरक्षण एवं प्रबर्द्धन गर्ने ।
- शिक्षकहरु पेशाबाट अवकास हुन चाहेमा त्यस्ता शिक्षकहरुका लागि गोल्डेन ह्याण्डसेकको ब्यवस्था गरी नयां जनशक्ति भित्र्याउन पहल गर्ने ।
- विद्यालय बाहिर रहेका सबै विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउने ।

- बैकल्पिक शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालय तथा समुदायस्तरमा इन्टरनेट जडान गर्ने, साथै विद्यालयहरुमा कम्प्युटरको सुनिश्चितता गर्ने ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई विद्यालय ल्याऔ र पढाइमा लगाऔ कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तिमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाउने ।
- शिक्षा क्षेत्रलाई थप आधुनिकीकरण गर्ने ।
- सामुदायिक विद्यालय शिक्षा प्रति विश्वसनीयता र आकर्षण बढाउनको लागि एक वडामा कम्तिमा एउटा विद्यालयलाई (शिक्षकको व्यबस्थापन, सूचना प्रविधि, पठन–पाठन) सवै हिसावले नमुना विद्यालयको रुपमा विकास गर्ने ।
- नगर शिक्षा कोष स्थापना गरी नगरपालिकालाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।
- सबै सामुदायिक विद्यालयमा (माध्यमिक तहबाट क्रमशःआधारभूत तहसम्म) विद्युतीय सूचना प्रविधि (इन्टरनेट, इमेल, वेभसाइड, नगर एप्स आदि) सञ्चालन गर्न सहयोग गर्ने ।
- आर्थिक तथा सामाजिक रुपमा विपन्न, सीमान्तकृत समुदायका विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अध्ययनको लागि मेयर छात्रवृत्ति कोष स्थापना गरी छात्रवृत्तिको व्यवस्था गर्ने ।
- विद्यालयको नयाँ संरचना निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको भवन निर्माण आचार संहितालाई अनिवार्य रुपमा पालना गर्ने र नयाँ विद्यालय भवन तथा संरचना निर्माण गर्दा संरचनालाई लैगिंकमैत्री, बालमैत्री र अपांगमैत्री बनाउने ।

### ५.१.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रभाव** | कुल साक्षरता दर | प्रतिशत | ८० | ८४ | ८८ | ९३ | ९५ | ९८ | न.पा. को प्रगति प्रतिबेदन | | |
| **असर** | खुद भर्ना दर | प्रतिशत | ९६.८२ | ९७ | ९८ | ९९ | ९९ | ९९ | | नगरपालिका | अभिभावक तथा निजीक्षेत्रको सहयोग र सहकार्य भएको हुने |
| | १.आधारभूत तह (१-८) | प्रतिशत | ९७.३ | ९७.८ | ९८.१ | ९८.५ | ९९.० | ९९.५ | | | |
| | २.माध्यमिक तह (९-१२) | प्रतिशत | ६८.९७ | ७०.० | ७३.० | ७६.० | ८०.० | ८५.० | | | |
| | पुरूष साक्षरता | प्रतिशत | ८८ | ८८ | ८९ | ९० | ९२ | ९५ | | | |
| | महिला साक्षरता | प्रतिशत | ७२ | ७२ | ७३ | ७५ | ७८ | ८० | | | |
| | टिकाउ दर आधारभूत तह (१-८) | प्रतिशत | ९४.७ | ९५.५ | ९६.० | ९७.५ | ९८.५ | ९९.० | | | |
| | टिकाउ दर माध्यमिक तह (९-१०) | प्रतिशत | ६३.९६ | ६८.० | ७२.० | ७५.५ | ७९.० | ८५.० | | | |
| | सिकाई उपलब्धि दर आधारभूत तह (१-८) | प्रतिशत | ५१.५ | ५३.० | ६१.० | ६४.० | ६६.० | ६८.० | | | |
| | सिकाई उपलब्धि दर माध्यमिक तह (९-१२) | प्रतिशत | ४३.२ | ४५.० | ५०.२ | ५५.७ | ६०.६ | ६५.३ | | | |
| **प्रतिफल** | प्राबिधिक धारका बिद्यालय | संख्या | १ | १ | १ | २ | २ | २ | | | |
| | बालमैत्री बिद्यालय | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ९० | | | |
| | महिलामैत्री शौचालय | प्रतिशत | ५० | ६० | ७५ | ८५ | ९० | १०० | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | भएका बिद्यालय | | | | | | | | | | |
| | अपाङ्तामैत्री बिद्यालय | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ | ९० | | | |
| | शुद्धिकरणसहितको खानेपानी भएका बिद्यालय | प्रतिशत | १२ | २० | ५० | ७० | ७५ | १०० | | | |
| | ब्यबस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका बिद्यालय | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ | १०० | | | |
| | शिक्षिका | प्रतिशत | ४५.० | ४५.० | ४५.५ | ४५.५ | ४६.० | ४६.५ | | | |
| | आधारभूत तहमा एक शिक्षक बराबर बिद्यार्थि | अनुपात | ३१.७ | ३१.७ | ३१.० | ३०.५ | ३०.० | ३०.० | | | |
| | बालक्लव गठन भएका बिद्यालय | प्रतिशत | १२ | १८ | २२ | ३५ | ५० | ७५ | | | |
| | जेहेन्दार छात्रबृत्ति | प्रतिशत | | | | | | | | | |

**अपेक्षित उपलब्धि**

- साक्षर नगरपालिका घोषित भएको हुनेछ ।
- बालमैत्री नगरपालिका घोषणा भएको हुनेछ।
- सवै बर्ग, क्षेत्र र समुदायका विद्यालय उमेरका सम्पूर्ण वालवालिकाहरू विद्यालयमा भर्ना भई स्कुल तहसम्मको शिक्षा पुरा गर्नेछन, सवै विद्यालय भवनहरू बालमैत्री तथा अपांग मैत्री, तथा शौचालय मैत्रीका रूपमा निर्माण भई शिक्षाको अबसर सवैलाई प्राप्त भएको हुनेछ ।
- सबै विद्यालयहरूमा लाईब्रेरी तथा डिजिटल पद्धतिको विकास भई गुणस्तरीय शिक्षाको सुनिश्चितता हुनेछ ।
- युवा तथा विद्यार्थीहरूका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गराई ब्यक्तित्व विकासमा योगदान भएको हुनेछ ।

### ५.१.६ *कार्यक्रम तथा आयोजना*

- बाल विकास/मन्टेश्वरी कक्षा सुधार कार्यक्रम
- शैक्षिक पूर्वाधार विकास कार्यक्रम ।
- शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम ।
- विद्यार्थी भर्ना तथा निरन्तरता अभिबृद्धि कार्यक्रम ।
- समावेशी शिक्षा प्रबर्द्धन कार्यक्रम (दृष्टिबिहिन तथा बहिराका लागि विशेष शिक्षा)
- शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक संघको क्षमता अभिबृद्धि कार्यक्रम (तालिम, अभिमुखीकरण, गोष्ठी)
- बालिकाका लागि किशोरी शिक्षा कार्यक्रम (सबै विद्यालयमा विशेष कक्षाहरु सञ्चालन, तालिम)

## ५.२ स्वास्थ्य सेवा

### *५.२.१ पृष्ठभुमि*

स्वास्थ्य तथा जनसंख्या तर्फ स्वास्थ्य संस्थाहरूबाट दिईने सेवाहरू प्रतिकारात्मक सेवा, प्रबर्द्धनात्मक सेवा, उपचारात्मक सेवालाई व्यवस्थित गर्दै गईएकोछ अति विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम सुरू गरिएको छ। नगरपालिकाभित्रका सबै स्वास्थ्यकेन्द्र र अस्पतालबाट सबै वडामा गर्भवती महिला, सुत्केरी तथा नवजातशिशु स्याहार तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरी कुपोषण न्यूनीकरणमा समेत पहिलो चरणको काम सतप्रतिशत सफल भएको छ भनें दिगो विकासको लक्ष्यमा तोकिएको सूचक  वमोजिम मातृशिशु मृत्यूदर घटाउने र स्वस्थ मानव सहर बनाउने उद्देश्य नगरपालिकाको रहेकोछ । नगर अस्पतालको अवधारणालाई अगाडि बढाईएको छ।

### *५.२.२ समस्या तथा चुनौति*

***क. समस्या***

यस नगरपालिकामा स्वास्थ्य सेवामा २० प्रतिशत जनताको पहुँच अद्यापि नपुग्नु, विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पताल जाने जनसंख्या  ६० प्रतिशत मात्रै हुनु, चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला जम्मा ३४.४ प्रतिशत मात्रै हुनु, ३५ प्रतिशत गर्भवती महिलाहरूलेमात्र स्वास्थ्य संस्थामा प्रसुति गराउनु । नगरपालिकामा स्वास्थ्यकालागि विशिष्टिकृत सेवा उपलव्ध नहुनु आदि प्रमूख समस्या हुन।

**ख. चुनौति**

सवै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्नु, सबै नागरिकलाई स्वास्थ्य वीमाको दायरामा ल्याउनु, बिशिष्टीकृत स्वास्थ्य सेवाको पहुंच बढाउनु, सवै बालबालिकालाई पूर्ण खोप र गर्भवती महिलालाई सस्थागत सुत्केरीको दायरामा ल्याउनु, वैकल्पिक स्वास्थ्य सेवाको विकाश गर्नु आदि प्रमूख चुनौति हुन।

### *५.२.३ अवसर  तथा संभावनाहरू*

स्वास्थ्यप्रति सबै नागरिक सजग हुनु, स्वास्थ्य क्षेत्रमा निजि क्षेत्रको लगानी बढ्दै जानु, स्वास्थ्य सेवामा ८० प्रतिशत जनताको पहुँच पुग्नु, विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पताल जाने जनसंख्या  ४० प्रतिशत हुनु, ५० प्रतिशत नागरिकको आधा घण्टाभित्र स्वास्थ्य सेवामा पहुंच हुनु, सवै वार्डहरूमा पूर्ण मात्रमा पुगेको हुनु, ३४.४ प्रतिशत गर्भवती महिला चारैपटक पूर्वप्रसुती सेवा लिनु र  ३५ प्रतिशत गर्भवती महिलाहरूले स्वास्थ्य संस्थामा प्रसुति गराउनु, २ बर्ष मुनिका बालबालिकाहरूमा कुपोषण दर २ प्रतिशत मात्र रहनु, स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि  स्वास्थ्य चौकी – ३, सामुदायिक स्वास्थ्य ईकाई – १,  शहरी स्वास्थ्य केन्द्र- १,  गाउँघर क्लिनिक – ४,  खोप क्लिनिक – १३  र निजी अस्पताल तथा नर्सिंग होम – १ वटा बिद्यमान रहनु र १० शय्याको नगर अस्पताल सञ्चालनमा रहनु महत्वपूर्ण अवसर र सम्भावना हुन।

### *५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य:***

- सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्यसेवाको पहुंच सुनिश्चित गर्ने।

***उद्देश्य:***

- सवै नागरिकलाई स्वास्थ समन्धी चेतना अभिबृद्धि गर्नु।
- सवास्थ्यसेवालाई प्राथमिकतामा राखि लगानी बढाउनु।

***रणनीति***

- आम नागरिकलाई आधारभुत स्वास्थ्य सेवाका अतिरिक्त विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने।
- स्वास्थ्य पूर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरी बार्है महिना उपलब्धताको सुनिश्चितता गर्ने।
- स्वास्थ्य क्षेत्रमा सरकारी, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई बढाउने।
- स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवर्धनात्मक सेवा, उपचारात्मक सेवा, पुर्नस्थापनात्मक र प्रचारात्मक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु बनाउने।
- नसर्ने रोगहरुको प्रकोपको न्यूनीकरणको लागि स्वास्थ्य प्रवर्धनात्मक सेवामा विशेष जोड दिने साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गर्ने।
- "इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ"भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गर्ने।
- समयानुकूल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गर्ने तथा महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गर्ने।
- सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गर्ने र नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गर्ने।
- महामारी रोग नियन्त्रण र निवारणको लागि स्वास्थ्य उपचार कोष स्थापना गर्ने।
- वञ्चितीकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तरता गराउने, स्वास्थ्य आमा समूहलाई थप सुदृढीकरण गराउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ उत्प्रेरित गर्ने।
- हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गर्ने। गुणस्तर सुधारका कार्यक्रमहरु लागु गर्ने।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गर्ने।
- गुँणस्तरको स्व–मूल्याङ्कन गरी उपभोक्ताको सन्तुष्टीमा वृद्धि ल्याउने क्रियाकलाप संचालन गर्ने र उपभोक्ता सन्तुष्टी सर्भेक्षण फारम भरी मूल्याङ्कन गर्ने।
- विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धी परिसूचकहरुको विष्लेष्ण गरी समस्यालाई न्यूनीकरणको प्रयास गर्ने।

- अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्य सेवामा सहज पहुंचको ब्यवस्था गर्ने।
- दीर्घ रोगीहरुकोलागि निशुल्क उपचारको कार्यक्रम लागु गर्ने।
- मातृ तथा शिशु मृत्युदर घटाउने ।
- "स्वस्थ परिवार, स्वस्थ नगर" जस्ता अभियानहरु संचालन गर्ने ।
- नगरपालिकाभित्र पूर्ण खोप सुनिश्चितता गर्ने । नगरपालिकाले प्रत्येक वर्ष खोप दिवस मनाई पूर्ण खोपको अवस्थाको समीक्षा गरी आवस्यकता अनुसारका कार्यक्रम थप गर्ने ।
- पाँच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाउने ।
- गर्भवति जांच एवं स्वास्थ्य संस्थामा सुत्केरी गराउने जस्ता अभियानलाई लागू गर्ने । यसका लागि म.स्वा.स्व.स स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गर्ने ।
- महिलाहरुमा देखिने पाठेघर तथा स्तन क्यान्सर रोगको रोकथामकोलागि बिशेष कार्यक्रम संचालन गर्ने।
- सरुवा रोगको उपचारकोलागि बिशेष व्यबस्था गर्ने।
- सर्पदंश उपचार केन्द्र स्थापना गर्ने।
- ७० बर्ष माथीका जेष्ठ नागरिकलाई घर दैलो स्वास्थ जांच अभियान संचालन गर्ने।
- वैकल्पिक स्वास्थ्य सेवाको विकास गर्ने।

### ५.२.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | आधा घण्टा भित्र अस्पतालमा पहुंच भएका नागरिक | प्रतिशत | ४० | ५० | ५० | ६० | ७० | १०० | न.पा. को प्रगति प्रतिबेदन | नगरपालिका | संघ तथा प्रदेश सरकार तथा निजीक्षेत्रको सहयोग र सहकार्य भएको हुने |
| **असर** | स्वास्थ्यमा हुने प्रति परिवार औसत खर्च | रू. हजार | ५.५ | ६.० | ७.० | ८.० | ९.० | १०.० | | | |
| **प्रतिफल** | विरामी पर्दा स्वास्थ्य सस्था जाने नागरिक | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | | | |
| | पूर्ण खोप | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | | |
| | बाल मृत्यु दर, प्रति हजार | संख्या | ० | ० | ० | ० | ० | ० | | | |
| | श्वास प्रश्वासको संकमण दर, प्रति | संख्या | ४५ | ४० | ३० | २५ | २० | १५ | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | हजार | | | | | | | | | | |
| | सरुवा रोग प्रति हजार | संख्या | | | | | | | | | |
| | नसर्ने रोग, प्रति हजार | संख्या | | | | | | | | | |
| | स्वास्थ्य शिक्षा तथा सचेतना कार्यक्रममा सहभागी | संख्या, हजारमा | १.५ | २.० | ३.० | ४.० | ७.० | १०.० | | | |
| | स्वास्थ स्वयंसेविका | संख्या | ९७ | ९७ | ९७ | ९७ | ९७ | ९७ | | | |
| | मासिक फलोअपमा आएका विरामी | संख्या | २३१४ | २५०० | ३००० | ४००० | ६००० | ८००० | | | |
| | स्वास्थ्यकर्मीको दरबन्दी पूर्ति | प्रतिशत | ८० | १०० | १०० | १०० | १०० | १०० | | | |
| | स्वास्थ्य वीमा गर्ने परिवार | संख्या, हजारमा | २.५ | ४.० | ८.० | १०.० | १३.० | १५.० | | | |
| | परिवार नियोजनका साधन प्रयोग दर | प्रतिशत | १५ | ४० | ८० | १०० | १०० | १०० | | | |
| | मातृ मृत्यु दर प्रति हजार जिवित जन्ममा | संख्या | ० | ० | ० | ० | ० | ० | | | |
| | दक्ष स्वास्थ्यकर्मी द्वारा सुत्केरी गराउने मिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | | |
| | गर्भवतिमा सबै खोप लगाउने | प्रतिशत | ५५ | ७० | १०० | १०० | १०० | १०० | | | |
| | गर्भवति महिलामा रक्त अल्पता | प्रतिशत | ५५ | ४० | ३० | २० | १० | ५ | | | |
| | स्वास्थ्य केन्द्रमा सुत्केरी | संख्या | १५५० | १६०० | १६५० | १७०० | १७५० | १८०० | | | |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | | |
| | जन्मदा २५०० ग्राम भन्दा कम तौल भएका शिशु | संख्या | ८४ | ६० | ५० | ४० | २० | १० | | | |
| | कुपोषणयुक्त वालवालिका | प्रतिशत | | | | | | | | | |
| | स्वास्थ्य शिविर | पटक | ३ | ५ | ८ | १० | १२ | १२ | | | |
| | निजी तथा समुदायमा आधारित स्वास्थ्य | संख्या | ११० | १२० | १३० | १४० | १७० | २०० | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | कर्मी | | | | | | | | | | |
| | सुबिधा सम्पन्न अस्पताल | संख्या | ० | ० | १ | १ | १ | २ | | | |
| | रिफरल स्वास्थ्य (सुविधा सम्पन्न अस्पताल)मा पुग्न लाग्ने समय | घंटा | २ | १ | .३० | .१५ | .१५ | .१५ | | | |

**अपेक्षित उपलब्धि**

गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता भई महिला, बालबालिका लगायत सीमान्तकृत वर्गको स्वास्थ्य सेवामा पहुँच वृद्धि भई नगरपालिकावासीको स्वास्थ्य स्थितिमा सुधार आएको हुनेछ । स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा औषधी, उपकरणको उपलब्धतामा वृद्धि भएको हुनेछ ।

**५.२.६ *कार्यक्रम तथा आयोजना***

- स्वास्थ्य सेवा पूर्वाधार विकास कार्यक्रम ।
- उपकरण तथा उपचार व्यवस्थापन कार्यक्रम ।
- स्वास्थ्य सेवा विस्तार प्रोत्साहन कार्यक्रम ।
- जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम।
- बैकल्पिक स्वास्थ्य सेवा विकास र विस्तार कार्यक्रम।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ *पृष्ठभूमि*

खानेपानी तथा सरसफाई स्वस्थ मानव जीवनको अपरिहार्य तत्व हो त्यसैले खानेपानी र सरसफाई नगरपालिकाको प्राथमिकताको क्षेत्र हो।। नगरपालिकामा व्यवस्थित तथा स्वच्छ खानेपानीमा पहुंच भएको जनसंख्याको हिस्सा कम भएको देखिन्छ । हाल यस नगरपालिकाका सवै १२ वटा वडाहरू खुल्ला दिशामुक्त घोषणा भएका छन तर नगरपालिका भित्र जम्मा ६५ प्रतिशत घरधरीहरूले घरायसी फोहोर मैला व्यवस्थापन गरेको पाईन्छ । नगरपालिकाको विशेष गरी बजार क्षेत्रमा निर्मित १२ वटा सार्वजनिक शौचालयहरू रहेका छन । खानेपानी वितरण लाइनहरू मध्ये २५% मात्र पूर्ण रूपमा काम गर्ने अवस्थामा रहेको र ४०% लाई ठुलो मर्मतको आवश्यकता रहेको छ । २०% सामुदायिक विद्यालयहरूमा सुधारिएको खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध छैन ।

### ५.३.२ *समस्या तथा चुनौती*

**क. समस्या**

निर्माण भएका खानेपानी योजनाहरू दीगो नहुनु, पानी नभएर भएका शौचालय प्रयोगमा नआउनु र पुर्ण सरसफाईमा बाधा पुग्नु,

बालमैत्री तथा अपाङ्गमैत्री योजना निर्माण गर्ने नीति कार्यान्वयनमा कठिनाई हुनु , मर्मत सम्भार कोषमा नियमितरुपमा रकम संकलन नहुनु, निर्माण भएका योजनाहरू मर्मत सम्भारको अभावमा कार्यान्वयनमा नआउनु,खानेपानी योजनाहरू प्रयाप्त रूपमा नहुनु आदि प्रमूख समस्या हुन।

**ख. चुनौति**

सवै नागरिकलाई पाईपद्वारा शुद्ध खानेपानी र व्यवस्थित सौचालयको ब्यवस्था गर्नु,सवै नागरिकमा सरसफाई वारे चेतना अभिबृद्धि गर्नु,निर्मित आयोजनाहरुको मर्मत सम्भार र दीगो ब्यवस्थापन गर्नु आदि प्रमूख चुनौति हुन ।

### ५.३.३ *संभावना तथा अवशरहरू*

खानेपानीकालागि सतह तथा भूमिगत श्रोत उपलब्ध हुनु, खानेपानी तीनै तहका सरकारको प्राथमिकताको बिषय हुनु, खानेपानीमा विनियोजन हुने बजेट  वार्षिक रूपमा वृद्धि हुंदै जानु, ससाना खानेपानी योजनाहरूको संचालन हुंदै जानु,उपभोक्ता समितिको ब्यापारिक कार्ययोजना हुनु  र समिति सक्षम हुनु, आधारभूत सर्तहरू सहित मर्मत सम्भारमा अनुदान दिने प्रणालीको विकास हुंदै जानु, स्थानीय स्तरको नेतृत्व तथा लगानी विकास विकास हुंदै जानु, खुल्ला दिसा मुक्त क्षेत्रको सफल कार्यान्वयन हुनु, बजार तथा ग्रामीण क्षेत्रहरूमा सार्वजनिक शौचालयहरूको संचालन हुनु,विद्यालयहरूमा लैगिंक तथा बालमैत्री शौचालयहरूको निर्माण प्रक्रियाको सुरूवात हुनु आदि अवसर र सम्भावना हुन।

### ५.३.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य***

सबै नागरिकलाई आधारभूत खानेपानी तथा सरसफाईको पहुंच सुनिश्चित गर्ने ।

***उद्देश्य***

समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको सस्थागत विकासमा सुधार ल्याउने ।

***रणनीति***

- देवदह नगरपालिकाभित्र रहेका खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुलाई एकिकृत रुपमा संचालन गरिने नीति अवलम्वन गर्ने ।
- खानेपानीको मुहान र सम्बन्धित योजनाहरुको व्यवस्थापनमा नगरपालिकाबाट आवश्यक समन्वय, सहजीकरण गरी अनुगमन गर्ने ।
- एक घर एक धारा अभियानलाई प्रभावकारी बनाउने ।

### ५.३.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रभाव** | आधारभूत खानेपानीको पहुंच पुगेको जनसंख्या | प्रतिशत | ९५ | ९५.५ | ९६ | ९७ | ९८ | १०० | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | नगरपालिका | स्थानीय समुदायसंग सहकार्य भएको हुने |
| | न्युनतमरुपमा सौचालयको सुबिधा पुगेको परिवार | प्रतिशत | ९४ | ९५ | ९५.५ | ९६ | ९८ | १०० | | | |
| असर | निजी धाराबाट खानेपानी सुबिधा पुगेको परिवार | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० | १०० | | | |
| | खुला दिसा मुक्त वडा | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | | | |
| **प्रतिफल** | सुरक्षीत पिउने पानीको प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८२ | ८६ | ८८ | ९० | ९२ | ९५ | | | |
| | खानेपानी र सरफाई मर्मत सुधार | प्रतिशत | ८५ | ८५ | ८८ | ९० | ९२ | ९५ | | | |
| | फ्लस सहितको पक्की चर्पी प्रयोग गर्ने परिवार | प्रतिशत | ४० | ५० | ६० | ६५ | ७० | ७५ | | | |
| | फोहोरमैला ब्यबस्थापन भएका वडा | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | | | |
| | फोहोरमैला ब्यबस्थापन कभरेज | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | | | |
| | सार्वजनिक सौचालय | संख्या | ४ | ५ | ७ | ९ | १० | १२ | | | |

**अपेक्षित उपलब्धि**

- सवै नागरिकले शुद्ध खानेपानी तथा सरसफाई सुबिधा प्राप्त गरेका हुनेछन ।
- खानेपानी तथा सरसफाईको सँस्थागत विकास भई समुदायको स्वास्थ्य र वातावरणीय अवस्थामा सुधार आएको हुनेछ ।

### ५.३.६ *कार्यक्रम तथा आयोजना*

- स्वच्छ खानेपानी पूर्वाधार विकास कार्यक्रम ।
- खानेपानीको बैकल्पिक श्रोत व्यवस्थापन कार्यक्रम ।
- सुधारिएको चुलो प्रबर्धन कार्यक्रम ।
- सुख्खा क्षेत्रमा पानीको पुनः प्रयोग प्रोत्साहन कार्यक्रम ।
- सरसफाई पूर्वाधार विकास कार्यक्रम ।
- सरसफाई सम्बन्धी चेतना अभिबृद्धि कार्यक्रम ।
- सबै विद्यालयमा खानेपानी तथा सरसफाई कार्यक्रम

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ *पृष्ठभूमि*

लैङ्गिक विकास तथा सामाजिक सशक्तिकरण र समावेशी विकास नगरपालिकाको प्राथमिकताको बिषय हो। "जहाँ महिला सहभागिता त्यहाँ विकासमा परिपक्वता" भन्ने उक्ति बमोजिम महिला सहभागिताले यस नगरपालिकामा प्राथमिकता पाउन थालेको छ। यस नगरपालिकामा वसोवास गर्ने परिवारका धेरै महिलाहरु कुनै न कुनै संघसंस्थामा आबद्ध रहेको देखिन्छन। सामाजिक समावेशीकरणका सूचकहरूलाई हेर्दा यस नगरपालिकामा महिला साक्षरता ७२ प्रतिशत, घरेलु हिंसाको न्यूनीकरण २५ प्रतिशत, नगरपालिका विभिन्न समतिमा नीति निर्माण तहमा महिलाहरूको सहभागिता ४२ प्रतिशत, र नगरपालिका विभिन्न समितिहरूमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व ४३ प्रतिशत रहेको देखिन्छ।

### ५.४.२ *समस्या तथा चुनौति*

***क. समस्या***

महिला समूह तथा समितिहरूमा सबै महिला आबद्ध हुन नसक्नु, छोरीहरूले विद्यालय बीचमा प्रवृति कायम रहनु, महिलाहरूमा व्यवसायिक सीप तथा तालिम माग अनुसार हुन नसक्नु, महिलाहरूमा नेतृत्वको अभाव तथा विशेष शिक्षा प्रणालीको अभाव हुनु, महिला हिंसा, यौन दुर्व्यबहार जस्ता घटनाहरू समाजमा कायम रहनु, निर्णय प्रकृयामा महिला सहभागिता र सेवामा समान पहुंचको कमी हुनु, बालमैत्री संरचना न्युन हुनु, सामाजिक सुरक्षाको स्थिति कमजोर हुनु, जेष्ठ नागरिक, अपाङ्गता भएका आदि लक्षित बर्गको उचित व्यबस्थापन हुन नसक्नु, आदि प्रमूख समस्या रहेका छन।

**ख. चुनौति**

महिला तथा बालबालिका तथा लक्षित बर्गको क्षमता विकाश गरी मूल प्रवाहमा ल्याउनु, लैङ्गिक बिभेद अन्त्य गर्नु, बालबालिका, अपाङ्गता तथा लैङ्गिकमैत्री पूर्बाधारको विकाश गर्नु आदि प्रमूख चुनौति रहेका छन।

### ५.४.३ *संभावना तथा अवसर*

लैङ्गिक विकास तथा सामाजिक समावेशीकरण तीनै तहका सरकारको प्राथमिकताको बिषय हुनु, सामाजिक समावेशीकरण र महिलाको हितका सम्बन्धमा कानूनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरूले केही सकारात्मक उपलब्धि हासिल हुंदै जानु, महिला अधिकार र अवसरका सम्बन्धमा चेतनाको वृद्धि हुँदै जानु, अधिकारबादी सस्थाहरु विकास हुंदै जानु, महिला शिक्षा बढ्दै जानु, महिला समूह समितिमा ५०/५० प्रतिशत आबद्ध रहने ब्यबस्था हुनु, महिलाको राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक आदि तहमा महिला सहभागिता बढ्दै जानु, किशोर किशोरी शिक्षा वृद्धि जानु आदि प्रमूख सम्भावना र अवसर हुन।

### ५.४.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

**लक्ष्यः** महिला, बालबालिका तथा लक्षित बर्गहरूलाई उच्च सम्मान दिंदै समाबेशी सहभागितामा बृद्धि गर्ने।

**उद्देश्यः** सशक्तीकरण मार्फत महिला, बालबालिका तथा लक्षित बर्गहरूहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउनु।

***रणनीति***

- वालवालिका सम्बन्धी नीति तथा कार्यक्रहरु तर्जुमा गर्दा वालवालिकाको सहभागितामा बढाउने ।
- वालवालिकाको समग्र विकासका लागि खेलकुद, मनोरञ्जन तथा सूचना प्रविधि सम्वन्धी कार्यक्रम तर्जुमा गरी लागू गर्ने।
- वालविवाह, अनमेल विवाहलाई निरुत्साहित गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वालविवाह मुक्त नगरपालिका बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी विशेष अभियान सञ्चालन गर्ने ।
- नगरपालिकालाई महिलामैत्री नगरपालिका बनाउन नीति निर्माणका हरेक तहमा ३३% महिला प्रतिनिधित्वलाई सुनिश्चित गर्ने ।
- नगरस्तर र वडास्तरमा महिला सञ्जाल तथा समूह गठन गरी महिलाहरुलाई आर्थिक, सामाजिक, राजनीतिक रुपमा शसक्तीकरण गर्ने ।
- महिला हिंसा मुक्त नगरपालिका बनाउन बिभिन्न संस्थाहरुको सहयोगमा कार्यक्रमहरु सञ्चालन गर्ने ।
- महिला नेतृत्व विकासमा जोड दिने । महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन विभिन्न सीप तथा आयमूलक तालिमहरु सञ्चालन गरी महिलाहरुको आय-आर्जन तथा रोजगारीमा वृद्धि गर्ने ।
- विपन्नताका कारण दैनिक जीविकोपार्जनमा कठिनाई भोगिरहेका महिला तथा एकल महिलाहरुको समूह गठन गरी सीप र प्रविधिको माध्यमवाट स्वरोजगार वनाई आर्य-आर्जनको अवसर सिर्जना गरी जीविकोर्पाजनमा सहयोग गर्ने ।
- अपाङ्गता भएका ब्यक्ति, अनाथ, असहाय तथा बेसहारा बालबालिकाहरुको लागि हाल सञ्चालनमा रहेको बालगृहको स्तरोन्नती गर्ने ।
- नगरपालिकाभित्र रहेका विद्यालयहरुमा वालमैत्री वातावरणमा पठनपाठनको व्यवस्था मिलाउने ।
- वालवालिकाको योजना तर्जुमाका लागि आवश्यक पर्ने वालवालिका सम्वन्धी एकीकृत तथ्याङ्क तयार गरी प्रयोगमा ल्याउने ।
- महिलाहरुलाई आर्थिक रुपमा शसक्तीकरण गरी आत्मनिर्भर बनाउन वडास्तरमा महिला सहकारी स्थापना गर्न पहल गर्ने । यसरी स्थापना गरिएका सहकारीहरुलाई अनुदान वा न्युनतम ब्याजदरमा ऋण उपलब्ध गराउने ।
- वैदेशिक रोजगारमा जान चाहने महिलाहरुकालागि सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी परामर्श तथा वैदेशिक रोजागारीको सिलसिलामा हिंसामा परेर स्वदेश फर्किएका महिलाहरुका लागि विशेष काउन्सिलिङको व्यवस्था गर्ने ।
- वालिका शिक्षा, महिला आयआर्जन, प्रजनन स्वास्थ्य तथा सरसफाई र महिला सशक्तीकरणका लागि सचेतनामूलक र जागरण अभियान सञ्चालन गर्ने ।

।

## ५.४.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचना को श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रभाव** | न.पा.का बिभिन्न समितिहरुमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ४३ | ४५ | ४७ | ४९ | ५० | ५० | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | नगरपालिका | महिला समूहहरुसंग सहकार्य भएको हुने। |
| **असर** | महिला साक्षरता | प्रतिशत | ७२ | ७८ | ८२ | ८७ | ९० | ९३ | | | |
| | सामाजिक सुरक्षामा आवद्ध | प्रतिशत | ११.० | ११.५ | १२.० | १२.३ | १२.५ | १३.० | | | संघीय सरकारसंग सहकार्य भएको हुने। |
| **प्रतिफल** | घरेलु हिंसा | प्रतिशत | ४० | ३५ | ३० | २० | १५ | १० | | | समाबेशी एबं अधिकारबादी संघ सस्थाहरुसंग सहकार्य भएको हुने |
| | सहकारीमा आबद्ध महिला | संख्या | ४५० | ५०० | ५५० | ६०० | ६७५ | ७५० | | | |
| | उपभोक्ता समितिहरुमा महिला र लक्षित बर्गको प्रतिनिधित्व | प्रतिशत | ४८ | ४८ | ४९ | ४९ | ५० | ५० | | | |
| | महिला उद्यमी | संख्या | २५८ | ३५० | ४५० | ५०० | ५५० | ६०० | | | |
| | वाल अधिकार वारे सचेत अभिभावक | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ९० | ९५ | | | |
| | बालमैत्री भौतिक संरचना | प्रतिशत | ५० | ५५ | ६५ | ७५ | ८० | ८५ | | | |
| | सम्मानित जेष्ठ नागरिक | संख्या | ० | ३५ | ४० | ५० | ७५ | १०० | | | |
| | जेष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूत | प्रतिशत | ६६ | ७५ | ८० | ९० | ९५ | १०० | | | |
| | जेष्ठ नागरिक आश्रय स्थल | संख्या | ० | ० | १ | १ | २ | ३ | | | |
| | शिक्षामा दलितहरुको पहुंच | प्रतिशत | ७१ | ८० | ८५ | ९० | ९५ | १०० | | | |
| | उपभोक्ता समितिहरुमा दलित प्रतिनिधित्व | प्रतिशत | १० | ११ | ११ | १२ | १२ | १३ | | | |
| | बालक्लव गठन भएका बिद्यालय | प्रतिशत | १२ | १८ | २२ | ३५ | ५० | ७५ | | | |
| | अपाङ्तामैत्री बिद्यालय | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ | ९० | | | |
| | अपाङ्गतामैत्री भौतिक संरचना | प्रतिशत | २० | २५ | ३० | ४० | ५० | ६० | | | |

### अपेक्षित उपलब्धि

- महिला सशक्तीकरणद्वारा उनीहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याई नीति निर्माण तहमा महिला सहभागितामा वृद्धि भएको हुनेछ।
- लक्षित बर्गहरू तथा बालबालिकाको समग्र विकासका लागि नीतिगत अवस्थामा भएका सुधारहरू कार्यान्वयनमा आई सबै किसीमका बिभेदहरूको अन्त्य हुनेछन र सवैले समान किसिमले सामाजिक सुरक्षा प्रत्याभूति गरेका हुनेछन।

५.४.६ ***कार्यक्रम तथा आयोजना***

- सामाजिक सुरक्षा विशेष कार्यक्रम।
- लक्षित समूह आर्थिक विकास कार्यक्रम।
- लक्षित वर्गको क्षमता विकास कार्यक्रम।
- सामाजिक सशक्तीकरण कार्यक्रम (समुहगत कार्य, सामाजिक सञ्जालको बिकास तथा सशक्तिकरण, बालक्लव, आमा समुहहरुको क्षमता बिकास आदि)

## ५.५ आदिवासी, जनजाति, दलित, उत्पीडित वर्ग उत्थान

### ५.५.१ *पृष्ठभुमि*

यस नगरपालिकामा दलित तथा जनजाति समुदायको वसोवास रहेको देखिन्छ । सामाजिक तथा परम्परागत कुसंस्कारका कारण बिभेदहरू देखिन्छन । तथापि, सामाजिक कुरीतिका रूपमा देखा परेका समस्याहरूलाई लक्षित गरी केही कार्यक्रमहरू संचालन भएका छन । नगरपालिकामा बजेट विनियोजनको सुरूवात भएको छ । यहाँ GESI (Gender and Social Inclusion) रणनीति तथा समावेशीकरण नीति अन्तरगत विभिन्न कामहरू अगाडी बढाईएकोछ।

### ५.५.२ *समस्या तथा चुनौती*

**क. समस्या**

- भेदभाव तथा परम्परागत सोंच।
- कानूनको सही ढंगले कार्यन्वयन नहुनु।
- चेतनाको अभाव।
- अर्थपूर्ण सहभागिताको कमी।

**ख. चुनौति**

- सामाजिक भेदभाव र रुढीबादी सस्कारको अन्त्य गर्नु।
- भेदभावजन्य कानूनको प्रभावकारी कार्यान्वयन गर्नु।

### ५.५.३ *संभावना तथा अवसर*

- सामाजिक तथा जातीय विविधता र पारस्परिक सम्मानको वाताबरण।
- रोजगारी तथा अध्ययनमा आरक्षणको ब्यवस्था हुनु र लक्षित समुदाय सीप कलाको धनी हुनु।
- प्रत्येक क्षेत्रमा समावेशी नीति हुनु।
- धार्मिक, शैक्षिक संस्थाहरू सवल र गणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुनु।
- स्वास्थ्य, शिक्षा, रोजगारी आदिको लागि आरक्षणको व्यवस्था हुनु।

### ५.५.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य***

समाजमा रहेका सवै बर्ग र जातका लागि समान  अधिकार र समान हक स्थापित गरिनेछ ।

***उद्देश्य***

सामाजिक तथा जातीय विभेद अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने ।

***रणनीति***

- समाजमा रहेका सबै जातजाती, लिङ्ग र समुदायको उत्थान गरी समावेशी र सन्तुलित विकासमा जोड दिने ।
- अल्पसंख्यक जाति समुदायको आय तथा रोजगारिका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । अल्पसंख्यक समुदायको भाषा तथा संस्कृतिको संरक्षण गर्ने ।
- क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम तथा चेतनामूलक कार्यक्रमहरूको निरन्तर सञ्चालन गरी बञ्चितिमा परेका समुदायहरूलाई मूलप्रवाहीकरण गर्ने ।
- लक्षित समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।
- लक्षित समुदायहरूको सशक्तीकरण तथा सामाजिक सुरक्षाका लागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गर्ने ।
- आदिवासी, जनजाति, दलित, महिला, बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानीय सरकारको मूल प्रवाहमा ल्याउन उच्च प्राथमिकता दिई लक्षित वर्ग सम्बन्धी नीति कार्यान्वयन गर्ने ।
- विपन्न, असहाय तथा सामाजिक रुपले पछि परेकालाई संरक्षण तथा उद्दार गर्न आवश्यक कार्यक्रम बनाइ लागू गर्ने ।
- दलितहरुलाई लक्षित गरेर सीपमा आधारित आय आर्जन कार्यक्रमलाई कार्यान्वयन गरी व्यवसायीकरण गर्ने नीति अवलम्बन गर्ने ।
- बालबालिका, जेष्ठ नागरीक, अपाङ्गहरु, असहायहरुलाई लक्षित गरेर उनीहरुको जीवनयापनलाई सहज गराउने नीति अवलम्बन गर्ने ।
- दलित समुदायलाई गरिँदै आएका समुदायमा हुने गरेका दलित, महिला, वालवालिका माथिको हिंसा, जातीय भेदभाव तथा छुवाछुत आदिलाई न्युनीकरण गर्न प्रत्येक वडामा कानुनी सहायता कक्ष स्थापना गरी न्यायिक उपचारका लागि सहजिकरण गर्ने ।
- जातीय भेदभाव विरुद्धको अभियानलाई ब्यवहारिक रुपमा सफल वनाउन समाजिक सदभाव बढाउने दलित र गैरदलित समुदाय विचको अन्तरघुलन बढाउने र यस आन्दोलनमा लाग्ने अभियन्ताहरुलाई सम्मान गर्ने ।
- जातीय छुवाछुत तथा उनमूलन ऐनमा भएका प्रावधान र अन्य कानुनी व्यवस्थाहरुको व्यवहारिक कार्यान्वयनको लागि सचेतनामूलक कार्यक्रम गर्ने ।

- सामाजिक सशक्तीकरण कार्यक्रम मार्फत समुहगत कार्य, सामाजिक सञ्जालको बिकास तथा सशक्तिकरण, एकिकृत तथा समावेशीको आधारमा अति सम्बेदनशिल तथा पछाडि परेका समुदायलाई उथान्सल बनाउने जस्ता क्रियाकलापलाई प्रथमिकता दिने ।
- समावेशी, एकिकृत र सामुदायिक विकासको माध्यमबाट उत्थानशिल समाजको बिकास गर्ने नीति अवलम्वन गर्ने।
- नगरको योजना तर्जुमा, नीति निर्माण तथा निर्णय प्रकृयामा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्ने।

### ५.५.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजा को तह | नतिजा सूचक | एकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | न.पा.का बिभिन्न समितिहरुमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ४३ | ४५ | ४७ | ४९ | ५० | ५० | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | नगरपालिका | महिला समूहहरुसंग सहकार्य भएको हुने। संघीय सरकारसंग सहकार्य भएको हुने। समाबेशी एबं अधिकारबादी संघ सस्थाहरुसंग सहकार्य भएको हुने |
| असर | महिला साक्षरता | प्रतिशत | ७२ | ७८ | ८२ | ८७ | ९० | ९३ | | | |
| | सामाजिक सुरक्षामा आवद्ध | प्रतिशत | ११.० | ११.५ | १२.० | १२.३ | १२.५ | १३.० | | | |
| प्रतिफल | घेरेलु हिंसा | प्रतिशत | ४० | ३५ | ३० | २० | १५ | १० | | | |
| प्रतिफल | सहाकारीमा आबद्ध महिला | संख्या | ४५० | ५०० | ५५० | ६०० | ७०० | ७५० | | | |
| प्रतिफल | उपभोक्ता समितिहरुमा महिला र लक्षित बर्गको प्रतिनिधित्व | प्रतिशत | ४८ | ४८ | ४९ | ४९ | ५० | ५० | | | |
| प्रतिफल | महिला उद्यमी | संख्या | २५८ | ३५० | ४५० | ५०० | ५५० | ६०० | | | |
| प्रतिफल | वाल अधिकार वारे सचेत अभिभावक | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ९० | ९५ | | | |
| प्रतिफल | बालमैत्री भौतिक संरचना | प्रतिशत | ५० | ५५ | ६५ | ७५ | ८० | ८५ | | | |
| प्रतिफल | सम्मानित जेष्ठ नागरिक | संख्या | २५ | ३५ | ४० | ५० | ७५ | १०० | | | |
| प्रतिफल | सामाजिक सुरक्षाको प्रत्याभूत भएका जेष्ठ नागरिक | प्रतिशत | ६६ | ७५ | ८० | ९० | ९५ | १०० | | | |
| प्रतिफल | जेष्ठ नागरिक आश्रय स्थल | संख्या | ० | ० | १ | १ | २ | ३ | | | |
| प्रतिफल | शिक्षामा दलितहरुको पहुंच | प्रतिशत | ७१ | ८० | ८५ | ९० | ९५ | १०० | | | |

| नतिजा को तह | नतिजा सूचक | एकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रतिफल | उपभोक्ता समितिहरुमा दलितहरुको प्रतिनिधित्व | प्रतिशत | १० | ११ | ११ | १२ | १२ | १३ | | | |
| प्रतिफल | बालक्लव गठन भएका बिद्यालय | प्रतिशत | १२ | १८ | २२ | ३५ | ५० | ७५ | | | |
| प्रतिफल | अपाङ्गतामैत्री बिद्यालय | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ | ९० | | | |
| प्रतिफल | महिलाको नाउंमा घरजग्गा | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ५० | | | |
| प्रतिफल | महिला घरमूली | प्रतिशत | १५ | १८ | २० | २२ | २४ | २५ | | | |
| प्रतिफल | अपाङ्गतामैत्री भौतिक संरचना | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ | | | |

**अपेक्षित उपलब्धि**

- सामाजिक लैगिंक तथा जातीय, धार्मिक विभेद अन्त्य गरी समतामूलक समाजको निर्माणमा सहयोग पुग्नेछ ।
- मौलिक कला, संस्कृति, सीपको जगेर्ना गरी लक्षित युवा युवतीहरूलाइ स्वरोजगार वनाउदै आयआर्जनमा उनिहरूको पहुच वृद्धि भएको हुनेछ ।

### ५.५.६ *कार्यक्रम तथा आयोजना*

- आदिवासी, जनजाति, दलित, उत्पीडितसंग समबन्धित कार्यक्रम ।
- आदिवासी, जनजाति, दलित, उत्पीडितहरू  लाई  नेतृत्व तथा क्षमता विकास सम्बन्धी तालिम ।
- छुवाछुत तथा सामाजिक विभेद  न्यूनीकरण सम्बन्धी कार्यक्रम ।
- परम्परागत सिपको अभिवृद्धि ।

## ५.६ युवा तथा खेलकूद

### ५.६.१ *पृष्ठभूमि*

युवा वर्ग राज्यको अजस्र स्रोत र परिवर्तनको वाहक शक्ति हो । युवाहरू आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्ति हुन् । नगरपालिकाले युवाहरूलाइ उद्यमशिलताका लागि प्रेरित गर्ने उदेश्यले नगरपालिका भित्रकै सफल युवाहरू द्वारा सहजीकरण गर्दै सीमान्कृत, पढाई छोडेका, अवसरबाट पछी परेका युवाहरूको क्षमता अभिबृद्धि गर्दै युवासञ्जालको माध्यमबाट स्थानीय रोजगारीमा युवाहरूलाई पुयार्उने विभिन्न  कार्यक्रमहरू सन्चालन गर्दै आएको देखिन्छ ।

यसका अलावा खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने, नगर भित्र खेलकुद संचालन गर्ने सबै संघ संस्था, निकायहरू वीच समन्वय गरी खेलकुद विकास गर्ने योजना बनाई लागु गर्ने तथा खेलकुद विकास गर्न सघाउ पुर्याउने, खेलकुद विकासले समाजमा अनुशासित, गतिशील नागरिक तयार गर्न खेल संस्थाको विकास गर्ने, खेलकुदको गतिविधिलाई संस्थागत रूपमा विकास गर्दै लैजाने, खेलाडी प्रशिक्षण र प्रतियोगिताका असरहरू लाई विकेन्द्रिकरण गर्दै समानुपातिक विकास गर्ने, र खेलकुद लाई जनजीवनको अभिन्न अङग बनाई जनसहभागितामा वृद्धि गर्ने र समाज रूपान्तरणका लागि युवाहरूको गर्ने उद्वेश्यले देवदह नगरपालिकाले विभिन्न खेलकुदको प्रतियोगिता गर्दै आईरहेको छ ।

### ५.६.२ *समस्या र चुनौती*

**क. समस्या**

स्थानीय तहको योजना तर्जुमा, अनुगमन कार्यान्वयन प्रकृयाकामा युवा सहभागिता कमजोर हुनु, युवा लक्षित स्वरोजगार, सीपमूलक र आयमूलक तालिम कार्यक्रम संचालन नहुनु र वैदेशिक रोजगारमा जाने युवाहरूलाई सुरक्षित रोजगारी, सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमहरू संचालन नहुनु, युवाहरू सामाजिक हानिकारक प्रचलन बिरूद्ध परिचालन हुन नसक्नु, नगरपालिका स्तरीय युवा संजाल गठन नहुनु, स्थानीयस्तरमा रोजगारीको अबसर कम हुनु, युवा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन नहुनु, युवा लक्षित प्राविधिक शिक्षामा कमि, खेलकुदमा लाग्न प्रोत्साहनको कमि हुनु, पर्याप्त खेल प्रशिक्षकको व्यवस्था नहुनु, खेलाडीको सम्मान कार्यक्रम नहुनु, पर्याप्त खेलकुद प्रतियोगिता आयोजना नहुनु आदि प्रमूख समस्या रहेका छन।

**ख. चुनौति**

युवा पलायन रोक्नु,युवालाई उत्पादन तथा रोजगारीमूलक कार्यमा परिचालन गर्नु, बैदेशिक रोजगारीलाई स्थानीय रोजगारीले प्रतिस्थापन गर्नु, खेलकुदलाई बिद्यालय तह देखिनै विकाश गर्दै लग्नु आदि प्रमूख चुनौति हुन।।

### ५.६.३ *संभावना तथा अवसर*

नगरपालिकाको प्राथमिकतामा पर्नु, नगरपालिकामा युवाहरूलाई उद्यमी तथा स्वरोजगार बनाउनका लागि वार्षिक रूपमा बजेट बिनियोजन हुनु, युवा सञ्जाल गठन र बिस्तार हुनु, अवसरबाट पछी परेका युवाहरूको क्षमता अभिबृद्धि गर्दै युवासञ्जालको माध्यमबाट स्थानीय रोजगारीमा युवाहरूलाई सहभागी बनाउने कार्यक्रमहरू सन्चालन हुंदै जानु, बिद्यालयमा खेलकुद मैदान रहनु, खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार हुंदै जानु, स्थानीय संघ सस्थाबाट स्थानीय स्तरमा खेलकुद आयोजना हुंदै जनु, खेलकुदमा जन चासो बढ्दै जानु आदि प्रमूख सम्भावना र अवसर हुन।

### ५.६.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य:*** युवा बर्गलाई खेलकुद र उत्पादन तथा रोजगारमूलक कार्यमा परिचालन गर्ने ।

***उद्देश्य:***

**१ :** खेलकुद विकासकालागि आवश्यक भौतिक संरचनाको निर्माण गरी खेल गतिविधिको व्यवसायिकरण गर्नु ।

**२ :** यूवाको क्षमता विकाश गर्नु ।

***रणनीति***

- युवा रोजगारी एबं स्वरोजगार सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- युवाहरुको शारीरीक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिने।
- खेलकुदकालागि रंगशाला बनाउन प्रदेश सरकार मार्फत आवश्यक समन्वय तथा सहयोग मार्फत कार्यक्रम अगाडी बढाउने।
- इनडोर गेमको प्रर्वद्धनको लागि मागको आधारमा क्रमिकरुपमा “एक वडा एक कवर्डहल“ निर्माण गर्ने ।
- युवा तथा खेलकुद गतिविधिलाई अगाडी वढाउन यस क्षेत्रमा क्रियाशील संघ, संस्था तथा क्लवहरुसंग सहकार्य गर्ने।
- नगरस्तरीय खेलकुद विकास समितिबाट विभिन्न विधाका खेलकुदका गतिविधिहरुलाई योजनाबद्ध तरिकाबाट सञ्चालन गर्ने।
- भलिवल तथा फुटवल लगायत एथ्लेटिक्स सम्बन्धी खेलकुदहरु अन्तर विद्यालय प्रतियोगिताहरु सञ्चालन गर्ने।
- अन्तर माध्यमिक विद्यालय मेयरकप प्रतियोगिता सञ्चालन गर्ने।
- बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास अभिवृद्धिका लागि प्रत्येक विद्यालयलाई अतिरिक्त क्रियाकलाप तथा स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न लगाउने।

### ५.६.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | युवा स्वरोजगारी | संख्या | १२०८ | १५०० | २००० | २५०० | ३२०० | ३५०० | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | | |
| | नगरस्तरीय खेल प्रतियोगिता | पटक | २ | २ | ३ | ३ | ४ | ५ | | नगरपालिका | स्थानीय युवा संघ र स्थानीय खेलकुद क्लवसंग सहकार्य भएको हुने। |
| असर | उद्यमशिलता तालिम प्राप्त युवा | संख्या | ८८ | १२५ | १५० | २०० | ३०० | ५०० | | | |
| प्रतिफल | प्रदेश तथा राष्ट्रियस्तरका खेलाडी | संख्या | ४ | ५ | ८ | ९ | १० | १० | | | |
| | बिकासमा युवाको भूमिकावारे चेतनामूलक कार्यक्रम संचालित बिद्यालय | प्रतिशत | ० | १० | १५ | २५ | ३० | ३५ | | | |
| | ब्यबस्थित खेल मैदान | संख्या | १ | १ | २ | २ | ४ | ५ | | | |
| | मिनी कवर्ड हल | संख्या | ० | १ | १ | २ | २ | ३ | | | |
| | प्रतियोगितात्मक खेलकालागि | संख्या | २० | ४० | ५० | ६० | ८० | १०० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशिक्षित खेलाडी | | | | | | | | | | |

**अपेक्षित उपलब्धि**

- यूवाहरूले जीविकोपार्जनका लागि सीप विकास तालिम प्राप्त गरी स्वरोजगारी बनेका हुनेछन् ।
- खेलकुदको विकासका लागि खेलको व्यवसायीकरण भई खेलाडीको जीवनस्तर माथि उकास्दै आवश्यक भौतिक संरचना निर्माण गरी नपा स्तरका खेल प्रतियोगिताहरू संचालन भएका हुनेछन् ।

### ५.६.६ *कार्यक्रम तथा आयोजना*

- खेलकुद पूर्वाधार विकास कार्यक्रम ।
- युवा स्वरोजगार कार्यक्रम (क्षमता विकास तथा उद्यम बिकास सहयोग) ।
- अन्तर पालिका तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता संचालन ।

# परिच्छेद ६: भौतिक पूर्वाधार विकास

भौतिक पूर्बाधार आफैंमा विकासको महत्वपूर्ण सूचक हो भनें यो अन्य सामाजिक तथा आर्थिक विकासको पूर्वाधार हो। त्यसैले तीन तहकै सरकारको प्राथमिकता भऔतक पूर्बाधार विकासमा रहेको देखिन्छ।**"समृद्ध देवदह, सुखी नगरवासी"** भन्ने दीर्घकालिन सोंच र "**मानव पुंजीको विकाश सहित उच्च र दीगो आर्थिक बृद्धि कायम राख्ने।"** भन्ने यस योजनाको लक्ष्य प्राप्त गर्न गुणस्तरीय भौतिक पूर्वाधारको अपरिहर्यता छ। यस क्षेत्र अन्तर्गत बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण, सडक पुल तथा यातायात, बिद्युत तथा उर्जा तथा संचार उपक्षेत्रहरु पर्दछन।

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### *६.१.१ पृष्ठभूमि*

नगरपालिकामा देशका अन्य भू–भाग लगायत जिल्लाका विभिन्न स्थानहरूबाट यस नगरपालिकामा बसाइसराइको क्रम वृद्धि भइरहेकोले तिब्र शहरीकरण भई रहेको भएपनि व्यवस्थित शहरीकरण एबं बस्ती विकास हुन सकेको छैन । शहरी क्षेत्रमा पक्किढलान गरिएका घरहरूको वहुलता भएका वस्तीहरू छन् भने ग्रामीण क्षेत्रमा बढी मात्रामा सिमेन्टको प्रयोग गरिएका घरहरू छन् । कतिपय क्षेत्रमा माटो, इँटा, ढुङ्गाको प्रयोग गरी घर बनाइएका छन्। छानाको रूपमा धैरै जसो टीनको प्रयोग गरिएको छ भने फुसको, टायलको पनि प्रयोग गरिएको छ ।यस नगरपालिकामा हाल ८ प्रतिशत संरचनाहरु निर्धारित मापदण्ड अनुसार बनेका छन भनें ५० भवनहरु भवन आचार संहिता अनुसार बनेका छन, योजनाबद्ध एकीकृत बस्ति हालसम्म विकास हुन सकेको व्यवस्थित वस्ति विकासकालागि एकिकृत वस्ति विकास योजना बनाएर बाटो,बसपार्क, खानेपानी, ढल निकास इत्यादिको समयमै विकास गर्नुपर्ने देखिन्छ ।

### *६.१.२ समस्या तथा चुनौती*

***क. समस्या***

बस्ति बिकाश र शहरीकरणको क्षेत्र नतोकिंदा खेतियोग्य जमिन बस्ति बिकाशमा खण्डिकृत हुंदै जानु, देशको बिभिन्न ठाउंबाट बसाईं सरेर आएका आप्रवाशीहरुको ब्यवस्थितरुपले बसाउन नसक्नु,ब्यबस्थित बस्ति बिकाश तथा शहरीकरण योजना नबन्नु, भौतिक संरचना निर्माण गर्दा निर्धारित मापदण्डको पालना कमजोर हुनु, भवन आचार संहिताको पालना कमजोर हुनु, सरकारी जमिनको पहिचान र संरक्षण कमजोर हुनु आदि प्रमूख समस्या हुन ।

**ख. चुनौति**

भू उपयोग योजना लागु गर्नु, ब्यवस्थित शहरीकरण तथा बस्ति बिकाश योजना बनाई कार्यान्वयन गर्नु, एकीकृत बस्ती बिकाश गरी सेवा सुबिधा उपलब्ध गराउनु, सरकारी जमिनको पहिचान, सिमांकन र संरक्षण गर्नु आदि प्रमूख चुनौति हुन ।

### *६.१.३ संभावना तथा अवसर*

नगरपालिकाको सबै वडाहरूमा सडक, विद्युत, संचार जस्ता भौतिक पूर्बाधार लगायत शिक्षा, स्वास्थ्य लगायतका सुविधाहरूको पहुँच विस्तार भएको हुनु । वस्तीहरू प्राय राजमार्ग र कतिपय सडकहरूको ठाउँमा रेखाकार रूपमा रहनु, ब्यवस्थित बस्ती बिकास

र शहरीकरणमा नगरपालिकाको प्राथमिकता रहनु, सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स–साना व्यापारिक केन्द्रको रूपमा क्रमिक विकास हुनु, नगरपालिकाको वृहत्तर विकासका लागि ब्यवसायिक शहर बनाउने विषयमा ठुला परियोजना तयारिका छलफल सुरू हुनु, आदि प्रमूख अबसर र सम्भावना हुन।

### *६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य***

योजनाबद्ध शहरीकरण र व्यवस्थित बस्ती  विकाश गर्ने ।

***उद्देश्य***

निजी भवन तथा आवास एबं सार्बजनिक पूर्बाधार निर्माण गर्दा मापदण्डको पालना गराउनु ।

***रणनीति***

- देवदहमा निर्माण गरिने भौतिक पुर्वाधारहरुलाई दिगो, बालमैत्री, अपाङ्गमैत्री एवं गुणस्तरीय बनाउने ।
- भवन मापदण्ड तर्जुमा गरी लागु गर्ने ।
- खरको छानामुक्त देवदह बनाउने ।
- लालपुर्जा, नक्सा र भोगचलन फरक पर्न गई भवन नक्सा पास गर्ने प्रकृयामा भएको कठिनाइलाई दृष्टिगत गरी हाल साविक वा पुनः नापी गर्ने कार्यलाई प्राथमिकता दिने ।
- नगरपालिका क्षेत्रभित्र बन्ने घरहरुको नक्सा बनाउने परामर्शदाता अनिवार्य रुपमा नगरपालिकाको कार्यालयमा सुचिकृत हुनुपर्ने र सुचिकृत नभएको परामर्शदाताबाट पेश गरेको घर नक्सा स्विकृत नगर्ने नीति अवलम्वन गर्ने ।
- भवन नक्सा सम्वन्धी नगरपालिकाले अवलम्वन गरेको नीति र परामर्शदाताले गरेको कार्य बाझिन गई सेवाग्राहीले व्यहोर्न परेको असुविधा अन्त्यका लागी सुचिकृत परामर्शदाताहरुलाई अभिमुखिकरण गर्ने ।
- भुमिहिन दलित, भुमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासहरुको व्यवस्थापन गर्ने ।
- व्यवस्थित शहरीकरणका लागि तोकिएको क्षेत्रमा मात्र भवन नक्सापास गर्ने कार्यलाई कार्यान्वयनमा ल्याउने ।
- महेन्द्र राजमार्ग र शिलतनगर देखि मणिग्राम (बुद्ध सर्किट) सडकमा पर्ने भवनहरुमा बुद्धसँग सम्वन्धित रङ्ग लगाउने नीति लिने ।
- नगरपालिकाको बस्तुगत तथ्यमा आधारित भई ब्यबस्थित शहरी तथा बस्ति बिकाश योजना तर्जुमा गर्ने ।
- सरकारी जग्गाको संरक्षण गर्ने बसपार्क एबं अन्य सार्बजनिक संरचना निर्माणका लागि जग्गाको ब्यबस्था गर्ने नगर हरियाली कार्यक्रम संचालन गर्ने ।
- नगर क्षेत्रभित्र आवासीय, व्यापारिक, औद्योगिक वा अन्य कुनै प्रकारको भौतिक संरचना निर्माण गर्नुपूर्व अनिवार्य रूपमा नक्शा पास गर्नुपर्ने नीतिलाई अवलम्बन गर्ने ।

## ६.१.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | योजनाबद्ध ब्यवस्थित र एकीकृत बस्ति | संख्या | ० | ० | १ | १ | २ | २ | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | नगर पालिका | निजी क्षेत्रको सहयोग प्राप्त भएको हुने |
| असर | मापदण्ड अनुसार निर्माण भएका भौतिक संरचना | प्रतिशत | ८ | १० | १२ | १४ | १६ | १८ | | | |
| प्रतिफल | भवन आचारसंहिता अनुसार निर्मित घर | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | | | |
| | मापदण्ड अनुसारका ब्यबस्थित हाट बजार | संख्या | १० | १० | ११ | ११ | १२ | १२ | | | |
| | ब्यबस्थित सवारी पार्किङ तथा बस बिसौनी | संख्या | ० | ० | १ | १ | २ | २ | | | |
| | ढल निकास | कि.मी. | ० | १ | २ | ३ | ४ | ५ | | | |

**अपेक्षित उपलब्धि**

- भवन तथा आवास निर्माणका क्षेत्रमा प्रयोग हुन सक्ने किफायती, सुरक्षित र वातावरणमैत्री निर्माण सामग्री र नवीनतम प्रविधिको प्रयोग भई सुरक्षित बस्ती विकास हुनेछन।
- सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरू सरोकारवालाहरूको सहकार्यमा निर्माण भई प्रभावकारी ढंगमा लागू भएको हुनेछ।

## ६.१.६ *कार्यक्रम तथा आयोजना*

- भू उपयोग नीति तर्जुमा।
- भवन आवास निर्माण मापदण्ड (Building Code) कार्यान्वन।
- सार्वजनिक पूर्वाधार विकास कार्यक्रम।
- आवास तथा बस्ती सुरक्षा कार्यक्रम।
- सुरक्षित आवास निर्माणका लागि क्षमता विकास कार्यक्रम।
- एकीकृत बस्ती विकास कार्यक्रम।

### ६.२ सडक, पुल तथा  यातायात

### *६.२.१ पृष्ठभूमि*

सडक सञ्जाल पूर्व-पश्चिम राजमार्ग हुदै देशको पुर्व-पश्चिम सिमाना र दक्षीणमा  सुनौली भैरहवा, प्रशिद्ध शहर बुटवल, राजधानी काठमाण्डौ लगायत अन्य क्षेत्रसँग जोडिएको छ। नगरपालिका भित्र सडकको अवस्था हेर्दा सवै वडाहरूमा सडक पुगेको छ।  तथापि, यस नगरपालिकाको सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छैन। जसका कारण नगरपालिकाका बिभिन्न भेगहरूमा उत्पादन हुने खाद्यान्न, दलहन, फलफुल, दुग्ध उत्पादन आदि वस्तुलाई बजारसम्म पुर्याउन असहज देखिन्छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ।।

तथ्याङ्कमा देवदह नगरपालिकालाई हेर्दा कालो पत्रे सडक लम्बाई ९१.७४ कि.मि., कुल सडकको लम्बाई ४०५ कि.मी, पिच सडकको पहँच भएका वडा संख्या रहेका छन। यस्तै नगरपालिकाका ४८ वटा वस्तिहरूमा  सार्वजनिक यातायात नियमित संचालन हुने गरेको पाईयो भने वडा केन्द्रसँग बाह्रै महिना यातायात जोडिका ११५  वटा वस्तिहरू रहेका छन। घरधुरीबाट सेवा लिन जान लाग्ने औषत समय १ घन्टा रहेको छ।

### *६.२.२ समस्या तथा  चुनौती*

#### *क.समस्या*

आधाजसो बस्तिमा सार्बजनिक यातायात नियमित नहुनु,  सडकमा drain, causeway, culvert, retaining  wall लगायतका संरचना ज्यादै न्यून हुनु, सडक मापदण्डको पलाना कमजोर हुनु, मोटोरेबल पुल अप्रयाप्त हुनु, एवं नियमित मर्मत सम्भार नहुनु, यातायातका लागि भाडा दर एकरूपता नहुनु यातायात क्षेत्रको प्रमुख समस्याको रूपमा रहेका छन्।

#### ख. चुनौति

मापदण्ड अनुसार सडक निर्माण र भएका सडकको स्तरोन्नती गर्नु, सडक पुल, कलभर्ट आदि निर्माण गर्नु, यातायात ब्यवस्थालाई ब्यबस्थित गर्नु, सबै बस्तिमा सर्बयाम यातायात चल्ने ब्यबस्था गर्नु प्रमूख चुनौति हुन।

### *६.२.३ अवशर तथा संभावनाहरू*

सडक यातायात नगरपालिकाको प्राथमिकतामा पर्नु, पूर्व-पश्चिम लोकमार्ग नगरपालिका भएर जानु, नगरपालिकाभित्र जम्मा सडकको लम्बाई ४०५ कि.मी हुनु जसमध्ये कालो पत्रे सडकको लम्बाई ९१.७४ कि.मि हुनु. १२ वटै वडाबाट लोकमार्ग र नगरपालिका केन्द्र सर्वयाम यातायतबाट जोडिनु, उत्पादित वस्तुलाई बजारसम्म पुर्याउन यातायातको सहजता रहनु आदि प्रमूख अबसर र संभावना हुन।

### *६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य***

नगरपालिका भित्रका बस्तिहरुमा सर्बयाम यातायातको पहुंच विस्तार गर्ने।

**उद्देश्य:** सडक यातायातको स्तरोन्नति गरी आवागमन र स्थानीय उत्पादनलाई बजार सम्म पुर्याउन सहजता ल्याउनु ।

***रणनीति***

- नगर तथा वडास्तरीय सडकहरुको DPR गरी आयोजना वैंक तयार गर्ने ।
- नगरपालिकाले नयां ट्र्याक खोल्ने अभियानलाई सिमित गरी सडक स्तरोन्नती जस्तै सडकको नाला बनाउने, सोलिङ्ग, ग्राभेलिङ, टेवा पर्खाल, कालोपत्रे, वायो ईन्जिनियरिङलाई प्राथमिकता दिने ।
- मापदण्ड अनुसारमात्र सडक निर्माण गर्ने ।
- नगरपालिकाभित्र सञ्चालित उद्योग, कलकारखाना वाट प्रभावित सडकहरुको स्तरोन्नतीमा प्राथमिकता दिने ।
- सडकको नयां ट्र्याक खोल्दा नाली तथा वायोइन्जिनियरिङको व्यवस्था मिलाउने ।
- सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्ने ।
- नगर क्षेत्रभित्र आवस्यक पर्ने पक्की पुल तथा कल्भर्टहरुको संभाव्यता अध्ययन गरी संघ, प्रदेश र दातृ संस्थाहरुको सहयोगमा निर्माण गर्न पहल गर्ने ।
- नगरभित्र रहेका सडकलाई सुचीकृत गर्ने ।
- सडक मर्मत संभार कोषको स्थापना गरी सालवसाली रुपमा वजेट कोषमा राख्ने र आकस्मिक मर्मत संभार गर्नुपर्ने भएमा कोषको रकमवाट गर्ने ।
- पूर्वाधार निर्माणका काममा उपभोक्ता समितिवाट काम गर्दा कम्तीमा १० प्रतिशत रकम लागत सहभागिता अनिवार्य गर्ने ।
- नगरपालिका भित्रका सडक मापदण्ड भित्र परेका जग्गाहरुको लगतकट्टा गर्ने अभियान संचालन गर्ने ।
- नगर भित्रका सडकहरुलाई १२ महिना नै संचालन हुने गरी स्तरबृद्धि गर्ने ।
- EIA/IEE तथा विपद जोखिम विश्लेषण गरि सडक निर्माणको कार्य गर्न बिशेष नीति अवलम्बन गर्ने ।
- सडक, पुल, तथा अन्य सहायक सडकहरु निर्माण गर्दा विपद् उत्थानशिल विधि आत्मसात गर्ने नीति लागु गर्ने ।

### ६.२.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रभाव** | सार्बजनिक यातायात नियमित चल्ने बस्ति | प्रतिशत | ४८ | ५३ | ५८ | ६३ | ६८ | ७० | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | नगर पालिका | संघीय तथा प्रदेश सरकारसंग समन्वय भएको हुने । |
| **असर** | सर्बयाम सडक | कि.मी | ३३० | ३४० | ३६० | ३७० | ३८० | ३९० | | | |
| | सर्बयाम सडकमा पहुँच भएको जनसंख्या | प्रतिशत | ८५ | ८८ | ९६ | ९९ | १०० | १०० | | | |
| **प्रतिफल** | सडक लम्बाई | कि.मी | ४०४ | ४०६ | ४०८ | ४०८ | ४१० | ४१० | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | पक्की तथा ग्राभेल सडक पुगेको बस्ति | प्रतिशत | ५४ | ५६ | ५८ | ६० | ६३ | ६५ | | | |
| | कालोपत्रे सडक | कि.मी | ९२ | ९८ | १०९ | ११३ | ११८ | १२८ | | | |
| | ग्राभेल सडक | कि.मी | २३८ | २४२ | २५१ | २५७ | २६२ | २६२ | | | |
| | कच्ची सडक | कि.मी | ७४ | ६६ | ४८ | ३८ | ३० | २० | | | |
| | सडक पुल | संख्या | ९ | ११ | १२ | १३ | १५ | १५ | | | |
| | नगरपालिकामा दर्ता भई संचालित सार्बजनिक यातायातको साधन | संख्या | ० | २० | ३० | ४० | ५० | ५० | | | |

**अपेक्षित उपलब्धि**

- सबै वार्ड र बस्तीहरूमा सडक, यातायात र अन्य सार्वजनिक पूर्वाधारको विकास र विस्तार भएको हुनेछ ।
- सडक यातायात पूर्वाधारको निर्माण र व्यवस्थापन सम्बन्धी नीतिहरूको सरोकारवालाहरूको सहकार्यमा कार्यान्वयन गरी दीगो पुर्बाधारको विकास भएको हुनेछ ।

### ६.२.६ *प्रमुख कार्यक्रमहरू*

- नगरपालिकास्तरीय सडक गुरुयोजना तर्जुमा ( ढल निकास समेत) ।
- सडक पूर्वाधार विकास कार्यक्रम ।
- सडक सुरक्षा विशेष कार्यक्रम ।
- सडक मर्मत तथा सुधार कार्यक्रम (खाल्टा खुल्टी पुर्ने र प्वाल परेका सडक मर्मत गर्ने, भित्री वाटोमा पि.पि.सी. ढलान र अबस्था हेरी इन्टरलक(फाइल) ब्लक लगाउने) ।

## ६.३ विद्युत तथा उर्जा

### ६.३.१ *पृष्ठभूमि*

बिद्युत तथा उर्जा विकासको महत्वपूर्ण पूर्बाधार हो। नगरपालिकाका करिव ९५ प्रतिशत घरधुरीलाई राष्ट्रिय प्रशारणको विद्युतीकरण मार्फत जोडिएकोछ । बत्ती प्रयोगको आधारमा यस नगरपालिकाको घरपरिवारको विवरण हेर्दा विजुली ९७% प्रतिशतले प्रयोग गरेको पाइन्छ । इन्धनको रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार ७० प्रतिशत छन, एल पि.ग्यास ७२ प्रतिशत, बैकल्पिक उर्जा प्रयोग गर्ने ४ प्रतिशत, र विजुली प्रयोग गर्ने घरधुरीहरू २ प्रतिशत देखिन्छ ।यसरी हेर्दा कतिपय घरधुरीहरुले एक भनदा बढी प्रकारका उर्जा प्रयोग गरेको देखिन्छ।

### ६.३.२ *समस्या तथा चुनौती*

***क. समस्या***

विद्युत आपूर्तिमा नियमितता नहुनु,कतिपय सीमान्तकृत बर्गहरुकोमा विद्युतको उपयोगमा पहुँच पुग्न नसक्नु, वैकल्पिक उर्जा एवं सुधारिएको चुलोको प्रयोगमा व्यापकता ल्याउन नसकिनु आदि प्रमूख समस्या देखिन्छ ।

## ख. चुनौति

सत प्रतिशत घरपरिवारमा बिद्युत उपलब्ध गराउनु, बैकल्पिक उर्जा र बिद्युतको प्रयोग गरी बायोमास र एल.पी ग्यासको प्रयोग घटाउनु, गरिव र सीमान्तकृत परिवारलाई विद्युत सेवा उपलब्ध गराउनु आदि प्रमूख चुनौति हुन।

### ६.३.३ *अवशर तथा संभावनाहरू*

नगरपालिकाका सबै वडाहरूमा सामुदायिक विद्युतीकरणको कार्य हुनु, करिब ९५ प्रतिशत घरहरूमा राष्ट्रिय प्रशारणबाट विद्युतीकरण हुनु। वैकल्पिक उर्जाको प्रयोग बढ्दै जानु आदि प्रमूख अबसर र सम्भवान हुन।

### ६.३.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य:*** शतप्रतिशत घरपरिवारमा बिद्युत सुबिधा पुर्‍याई स्थानीय उत्पादनसंग जोड्ने।

***उद्देश्य:*** सबैलाई घरधुरीहरूलाई राष्ट्रिय प्रशारणबाट विद्युत सेवा उपलब्ध गराउनु।

***रणनीति***

- विद्युतिकरण हुन बाँकी रहेका बस्तीहरुमा विद्युत प्राधिकरणको सहकार्यमा विद्युतिकरण गर्ने कार्यलाई निरन्तरता दिने।
- विद्युत भोल्टेज कम भई आम नगरवासीलाई भएको असुविधा अन्त्य गर्ने।
- संघीय सरकारको सहकार्यमा सौर्य उर्जा प्रविधि जडान, बायोग्यास जडान, सुधारिएको चुलो (बायोमास) प्रविधि जडानमा जोड दिने।

### ६.३.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | विद्युतसेवामा पहुंच भएको घरधुरी | प्रतिशत | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | | |
| असर | राष्ट्रिय प्रशारणबाट बिद्युत जडान गर्ने घरधुरी | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | | नगरपालिका | नेपाल बिद्युत प्राधिकरण र बैकल्पिक उर्जा प्रबर्धन केन्द्रसंग सहकार्य भएको हुने। |
| प्रतिफल | बैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ४ | ५ | ६ | ६ | ७ | ८ | | | |
| | एल.पी ग्यास प्रयोग गर्ने घरधुरी | प्रतिशत | ७२ | ७१ | ७० | ६९ | ६७ | ६५ | | | |
| | खाना पकाउन बिद्युत प्रयोग गर्ने घरधुरी | प्रतिशत | २ | ३ | ४ | ५ | ७ | ९ | | | |

**अपेक्षित उपलब्धि**

- विद्यूतको सहज आपूर्ति भई जनताको दैनिक जीवनयापन र व्यवसायमा सुधार आएको हुनेछ।

**६.३.६ *प्रमुख कार्यक्रमहरू***

- विद्युत विस्तार कार्यक्रम।
- सार्वजनिक क्षेत्र तथा पूर्वाधारमा विद्युत तथा बैकल्पिक उर्जा व्यवस्थापन कार्यक्रम।
- वैकल्पिक उर्जा प्रवद्र्धन कार्यक्रम।
- विद्युत जडान कार्यमा विपन्न पिछडिएका वर्ग सहयोग कार्यक्रम।
- संचालित आयोजना मर्मत सम्भार तथा संचालन व्यवस्थापन कार्यक्रम ।
- सोलार बत्ती जडान र जंगल क्षेत्र तथा अपराध सम्भावित क्षेत्रमा बिजुलीको पोलको ब्यबस्था तथा सोलार बत्ती जडान कार्यक्रम।

## ६.४ संचार

### ६.४.१ *पृष्ठभूमि*

यस नगरपालिकामा नेपाल टेलिकम र एनसेल मार्फत ल्याण्डलाईन र मोबाइल सेवा उपलब्ध रहेको छ।करीब शतप्रतिशत घरधुरीको मोबाइल फोनमा पहुँच रहेको अनुमान गरिएको छ। मोबाइल फोनबाट डाटा प्रयोग गरी इन्टरनेटको प्रयोग गर्ने जनसंख्या करीब ९० प्रतिशत रहेको छ। त्यस्तै, टेलिभजन् रेडियो, अनलाईन खबरमा समेत नागरिकको पहुंच रहेको छ । यस नगरपालिकामा सामुदायिक सञ्चार अभियानद्वारा सञ्चालीत सामुदायिक रेडियो देवदह १०६.६ मेगाहर्ज लगायत विभिन्न अन्य स्टेसनहरू वुटवल तथा अन्य शहरहरूबाट नै सिधा प्रशारण हुन्छन्।

### ६.४.२ *समस्या तथा चुनौती*

***क. समस्या***

भौगोलिक अवस्थाको कठिनाईका कारण संचारको अत्यधिक महत्व भएतापनि लगानीको अभावका कारण यसबाट फाईदा लिन नसक्नु, ल्याण्ड लाईन फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न नसक्नु, अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयता कमजोर हुनु आदि प्रमूख समस्या हुन।

**ख. चुनौति**

सबै नागरिकमा सूचनाको पहूच पुऱ्याउनु, इन्टरनेटको सूबिधा बिस्तार गर्नु, सेवा प्रदायक सस्थाहरुसंग समन्वय गर्नु, सवारी दुर्घटना तथा अपराध हुनसक्ने खतराजन्य क्षेत्रमा सी. सी.क्यामरा जडान गर्नु आदि प्रमूख चुनौति हुन।

### ६.४.३ *अवशर तथा संभावनाहरू*

यस नगरपालिकामा NTC, World Link, Vianet आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्याउँदै आउनु, विभिन्न केवल नेटवर्क तथा सेटलाइट च्यानल जस्तै डिस होम आदिद्वारा सेवा टि.भी. सेवा पुगेको हुनु, नगरपालिकामा अन्तर्राष्ट्रिय स्तरका बीबीसी

नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपालको साथै स्थानीय एफ.एम. पनि प्रसारण हुनु, नगरपालिकाका ९० प्रतिशत घरधुरीको इन्टरनेटको सुविधासंग पहुंच रहनु, २ वटा अनलाईन समाचारहरू रहनु आदि प्रमूख अवसर तथा सम्भवनाहरु हुन।।

### ६.४.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्य***

- सूचना प्रबिधिको पहुंच बिस्तार गर्ने।

***उद्देश्य***

- आर्थिक क्रियाकलापमा सूचना प्रबिधिको उपयोगमा वृद्धि गर्नु।

***रणनीति***

- नगरबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने नगरका गतिबिधिहरु बारे आम नगरवासीलाई सुसुचित गर्न स्थानीय पत्रपत्रिका रेडियो र टेलिभिजनबाट नियमित कार्यक्रम संचालन गर्ने।
- नगरपालिकाको सुचना र जानकारीहरुको लागी नगरपालिकाको वेवसाइटलाई निरन्तर अद्यावधिक राख्ने रेडियो, टेलिभिजन तथा पत्र पत्रिकासँग समन्वय गरी नगरपालिकाबाट प्रदान गरिने सेवा, सुविधा, विविध जानकारीहरु, सुचना तथा शिक्षामुलक सन्देश प्रवाह गर्ने
- केउली, उजेरी, सटाक, मुढावास, दाउन्ने, दलदले आदिमा टावरको ब्यबस्था गर्न दुरसंचारसंग समन्वय गर्ने।
- टेलिफोन लाइन तथा मोवाइल नेटवर्क नपुगेका स्थानमा सेवा विस्तारका लागी सम्वन्धित निकायसंग समन्वय गर्ने।

### ६.४.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रभाव** | दैनिकरुपमा समाचार पढ्ने र सुन्ने जनसंख्या | प्रतिशत | ४० | ५० | ६० | ७० | ७५ | ८० | न.पा.को बार्षिक प्रगति प्रतिवेदन | | |
| **असर** | आर्थिक कारोबारमा मोवायल एप्सको प्रयोगकर्ता | प्रतिशत | २० | २५ | ३५ | ४० | ५० | ६० | | नगरपालिका | दुरसंचार र सेवा प्रदायक निकायबाट सहयोग प्राप्त भएको हुने |
| **प्रतिफल** | व्यवसायमा इन्टरनेटको प्रयोग | प्रतिशत | ९१ | ९५ | १०० | १०० | १०० | १०० | | | |
| | मोवायल प्रयोग कर्ता (१६ बर्ष माथी) | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | | | |
| | टेलिभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८० | ८२ | ८५ | ८७ | ८९ | ९० | | | |
| | इन्टरनेट सुबिधा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६५ | ७० | ७३ | ७५ | ८० | ८५ | | | |
| | अनलाईन समाचार संख्या | संख्या | २ | २ | ३ | ३ | ४ | ४ | | | |
| | एफ. एम.रेडियो सर्भिस | संख्या | १ | १ | २ | २ | ३ | ३ | | | |

**अपेक्षित उपलब्धि**

- सूचना तथा संचार प्रविधिमा नगरपालिकावासीको पहुँच र उपयोगमा वृद्धि भई व्यवसायका अन्य आयामहरू संचारसँग जोडीई जनताको जीवनस्तरमा सुधार आउनेछ।

### ६.४.६ *प्रमुख कार्यक्रमहरू*

- संचार प्रविधि तथा पूर्वाधार विकास कार्यक्रम।
- सूचना तथा संचार प्रविधिमा आधारित सेवा प्रबर्द्धन कार्यक्रम।
- नगरका सवै वडामा पूर्वसूचना प्रणालीको सहज पहुँचको लागि सार्वजनिक इन्टरनेट सेवा विस्तार।
- सडक सूचना तथा पर्यटकको लागि सडक सञ्जाल (GIS) नक्शा तयारी तथा छपाई।
- सार्वजनिक सुरक्षाको लागि थप सिसि क्यामेरा जडान कार्यक्रम।
- नगरपालिका भित्र विपद् सूचना केन्द्र स्थापना तथा सञ्चालन।

# परिच्छेद ७:  वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन

उत्तरमा चुरे पर्बतका विभिन्न खोंच तथा बेंसीको क्षेत्रमा विभिन्न जातका बोट बिरूवाहरू, जडिबुटी, गैरकाष्ठ वन पैदावार, चराचुरूङ्गी, स्तनधारी तथा सरिसृप जीव लगायत अन्य जलचर थलचर प्राणीका साथै वनस्पतिले पनि आश्रय पाएका छन् । यहाँ उष्ण (Tropical) र उपोष्ण (Sub-Tropical) प्रदेशीय साल, असना, कर्मा, जामुन, खयर, सल्ला लगायतको वन रहेको छ भने राजमार्गको दक्षिणतर्फ ससाना वनक्षेत्रहरू रहेका छन । यहाँका बासिन्दाको आर्थिक अवस्थामा योगदान पुर्याउने उद्देश्य राखि सामुदायिक वनहरू संचालनमा छन । तथापि, यसबाट दैनिक आवश्यकता भन्दा व्यवसायतर्फ  हालसम्म खासै योगदान पुग्न सकेको छैन । यसका अलावा बिना योजना निर्माण गरिएका र ट्र्याक खोलिएका सडकका कारण बिशेषगरी बर्षा याममा पहिरोको कारण धनजनको क्षति हुने गरेको छ । वन तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र वातावरणीय सुधार गर्ने र स्थानीय मानिसहरूलाई वनबाट प्राप्त हुने आर्थिक लाभ बढाउन र बिपद प्रतिकार्यमा समुदायमा सचेतनता र संलग्नता बढाउन यस योजनाको रणनीतिक लक्ष्य रहेको छ ।

## ७.१ वन विकास तथा वातावरण संरक्षण

### *७.१.१ पृष्ठभूमि*

देवदह नगरपालिकामा रहेका विभिन्न किसिमका वनस्पतिहरूको अध्ययन, अनुसन्धान हुन जरूरी छ । यसैगरी वन क्षेत्रभित्र रहने किराफट्याङ्ग्रा, घस्रने जीवजन्तु, विभिन्न पुतलीहरू साथै ठुला जनावरहरू समेत रहेका छन । तर, यसको व्यवस्थित अध्ययन अनुसन्धान हुन सकेको छैन भने समतल भागमा भएको  जङ्गल क्षेत्र पनि फाँडेर बस्ती बसेको छ । केही संरक्षित बनको रूपमा रहेका ठाउँमा घना वन क्षेत्र रहेकोछ । त्यसै गरी चुरेको पहाडी भागमा प्रायः घना केहि मिश्रित खालका वनस्पति रहे पनि सदावहार किसिमको बनको नै बहुलता रहेको छ । यहाँको वनमा साल, अस्मा, बाझी, जामुन, केमुन, कुम्भी, बोडधाइरो, जिंगड, कर्मा, कुसुम, विजयसाल, सत्तीसाल, आदि रूख पाइन्छन् भने गैह्रकाण्ठमा हर्रोबर्रो, विडिपत्ता, कडिपत्ता, कुकुरडाइना, घोडताप्रे, सर्पगन्धा, शिकारी, लहरा, भोर्ला, चीउरी, गीठा, पिपला, गुजरगानो आदि पाइन्छन् ।

नगरपालिका क्षेत्रको जङ्गलमा विभिन्न किसिमका वन्यजन्तुहरू जस्तै वन विरालो, बँदेल निलगाई, खरायो, स्याल, ढेडु, बाँदर, लोखर्के, न्याउरीमुसो, चमेरो, हरिण, चितुवा, बाघ, भालु, आदि पाइन्छन । यस्तै, घस्रने जीवमा सर्प, गोहोरो, अजिङगर, छेपारो लगायत चराचुरूङ्गीमा जुरेली, लाहाँचे, सुगा, मजुर, वनकुखुरा, डाङ्ग्रे, कोइली, गीद्ध, भँगेरा, ढुकुर, काग, चील, मैना लोटोकोसेरो आदि रहेका छन्। तसर्थ विभिन्न किसिमका ससाना किरा फट्याङ्ग्रादेखि ठूला ठूला जीवका साथै विभिन्न किसिमका वनस्पतिले गर्दा जैविक विविधता पनि रहेको छ ।

यस नगरपालिकामा वनमा आधारित उद्योग तथा व्यवसाय २४ वटा, र ५०० जनाले रोजगारी पाइका छन । यस्तै ४५ वटा  संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्रहरू रहेका छन । वृक्षरोपणबाट संरक्षित गरिएको वन क्षेत्र ६४० हेक्टर, सक्रिय सामुदायिक तथा कवुलियती वन समुह ३५ वटा, कृषि वन समुह २ वटा, संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र ५ वटा रहेका छन ।

### ७.१.२ *समस्या तथा चुनौती*

**क. समस्या**

- वनजंगल सम्बन्धी उत्पादनको चोरी निकासी हुनु,
- जडीवुटीको पहिचान, संरक्षण हुन नसक्नु,
- रैथाने तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु संरक्षण हुन नसक्नु,
- वन डढेलो तथा आगलागी हुनु ,
- फोहर व्यवस्थापन नहुनु,
- वन्यजन्तु बिशेषगरी बंदेल, निलगाई, बाँदर आदिबाट फलफूल र खेतीबालीको क्षति हुनु ।

**ख. चुनौति**

- बन संरक्षणमा समुदायको परिचालन गर्नु,
- अबैध बन फडानी र चोरी निकासी रोक्नु,
- बनलाई आय र रोजगारीमूलक क्षेत्रमा उपयोग गर्नु ।

### ७.१.३ *संभावना तथा अवसर*

- नागरिकको वनसंरक्षणमा सहभागिता बढ्दै जानु,
- नगरपालिकाले ३०४४ हेक्टर वन क्षेत्र ओगट्नु,
- बन व्यवस्थापनमा समुदायको सहभागिता बढ्दै जानु,
- वनले कार्वन उत्सर्जन न्यूनीकरणमा महत्वपुर्ण भुमिका खेल्ने हुँदा सामुदायिक तथा राष्ट्रिय वनहरूले REDD+ मार्फत कार्वन व्यापारमा जाने संभावना हुनु,
- महत्वपूर्ण जडिवुटी प्रजातीको संरक्षण तथा व्यवस्थापन तथा निजी जग्गामा खेती विस्तार हुनु,
- महत्वपुर्ण गैरकाष्ठ वन पैदावारहरूको प्रशोधन तथा Value addition हुनु
- प्राकृतिक स्रोत साधन सम्बन्धी वन्ने र वनेका नीति नियमहरूमा जनताका पक्षमा थप पैरवी हुनु,
- राष्ट्रिय तथा सामुदायिक वनहरुमा वृक्षारोपण हुन,
- जैविक विविधताको संरक्षण हुनु,
- नागरिकहरु कृषि वन तथा निजी वन तिर उन्मूख हुनु,
- नदी उकास क्षेत्रमा बृक्षारोपण हुनु ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

- समुदायको संलग्नतामा वृद्धि गरी दीगो वन व्यबस्थापन गर्ने ।

**उद्देश्यः**

- वन व्यवस्थापन र जैविक विविधतामा स्थानीय समुदाय परिचालन गरी वन संरक्षण, आय आर्जन तथा रोजगारीमा वृद्धि गर्नु ।

**रणनीति**

- नगरपालिका क्षेत्रका सार्वजनिक तथा सामुदायिक वनमा रहेका वनजन्य स्रोत तथा वन्य जन्तुहरु एवं जैविक विविधताको संरक्षण गर्ने।
- वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गर्दै आर्थिक कृयाकलापमा उपयोग गर्न प्रेरित गर्ने ।
- सामुदायिक वनहरुले गर्ने आय आर्जनलाई नगरपालिकाको विकास निर्माणको मुल प्रवाहीकरणमा सहयोग पुग्ने गरी नीति तर्जुमा गर्ने ।
- नगरक्षेत्रभित्र रहेका सामुदायिक वनहरुले बनाएको कार्ययोजना नगरपालिकाबाट स्विकृत गराई कार्यान्वयन गर्ने र स्थानीय सरकार संचालन ऐन ले तोकेको शुल्क अनिवार्य रुपमा सामुदायिक वनहरुले नगरपालिकामा जम्मा गराउने ब्यवस्था गर्ने।
- वातावरण मैत्री स्थानीय शासन प्रारुप तयार गरि कार्यान्वयन गर्ने ।

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | बनको संचिति दर | हेक्टर | ३०४४ | ३०४४ | ३०४८ | ३०४८ | ३०५० | ३०५० | नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन | नगरपालिका | संघीय तथा प्रदेश सरकार र बन उपभोक्ता समूह वीच सहकार्य हुने । |
| असर | संरक्षित बन क्षेत्र | हेक्टर | ६४०.५ | ६४४ | ६४६ | ६४८ | ६५० | ६५२ | | | |
| प्रतिफल | सामुदायिक तथा कबुलियति बन | हेक्टर | ३५ | ३५ | ४० | ४५ | ४८ | ५० | | | |
| | कृषि वन समूह | संख्या | ३ | ३ | ४ | ४ | ५ | ५ | | | |
| | बृक्षारोपण | हेक्टर | १०० | १५० | २०० | २२५ | २५० | ३०० | | | |
| | सक्रिय सामुदायिक तथा कबुलियति बन समूह | हेक्टर | ३५ | ३५ | ४० | ४५ | ४८ | ५० | | | |
| | जैविक | हेक्टर | १५०० | १५०० | १५०४ | १५०५ | १५०६ | १५०७ | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | विबिधतायुक्त क्षेत्र | | | | | | | | | | |
| | बन तथा जैविक विविधता संरक्षणबारे सचेतना कार्यक्रम संचालित वडा | संख्या | ० | २ | ३ | ५ | ८ | १२ | | | |
| | बन तथा जैविक बिबिधता बारे तालिमप्राप्त जनशक्ति | संख्या | १० | १५ | २० | २५ | २५ | ३० | | | |
| | बनजन्य उद्योग ब्यबसाय | संख्या | २४ | २४ | २६ | २६ | २८ | ३० | | | |
| | बनजन्य उद्योग ब्यबसायबाट रोजगारी | संख्या | ५०० | ५०० | ५४० | ५४० | ५७५ | ६०० | | | |

**अपेक्षित उपलब्धि**

- वन फंडानी तथा अतिक्रमणको नियन्त्रणका साथै चरिचरणका लागि वैकल्पिक उपायहरू खोज्दै, वन पैदावारबाट र जडीवुटी खेतीका माध्यमबाट रोजगारीमा वृद्धि गर्ने र वन क्षेत्रको दीगो व्यवस्थापनका लागि समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षण भएको हुनेछ ।
- समुदायको संलग्नतामा थप वृद्धि गर्दै  दीगो वन व्यवस्थापनका माध्यमबाट जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धी भएको हुने।

### ७.१.६ *प्रमुख कार्यक्रमहरू*

- वन पैदावार उत्पादन, प्रशोधन तथा वजारीकरण सहयोग कार्यक्रम ।
- चरनक्षेत्र विकास तथा संरक्षण कार्यक्रम ।
- वन सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम ।
- सामुदायिक वन उपभोक्ताको क्षमता विकास कार्यक्रम ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### *७.२.१ पृष्ठभूमि*

स्वस्थ एवं समृद्ध जलाधार क्षेत्रले पानीको श्रोतलाई बचाउँदछ, वनजंगल, रूखविरुवा, जीवजन्तु, जनावरहरूलाई जोगाउँदछ भने माटोलाई मलिलो बनाउन मद्दत पुर्याउँदछ र आफैंमा समृद्ध समुदायको स्थापना गराउँदछ । तथापि यस नगरपालिकाका जलाधार क्षेत्रमामा भएका ठूला परिवर्तन जस्तैः रुख विरुवाको कटानी, झारपातहरूको फंडानी फोहरमैलाको अब्यबस्थित विसर्जन, बाटो तथा कंक्रिट घरहरूको निर्माणले जलाधार क्षेत्रमा क्षति पुगेकोछ र यसले पानीको स्रोतलाई पनि क्षति गरेकोछ नगरपालिकामा पहिचान गरिएका रोहिणी, भलुही, घोडाहा, ज्यामिरे, सरन, खहरे, आदि अस्थायी प्रकृतिका भएको हुनाले केवल वर्षामा मात्र यिनको अस्तित्व देखा पर्दछ । यी खोलाहरूलाई आधार वनाई उचित जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी भू-क्षय, बाढी, पहिरो जस्ता समस्याहरूको समाधान गर्नुका साथै जलाधार क्षेत्रको जग्गाको उत्पादकत्व संरक्षण तथा भौतिक पूर्वाधारहरूको संरक्षण र वातावरणीय सेवामा सुधार ल्याउनु पर्ने आवश्यकता रहेको छ ।

### *७.२.२ समस्या तथा चुनौती*

#### *क. समस्या*

नगरपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम नहुनु, जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिश्चित हुन नसक्नु, जलाधार क्षेत्रको माथिल्लो क्षेत्रका गतिविधिबाट तल्लो तटीय क्षेत्रका गतिविधिमा नकारात्मक असर पुग्नु, आदि प्रमूख समस्या हुन।

#### ख. चुनौति

जलाधार व्यबस्थापनमा तीन तहका सरकारबीचमा सहकार्य गर्नु, बन फंडानी र निर्माण कार्यले Water Recharse को दरमा हुने क्षति कम गर्नु, जलाधार क्षेत्र संरक्षणका लागि भौगोलिक सूचना प्रणाली (GIS) नक्साकंन गरी कार्यक्रमहरू संचालन गर्नु आदि प्रमूख चुनौति हुन।

### *७.२.३ संभावना तथा अवसर*

- नगरपालिका जैविक विविधताको दृष्टिकोणले धनी भएकोले पर्यापर्यटनको प्रबर्द्धन गर्ने सम्भावना हुनु ।
- नदी खोला किनार संरक्षण हुनु।
- नदी नियन्त्रणबाट उकास जमिन संरक्षण हुनु ।
- जलाधार ब्यबस्थापनका लागि नगरपालिकाको उच्च प्राथमिकता हुनु ।
- परम्पतागत पोखरी, ताल तलैयाहरूको संरक्षणका लागि नगरपालिकाको उच्च प्राथमिकता हुनु ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- भूमिको दीगो व्यबस्थापनका लागि व्यबस्थित भू संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने।

**उद्देश्य**

- भू संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत भू क्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन तथा पानीका श्रोतहरुको संरक्षण गर्ने।

**रणनीति**

- नगरपालिकामा रहेका नदी उकास जग्गा, सामुदायिक वन, निजि वन तथा सार्वजनिक र खाली जग्गाहरुमा स्थानीयको सहभागीतामा वृक्षारोपण कार्यक्रम संचालन गर्ने।
- प्रारम्भिक वातावरणीय मुल्यांकन (IEE) समयमै सम्पन्न गरी नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्ने व्यवस्था गरिने छ साथै नदीजन्य पदार्थ चोरी निकासी गर्ने कार्यलाई नियन्त्रण र नियमन गर्ने।
- सीमसार, र चुरे जलाधार क्षेत्रलाई संरक्षण गर्ने ।

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | संरक्षित र ब्यवस्थित ताल तलैया र सिमसार क्षेत्र | संख्या | ५ | ५ | ६ | ७ | ८ | ८ | नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन | नगरपालिका | स्थानीय समुदायको सहयोग प्राप्त भएको हुने। |
| असर | नदी खोला किनार संरक्षण | कि.मी | ९ | ९ | ११ | १३ | १५ | १७ | | | |
| | क्षतिग्रस्त भूमी पुनरूत्थान | २५ | २५ | ५० | ७५ | ८० | १०० | १५० | | | |
| प्रतिफल | संरक्षण पोखरी निर्माण | संख्या | ९ | ९ | १० | १० | ११ | १२ | | | |
| | संरक्षित पानीको मुहानक्षेत्र | हेक्टर | १९.३९ | १९.४ | १९. ५ | १९.५ | १९.६ | १९.६ | | | |
| | नदी नियन्त्रण र उकासबाट संरक्षित जमिन | हेक्टर | ३६ | ४० | ४५ | ५० | ५५ | ६० | | | |
| | निर्मित स्पर तथा चेकड्याम | कि.मी | २२ | २३ | २३.५ | २४ | २४.५ | २५ | | | |
| | पहिरो नियन्त्रण | संख्या | ७ | ८ | ९ | ११ | १३ | १४ | | | |

**अपेक्षित उपलब्धि**

- समुदायसंगको सहकार्यमा पानी मुहान, सिमसार, पोखरी, तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग भएको हुनेछ ।
- नदी तथा खोला किनाराहरुमा तटबन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण भएको हुनेछ ।
- जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन भएको हुनेछ ।
- भूक्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्शाङ्कन गरी त्यस्ता जोखिम सम्बेदनशील क्षेत्रहरुमा मानव वसोवासका लागि बन्देज गरिनेछ ।
- जथाभावी सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्यांकन एवं डिपिआर पश्चात जियो इन्जिनियरिङ्ग प्रविधि अपनाई सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण गर्ने परिपाटीको बिकास भएको हुनेछ ।

### ७.२.५ *प्रमुख कार्यक्रम*

- जलश्रोत, सिमसार क्षेत्र तथा सार्वजनिक जमिन पहिचान, संरक्षण तथा विकास कार्यक्रम ।
- नदी तटवन्ध निर्माण कार्यक्रम ।
- सुरक्षित वस्ती विकास कार्यक्रम ।
- जलाधार संरक्षण तथा उपयोग सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ *पृष्ठभूमि*

वातावरणीय विनास र जलवायु परिवर्तनका असरहरू यस नगरपालिकामा देखापर्न थालिसकेका छन् र बढ्दै पनि गइरहेका छन । यसको न्यूनीकरण र अनुकूलन कार्यमा सीमितता रहेकोले क्षति तथा नोक्सानी हुनबाट मानवीय तथा प्राकृतिक श्रोतलाई सम्बोधन गर्ने नगरपालिका दृष्टिकोणको आवश्यकता छ । वढदो सहरीकरण र वसाईसराईको चापका कारणले यहाँ फाहोरमैला व्यवस्थापन तथा प्रदुषणको चुनौती दिनप्रतिदिन बढदै गईरहेको छ । नगरपालिकाको उत्तरमा रहेका संवदनशिल चुरे क्षेत्र हुने प्राकृतिक श्रोतको अनियन्त्रित प्रयोगले वातावरणमा झन चाप बढेको छ । जलवायु परिवर्तनका कारण विपदका नयाँ रूप र जोखिम थपिदै गएका छन ।

फोहोर व्यवस्थापनकालागि देवदह नगरपालिकाले बुद्ध सामुदायिक वन क्षेत्रमा डम्पिङ्ग साईटको व्यवस्था गरेको छ । नगर क्षेत्रवाट फोहोर संकलन गरी नजिकैको बुद्ध सामुदायिक वन क्षेत्रमा अव्यवस्थित तवरले फाल्ने गरेका कारण दुर्गन्ध फैलिंदै गएको स्थानीयबासीको गुनासो छ । फोहोरलाई मोहरमा परिणत गर्न कुहिने र नकुहिने फोहोरलाई छुट्याउने गरी कामको सुरूवात गर्न जरूरी छ । तथ्याङ्कमा यस नगरपालिकाको फोहोर व्यवस्थापनलाई हेर्दा दैनिक ५०० मे. टन फोहोर मैलाको निष्काशन हुने गरेको देखिन्छ ।

### ७.३.२ *समस्या तथा चुनौती*

***क.समस्या***

नागरिकमा वतावरणीय चेतना कम हुनु, नगर क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुको विसर्जन व्यवस्थित हुन नसक्नु, फोहोरको उचित व्यबस्थापन नहुनु, रसायनिक मलको माटोको गुणस्तर खस्किदै जानु, वातावरणीय प्रदुषण कम गर्नु,

**ख. चुनौति**

व्यवस्थित फोहोर विसर्जन केन्द्रको ब्यवस्था गर्नु, नागरिकमा फोहोर ब्यवस्थापन र वातावरण संरक्षणबारे चेतना अभिबृद्धि गर्नु, फोहोर प्रशोधन गरी आयमूलक कार्यमा प्रयोग गर्नु आदि प्रमूख चुनौति हुन।

### ७.३.३ *संभावना तथा अवसर*

फोहोरमैला व्यबस्थापन र वातावरणप्रति नगरपालिका र नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिता बढ्दै जानु, फोहोर मैला व्यवस्थापन ऐन तर्जुमाको चरणमा हुनु, प्राङ्गारिक खेति बारे जनचासो वढ्दै जानु, योजनामा वातावरण अध्ययन हुने व्यवस्था हुनु आदि प्रमूख अवसर र सम्भावना हुन।

### ७.३.४ *उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्यः***

नगरपालिका क्षेत्रभित्रको वातावरण संरक्षण गर्ने ।

***उद्देश्य*** :

- फोहोरमैलाको प्रभावकारी व्यवस्थापन  गर्नु ।
- वातावरण प्रदुषण कम गर्नु ।

***रणनीति***

- निषेधित क्षेत्र भित्र फोहोर फाल्ने कार्यलाई निरुत्साहित गर्ने ।
- नगरपालिका क्षेत्रमा सरसफाईलाई अभियानको रुपमा नै संचालन गर्न आफ्नो घर, टोल क्षेत्र सरसफाइ राख्न टोल विकाश सस्थालाई अभिप्रेरित गर्ने र प्रतिस्पर्धात्मक, चेतनामुलक कार्यक्रमहरु संचालन गर्न टोलविकास संस्था मार्फत सम्पूर्ण टोलवासीहरु तथा स्थानीय संघ संस्थाहरुलाई परिचालन गर्ने । साथै, नियमित रुपमा सरसफाई अभियान संचालन गर्ने ।
- घर घरबाट निस्कने फोहरलाई कुहिने र नकुहिने फोहोरमा विभाजन गरी कुहिने फोहरलाई प्राङ्गारिक मल बनाउन तथा उपयोग गराउन अभिप्रेरित गर्ने र वजार क्षेत्रको फोहर मैला व्यवस्थापनमा समुदायको अनिवार्य सहभागीता गराउने ।
- जसले फोहोर गर्छ, उसैले सफा गर्नुपर्छ भन्ने नीति अवलम्वन गर्ने ।
- सडकमा छाडा पशु तथा अन्य पशुहरुलाई जथाभावी छाड्ने परिपाटीलाई निरुत्साहित गर्दै सफा र सुरक्षित सडक बनाउने नीति अवलम्वन गर्ने ।
- हामी सबैको एउटै बोल, सफा आँगन सफा टोल भन्ने उद्देश्यका साथ सरसफाईमा विशेष सक्रियता देखाउने टोलको पहिचान गरी पूरस्कृत गर्ने तथा सबै टोल विकास संस्थाहरुलाई सरसफाईमा सक्रि बनाउने नीति लिने ।
- नगरपालिकाको फोहोर व्यवस्थापनको लागी ल्याण्ड फिल्ड साइटको व्यवस्थापन गर्ने।

### ७.३.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रभाव** | वातावरण संरक्षणकोलागि जनचेतना अभियान सचालन भएका टोल र बस्ति | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन | | |
| **असर** | वातावरण सम्बन्धी स्थानीय एफ.एम.मा चेतनामूलक कार्यक्रम प्रशारण | पटक | ० | १२ | २४ | ३६ | ४८ | ५२ | | नगरपालिका | स्थानीय समुदाय, नागरिक समाज र बिद्यालयहरुबाट सहयोग भएको हुने। |
| **प्रतिफल** | घरधुरीको फोहोरमैला व्यवस्थापनका लागि व्यबस्थित ल्याण्डफिल्ड साईट संख्या | संख्या | ० | ० | १ | ० | ० | १ | | | |
| | फोहोरमैला ब्यवस्थित र दीगो ब्यवस्थापन भएका वडा | संख्या | ० | ० | १ | १ | २ | २ | | | |
| | फोहोरमैला ब्यवस्थापनकालागि गार्बेज विन प्रयोग गर्ने घरधुरी | प्रतिशत | १० | १५ | २५ | ३५ | ४० | ५० | | | |
| | हरेक बिद्यालयमा वातावरण वारे जनचेतना कार्यक्रम संचालन | पटक | ० | १ | १ | २ | २ | ३ | | | |

**अपेक्षित उपलब्धि**

- वातावरण तथा फोहोर व्यबस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन भएको हुनेछ ।
- ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरुलाई अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना बिकास भएको हुनेछ ।
- वातावरण सरसफाइ समूह समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम भएको हुनेछ ।
- सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमा न्यूनीकरण भएको हुनेछ ।
- वजार क्षेत्रहरुमा ढलहरु निर्माण र नगरवस्तीका घर आँगनवाट निस्कने फोहोर पानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास व्यवस्था भएको हुनेछ ।
- निजीक्षेत्रसंगको सहकार्यमा बस्ती स्तरमा नै फोहोरमैला संकलन, प्रशोधन केन्द्र तथा बस्ती स्तरमा नै व्यवस्थित र सुरक्षित भएको हुनेछ ।

### ७.३.६ *प्रमुख कार्यक्रम*

- फोहोरमैला व्यवस्थापन नीति तर्जुमा ।
- घरायसी फोहर व्यवस्थापन कार्यक्रम ।
- वातावरण संरक्षण तथा घरभित्रको धुवाँमुक्त घरधुरी प्रबर्धन कार्यक्रम
- सरसफाई पूर्वाधार विकास कार्यक्रम ।

### ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

#### *७.४.१ पृष्ठभूमि*

नेपालको संविधान बमोजिम विपद व्यवस्थापन स्थानीय तहको एकल अधिकारका साथै संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारमा पर्दछ। स्थानीय सरकार नागरिकको नजिकको सरकार भएको र विपदबाट पर्ने धनजनको क्षतिवाट प्रत्यक्ष र नजिकबाट अनुभूति गर्ने सरकार पनि हो। त्यसैले विपद व्यबस्थापनमा स्थानीय तहको प्रमूख भूमिका रहन्छ। बर्षेनी हुने बाढी, पहिरो, डढेलो, चट्याङ, माहामारी, अतिबृष्टि, अनाबृष्टि आदिबाट बार्षिक ठुलो क्षति हुने गरेको छ। त्यसमा पनि जलवायु परिवर्तनबाट तापक्रममा वृद्धि भई स्थानीय कृषि उत्पादन, जनस्वास्थ्य लगायत नदीहरुमा सुक्खापनको वृद्धि आदि असरले यसलाई थप जटिल बनाएको छ। नगरपालिकाको उत्तरमा रहेका संवदनशिल चुरे क्षेत्रमा हुने प्राकृतिक श्रोतको अनियन्त्रित प्रयोगले वातावरणमा झन चाप बढेको छ । यसकारण स्थानीय सरकारहरूले सरोकारवाला संघसस्थाहरु र स्थानीय नागरिकहरुसंगको सहकार्यमा प्रभावकारी विपद व्यवस्थापपन गर्नु अपरिहार्य छ।

#### *७.४.२ समस्या तथा चुनौती*

**क. समस्या**

- अव्यवस्थित मानव वस्ती, भौतिक निर्माण र बढ्दो औद्योगीकरणले प्राकृतिक स्रोत दोहन बढ्दै जानु ।
- आपतकालीन परिस्थितिको लागि तयारी योजना नहुनु ।

**ख. चुनौति**

- विपद बाट बार्षिकरुपमाहुने धनजनको क्षति कम गर्नु,
- जलवायु परिवर्तनबाट सृजित असर कम गर्नु ।

#### *७.४.३ संभावना तथा अवसर*

- विपद जोखिम न्युनीकरणमा नागरिक तथा जनप्रतिनिधि जागरुक हुंदै जानु।
- अग्नि नियन्त्रण व्यवस्थापन र विपद प्रतिकार्यात्मक सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन ।
- विपद् जोखिम न्यूनीकरणका लागि बार्षिक कार्यक्रम, बजेट र नीतिको तर्जुमा गरिएको ।
- विपद व्यबस्थापनमा नागरिक, स्थानीय संघसस्थाको समन्वय र सहयोग बढ्दै जानु।

#### *७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना*

***लक्ष्यः*** विपद् जोखिम न्यूनीकरणलाई गर्नु।

***उद्देश्यः*** विपद जोखिम न्यूनीकरण र विपद ब्यवस्थापनमा समुदायको संलग्नता बढाउदै जलवायु परिवर्तन अनुकुलनता बढाउनु ।

**रणनीति**

- जलवायू परिवर्तनबाट हुने असरलाई न्यूनीकरण गर्न वातावरण संरक्षणमा सहयोग पुर्याउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने।
- हालैमात्र नेपाल लगायत विश्वभर फैलिएको कोरोना भाईरस(कोभिड–१९) को महामारीका कारण विश्व नै आक्रान्त बनेको अवस्थालाई एउटा सिकाईको रुपमा लिंदै विपद् व्यवस्थापनलाई महत्वपूर्ण क्षेत्रको रुपमा लिई यसका संरचनालाई चुस्त, प्रभावकारी र स्रोत साधनले सम्पन्न बनाउने नीति अवलम्वन गर्ने।
- महामारी, आगजनी, बाढीपहिरो, चट्याङ, भुकम्प, हावाहुरी लगायतका प्राकृतिक प्रकोपको सामना गर्न विपद प्रतिकार्य कार्ययोजना बनाई सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन गर्ने ।
- नदी नियन्त्रणका लागी तटबन्ध एवं वातावरण संरक्षणका लागी प्राथमिकतासाथ कार्यक्रमहरु संचालन गर्ने ।
- प्रत्येक वडामा खुल्ला क्षेत्र एवं आपतकालिन केन्द्र स्थापनाको लागी सम्भाव्य क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।
- स्थानीय विपद् व्यवस्थापन कोषको प्रभावकारी उपयोग गर्ने ।
- द्वन्द्व पीडित नागरिकहरुको लागी आवश्यक राहत राहत तथा पुनः स्थापनाका कार्यक्रम संचालन गर्ने ।

### ७.४.५ *अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रभाव** | विपदबाट हुने औसत क्षति | रु. लाख | ५० | ५० | ४० | ३० | २५ | २० | नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन | नगरपालिका | स्थानीय समूहरु संग सहकार्य हुने |
| **असर** | विपद संबेदनशील क्षेत्रको पहिचान र नक्सांकन | संख्या | ० | ० | १ | १ | २ | २ | | | |
| **प्रतिफल** | जलवायु उत्थानशिलता सम्बन्धी जनचेतना अभियान संचालन भएका बस्ति | प्रतिशत | ० | १ | २ | २ | ३ | ३ | | | |
| | आपतकालीन केन्द्रको स्थापना (नपा) | संख्या | ० | १ | ० | ० | १ | ० | | | |
| | विपद जोखिम सम्बन्धी समिति गठन भएका वडा | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | | | |
| | आपदकालिन आश्रय केन्द्र | संख्या | ० | ० | १ | १ | २ | २ | | | |
| | विपद ब्यबस्थापनमा क्रियाशिल संघसस्था | संख्या | २ | ३ | ४ | ५ | ५ | ६ | | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| | विपद जोखिमबाट बच्नेबारे चेतनामूलक कार्यक्रम संचालित बिद्यालय | प्रतिशत | ० | १० | २० | २५ | ३५ | ४० | | | |
| | स्वयंसेवक तालिम | संख्या | २० | ३० | ४० | ५० | ६० | ७५ | | | |
| | जलबायु परिबर्तन अनुकुलनता सम्बन्धी चेतनामूलक कार्यक्रम संचालित बिद्यालय | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | | | |

**अपेक्षित उपलब्धि**

- विपद व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन भएको हुनेछ।
- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित जीऊ धनको क्षतिवाट जोगिन सर्वसाधारणहरुलाई पूर्व तयारी अवस्थामा राखिएको हुनेछ।
- विपद व्यवस्थापनसम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन क्षेत्रमा क्षमता अभिवृद्धि गरिएको हुनेछ।
- विपद् पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दीगो बिकासमूलक पुनस्थापना र पुनर्निर्माणका लागि तयारी हालतमा रहने गरी ब्यबस्था गरिएको हुनेछ।

### ७.४.६ प्रमुख कार्यक्रम

- प्राकृतिक विपद् न्यूनीकरण कार्यक्रम।
- विपद जोखिम क्षेत्र नक्सांकन र विपद पूर्व सूचना उपकरण जडान कार्यक्रम।
- आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता विकास कार्यक्रम।
- जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम।
- विपद व्यवस्थापन कोष स्थापना।
- अग्नि नियन्त्रण व्यवस्थापन।
- विपद प्रतिकार्यात्मक सामाजिक सुरक्षा कार्यक्रम।

- नगर आपतकालिन कार्य संचालन केन्द्र स्थापना कार्यक्रम  र विपद् व्यवस्थापन समितिहरुको क्षमता विकास कार्यक्रम ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम (खोज तथा उद्दार, प्राथमिक उपचार, क्षति तथा आवश्यकता विश्लेषण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण) ।
- खोज तथा उद्दार, पूर्व सूचना प्रणाली सम्बन्धी आवश्यक सामाग्रीको व्यवस्थापन।
- संकटासन्न समुदायको नक्साँकन कार्यक्रम  ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन

सार्वजनिक सेवा प्रदायक निकायहरूलाई उत्तरदायी, पारदर्शी र भ्रष्टाचारबाट मुक्त राख्न यस नगरपालिकामा तमाम कानूनहरू निर्माण त भएका छन्, तथापि अपेक्षित उद्देश्य यथोचित रूपमा हासिल हुन सकेको छैन । नेपालको संविधान २०७२ ले सार्वजनिक उत्तरदायित्वका आधारभूत संरचना तथा विशेषताहरूलाई आत्मसात गरेको छ । नगरपालिका जनताको प्रत्यक्ष सरोकारको निकाय हो । यो निकायले के काम गर्दछ ? कसरी गर्दछ ? तिनको प्रभाव र परिणाम कस्तो परिरहेको छ ? भन्नेबारे जनता जान्न खोजिरहेका हुन्छन् । जिम्मेवार नगरपालिकाले जनताको यस्तो चासोको सम्बोधन गर्नुपर्दछ ।

स्थानीय सरकारको फराकिलो अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । स्थानीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भई शासन व्यवस्था संचालन गरेको यथार्थता एकातिर छ भने अर्कोतर्फ पर्याप्त जनशक्तिको अभाव र नगरपालिकाको कमजोर संस्थागत क्षमताले गर्दा विकासका कामहरूले उल्लेखनीय गति लिन सकेको देखिंदैन । यद्यपि, नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट सेवा प्रवाह भईरहेको छ भने जनप्रतिनिधिहरूलाई योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा प्रचलित कानून आदि सम्बन्धी तालिमको व्यवस्था भैसकेको छ । नगरपालिकाको आन्तरिक स्रोतको वृद्धिको लागि आवश्यक योजना निर्माण गरी अगाडी बढने सोंच राखेको देखिन्छ ।

## ८.१ संथागत सुशासन तथा क्षमता विकास

### *८.१.१ पृष्ठभूमि*

बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा नवीनता अबलम्बन गर्न हाल सम्म नगरपालिकाले ६५ वटा नीति, निर्देशिका तथा कानुनहरू बनाईसकेकोछ । सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नगरपालिकाका सवै वडाहरूलाई कानुन सम्मत अधिकार प्रदान गरिएकोछ । यसकालागि नगरपालिकाको व्यवस्थित र आवश्यकता अनुसारको सँगठन ढाँचा तयार पारी क्षमता विकासका कामहरू गर्न जरूरी छ । यसलाई मध्यनजर गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, सँगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरी अगाडी बढन जरूरी छ ।

### *८.१.२ समस्या तथा चुनौती*

#### *क. समस्या*

नगरपालिकामा तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सोको पालना अपेक्षाकृत कमजोर हुनु। करदातहरूलाई करका संवन्धमा सुसूचित गराउने संयन्त्र विकास नहुनु, राजस्व चुहावट नियन्त्रण हुन नसक्नु, आन्तरिक आय न्युन हुन, बेरूजु ह्वात्तै बढेर ३ करोड ७४ लाख ६६ हजार पुग्नु, नागरिकमा सेवा सन्तुष्टि कमजोर हुनु आदि प्रमूख समस्या हुन ।

#### ख. चुनौति

आन्तरिक आय बढाउनु, बेरुजु नियन्त्रण गर्नु, सेवा प्रवाहलाई प्रभावकारी वनाउनु, भ्रष्टाचार नियन्त्रण गर्नु आदि प्रमूख चुनौति हुन ।

### ८.१.३ संभावना तथा अवसर

बिनियोजन ऐन, आर्थिक ऐन, न्यायिक समितिको फैसला कार्यान्वयन कार्यविधिलाई व्यवस्थित गर्न बनेको ऐनहरू प्रमाणीकरण भई हालसम्म जम्मा ६५ वटा विषयगत ऐन, कानून, निर्देशिका, कार्यविधि तथा दिग्दर्शनहरु तयार गरी कार्यान्वयनमा ल्याइनु, सार्बजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण हुनु, १२ वटै वडामा मेलमिलाप केन्द्र गठन हुनु, ८० प्रतिशत आयोजनाहरु समय तालिका अनुसारनै सम्पन्न हुनु, ९० प्रतिशत मुद्दाहरु न्यायिक समितिबाट सम्पन्न हुनु, सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिक समाज समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेबसाईट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास हुनु, राजश्वको स्रोत र दायरा हुंदै जानु,राजश्व प्रशासनलाई विद्युतीय प्रणालीमा आवद्ध हुनु, कर्मचारीहरुको विद्युतीय हाजिरी (Electronic) अर्थात डिजिटल प्रणालीमा पुन: सञ्चालनमा ल्याइनु,वडा तथा नगरपालिकाबाट प्रदान गरिने सिफारिशहरु नागरिकहरुले नागरिकले घरबाटै अनलाइन आबेदन गर्ने ब्यबस्था हुनु आदि प्रमूख सम्भावना र अवसर हुन ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***लक्ष्य***

नागरिकमा सुशासनको अनुभूति दिलाउने ।

***उद्देश्य***

स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउनु ।

***रणनीति***

- सेवा प्रवाहलाई छिटो–छरितो, सूचना प्रबिधिमैत्री सुर्वसुलभ तथा सेवाग्राही मैत्री बनाई सुशासन प्रवर्द्धन गर्ने,
- सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासौ र उजुरी सुनुवाईको आवश्यक व्यवस्था मिलाउने ।
- नगरपालिका कार्यालयबाट प्रवाह गरिने सेवा सम्वन्धी सर्वसाधारण र सरोकारवाला व्यक्तिहरुलाई जानकारी गराउन सुचना अधिकारीको व्यवस्था थप प्रभावकारी वनाउने ।
- सुशासनका आधारभुत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागीतालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाउने ।
- भ्रष्टाचार र अनियमितता शुन्य सहनसिलताको निति अवलम्वन गर्ने ।
- अफिस अटोमेसन तथा फाइल ट्र्याकिङ सिस्टम अबलम्बन गर्ने।
- सबै बोलपत्रहरु बिद्युतीय प्रणालीमा आबद्ध गर्ने।
- प्रत्येक वडाले आफ्नै वेब साइट मार्फत सूचना तथा जानकारी प्रवाह गर्ने ब्यबस्था गर्ने।
- नगरपालिकाका सबै श्रेस्ता तथा अभिलेखलाई विद्युतीय प्रणालीमा भण्डारण गर्ने।
- सुशासनमा थप सहयोग पुर्याउन नगर प्रहरीको व्यवस्था गर्ने ।

- योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन पद्धतीलाई नियमित, प्रभावकारी र नतिजामुलक बनाई विकास कार्यक्रम तथा योजना कार्यान्वयनको पक्षलाई थप प्रभावकारी बनाउने ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यामबाट पारदर्शिता अभिबृद्धि गर्दै लग्ने ।
- संगठनात्मक सुशासन एवं कार्यालय सञ्चालनलाई व्यवस्थित गर्न विद्युतीय हाजीरी परिपाटीलाई निरन्तरता दिने ।
- कार्यालयहरुलाई प्रविधि मैत्री बनाउन जोड दिने ।
- नगरपालिकाबाट प्रदान गर्ने सेवाको गुणस्तर सुधार गर्दै प्रक्रियालाई सरलीकृत गर्ने र सेवामा जनताको पहुँच अभिबृद्धि गर्ने ।
- जनप्रतिनीधि र कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्री वनाउने ।
- कर्मचारीहरुको मनोबल उच्च पार्न र कामप्रति उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने साथै नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई कार्यविधि निर्माण गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने र साविकका स्थानीय निकायका स्थायी कर्मचारीहरुको तह मिलान र स्तरबृद्धि गर्ने ।
- इलाका प्रहरी कार्यालय स्थापना गर्न पहल गर्ने।
- बजार क्षेत्रमा निशुल्क इन्टरनेट सेवाको ब्यवस्था गर्ने।
- नगरवासीलाई सरल एवम सहज रुपमा न्यायमा पहुँचको व्यवस्था मिलाउने ।
- न्याय सम्पादन प्रक्रियालाई यथासम्भव मेलमिलापको माध्यामबाट दुवै पक्षको जित हुने गरी न्याय सम्पादन गरिने व्यवस्था मिलाउने ।
- न्युन आयश्रोत भएका तथा पिछाडीको वर्गको अधिकार सुनिश्चितताको लागी न्यायमा पहुँच अभिबृद्धि गर्ने निति लिने ।
- नगरपालिकाभित्र सबै वडामा संचालनमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउने कार्यलाई निरन्तरता दिने ।
- हिंसा पिडित महिला, विपन्न एवं असहायहरुको लागी कानुनी सहायता तथा उपचारकोष व्यवस्था गर्ने ।
- लैङ्गिक हिंसा रहित समतामुलक समाज निर्माणका लागी आवश्यक कार्यक्रमहरु संचालन गरिने नीति लिने ।
- न्यायीक समिति र हरेक वडाका मेलमिलापकर्ताहरुको क्षमता विकासका लागी तालिम कार्यक्रमहरु संचालन गर्ने ।
- मूख्य सडक तथा बजार क्षेत्रमा सूरक्षाकोलागि CCTV क्यामेरा जडान गर्ने।

### ***८.१.५ नतिजा खाँका***

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| प्रभाव | नगरपालिकाको सेवा प्रवाहसंग नागरिक सन्तुष्टि | प्रतिशत | ५२ | ५२ | ५६ | ६२ | ६५ | ७० | नगरपालिकाको बार्षिक | | |
| असर | स्थानीय तह स्वमूल्यांकनमा प्राप्त अंक | प्रतिशत | ६२.५ | ६५ | ७० | ७५ | ८० | ८५ | | नगरपालिका | स्थानीय |

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष | लक्ष्य | | | | | सूचनाको श्रोत | कार्यान्वयन निकाय | जोखिम/ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| **प्रतिफल** | नगरपालिकाको सेवा प्रवाहको प्रभाकारितामा बृद्धि | प्रतिशत | ४० | ६० | ८० | ९० | ९५ | १०० | प्रगति प्रतिवेदन | | समुदाय र नागरिक समाजको सहयोग प्राप्त भएको हुने |
| | नीति, निर्देशिका तथा कानून तर्जुमा | संख्या | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | | | |
| | सार्बजनिक सुनुवाई | पटक | २ | ३ | ३ | ३ | ३ | ३ | | | |
| | सार्बजनिक परिक्षण | पटक | १ | १ | १ | १ | १ | १ | | | |
| | न.पा.बाट संचालित आयोजनाको सार्बजनिक परीक्षण | प्रतिशत | ७७ | ७७ | ७८ | ८० | ८० | ८५ | | | |
| | वेरुजु | प्रतिशत | ७.० | ५ | ३ | २ | १ | ० | | | |
| | आन्तरिक आय (राजस्व बांडफांड सहित) | प्रतिशत | २२ | २२ | २५ | २७ | ३० | ४० | | | |
| | आन्तरिक आय | प्रतिशत | १० | १० | १२ | १४ | १५ | २० | | | |
| | बिकास खर्च | प्रतिशत | ८१ | ८३ | ८५ | ९० | ९५ | ९५ | | | |
| | समय तालिका अनुसा समयमै सम्पन्न आयोजना | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९२ | ९५ | | | |
| | मेल मिलाप केन्द्र | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | | | |
| | न्यायिक समितिमा परेका उजुरी मध्ये फर्स्यौट | प्रतिशत | ९० | ९० | ९२ | ९३ | ९४ | ९५ | | | |
| | अनलाइन प्रणालीमा आबद्ध नगरपालिकाको सेवा | प्रतिशत | १५ | १५ | २० | २५ | ३० | ४० | | | |
| | इन्टरनेट सुबिधा सहित आफ्नै वेव साइट भएका वडा | संख्या | ० | ३ | ५ | ८ | १० | १२ | | | |
| | इन्टरनेट भएका, बिद्यालय, श्रोत केन्द्र, सामुदायिक केन्द्र तथा टेलि सेन्टर | प्रतिशत | १५ | ४० | ६० | ७० | ९० | १०० | | | |
| | नगरपालिका तथा वडा कार्यालयमा दरबन्दी अनुसार पदपूर्ति | प्रतिशत | ८९ | ८९ | ९० | ९३ | ९५ | ९५ | | | |
| | नगरपालिका भित्र क्रियाशिक नागरिक समाजसम्बन्धी संघ संस्था | संख्या | ३ | ३ | ४ | ५ | ५ | ५ | | | |

### अपेक्षित उपलब्धिहरू

- स्थानीय स्तरमा प्रवाह हुने सवै संघ-संस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी भएको हुनेछ ।
- स्थानीयस्तरका सरोवारवाला निकायहरू, सामाजिक संघ-सँगठन, विभिन्न समिति तथा उप–समितिहरूको संस्थागत क्षमता विकास र योजना कार्यान्वयनमा जिम्मेवारी र अपनत्व सृजना भएको हुनेछ।

### *८.१.५ कार्यक्रम तथा आयोजना*

- ऐन नियम तर्जुमा तथा क्षमता विकास कार्यक्रम।
- सामाजिक जवाफदेहीता प्रबर्धन कार्यक्रम।
- निर्मित कानूनको संचार माध्यमबाट प्रचार प्रसार।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

भू-स्थानिक योजना कार्यान्वयनका लागि वित्तीय, मानवीय तथा भौतिक स्रोतको व्यवस्थापन महत्वपूर्ण छ । कतिपय अवस्थामा आवश्यकता अनुसार वित्तीय र मानवीय स्रोत उपलब्ध हुन नसक्दा योजनाले साकार रुप लिन सकेको हुंदैन । यसकालागि नगरपालिकाको इच्छाशक्ति, उपयूक्त रणनीति र कार्यान्वयन क्षमता आवश्यकता पर्दछ । यसवारेमा यस परिच्छेदमा कार्यान्वनका लागि आवश्यक पर्ने मनवीय स्रोत तथा उपलब्ध वित्तीय स्रोतको अवस्थाका बारेमा चर्चा गरिएको छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस नगरपालिकाको २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित नगर कार्यपालिका मार्फत नगरपालिकाको देहाय अनुसारको संगठण संरचना मार्फत कार्य संचालन हुदै आएको छ ।



नगरपालिकामा पदाधिकारी तथा कर्मचारीका अतिरिक्त स्थानीय स्तरमा कार्यरत अन्य संस्थाका कर्मचारी, उपभोक्ता समिति तथा आम नागरिकसमेत यस नगरपालिकाका मानव संशाधनका रुपमा रहेका छन् । भू-स्थानिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संघीय शासन व्यवस्था अनुसार संवैधानिक अधिकारसहित स्थापित यस नगरपालिकाले तत्काल संवैधानिक व्यवस्था बमोजिमको कार्यविभाजन तथा कार्यसम्पादन नियमावली तयार तथा स्वीकृत गरी लागू गरेको देखिन्छ । यसैगरी वडा कार्यालय समेत नगर कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

आगामी ५ वर्ष अवधिमा विकासका समस्त गतिविधिहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन यस नगरपालिकामा आगामि ५ बर्षमा प्राप्त हुन सक्ने विषयगत बजेटको विश्लेषण देहाय अनुसार गरिएकोछ ।

**तालिका ९.१ - नगरपालिकामा विगत ३ वर्षमा प्राप्त बजेटको विवरण**

| शिर्षक | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|
| अघिल्लो आवको नगद मौज्दात | २०४६६२००० | १६९२२१८३३ | ४७८२९००० |
| संघीय सरकारको वित्तिय सामानिकरण अनुदान | १५२९००००० | १६४,५००,००० | १७४,३००,००० |
| संघीय सरकारको सर्शत अनुदान | २४८४५८५४१ | ३०,०००,००० | १५,०००,००० |
| संघीय सरकारको समपुरक अनुदान | ९६५६००७ | ३०,०००,००० | १५,०००,००० |
| संघीय सरकारको विशेष अनुदान | ० | १८०,०००,००० | ५,०००,००० |
| प्रदेश सरकारको वित्तिय सामानिकरण अनुदान | ५६७०००० | ७८७९००० | ९८३८००० |
| प्रदेश सरकारको सशर्त  अनुदान | १२८१६७८२ | ११५४४००० | ११०००००० |
| प्रदेश सरकारको समपुरक अनुदान | १९०२४००० | २०००००० | २०००००० |
| प्रदेश सरकारको विशेष अनुदान | २४४२२६८ | ७०००००० | ७०००००० |
| प्रदेश सरकारको अन्य अनुदान | ९९१२३८ | ० | ० |
| संघीय सरकारको राजश्व बाँडफाँट | १४७८६८०३८ | ०३०९२००० | १२४८८४००० |
| प्रदेश सरकारको राजश्व बाँडफाँट | १६६३८२१५ | ११६१३८५७ | १२३३९००० |
| नगरपालिकको आन्तरिक राजश्व | ४१८००००० | ५४०६५५७९ | ६५७१०००० |
| **जम्मा** | **८६२९२७०८९** | **६८८९१६२६९** | **५०७९००००००** |

*स्रोतः देवदह नगरपालिका, २०७९*

**तालिका ९.२ -  नगरपालिकामा आगामि ५ वर्षमा प्राप्त हुन सक्ने बजेटको प्रक्षेपण**

| शिर्षक | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | जम्मा |
|---|---|---|---|---|---|---|
| अघिल्लो आवको नगद मौज्दात | १४४१४००० | १६५५८१४० | १७७०३७२१ | १८८५०७५९ | २०९९९२६६ | ८८५२५८८६ |
| संघीय सरकारको वित्तिय सामानिकरण अनुदान | १८३०१५००० | १९५८२६०५० | २०९५३३८७४ | २२४२०१२४५ | २५९८९५३३२ | १०७२४७१५०१ |
| संघीय सरकारको सर्शत अनुदान | १५७५०००० | १७३२५००० | १९५७७२५० | २२१२२२९३ | २४९९८१९१ | ९९७७२७३४ |
| संघीय सरकारको समपुरक अनुदान | १५७५०००० | १७७९७५०० | १९५७७२५० | २१५३४९७५ | २३६८८४७३ | ९८३४८१९८ |
| संघीय सरकारको विशेष अनुदान | ५२५०००० | ५९३२५०० | ६५२५७५० | ७३७४०९८ | ८३३२७३० | ३३४१५०७८ |

| शिर्षक | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | जम्मा |
|---|---|---|---|---|---|---|
| प्रदेश सरकारको वित्तिय सामानिकरण अनुदान | १०३२९९०० | ११०५२९९३ | १२९२६७०३ | १३८५४५७२ | १४८४०३९२ | ६३००४५६० |
| प्रदेश सरकारको सशर्त  अनुदान | ११५५०००० | १३०५१५०० | १४७४८१९५ | १६६६५४६० | १८८३१९७० | ७४८४७१२५ |
| प्रदेश सरकारको समपुरक अनुदान | २१०००००० | २३७३०००० | २६८१४९०० | ३०३००८३७ | ३४२३९९४६ | १३६०८५६८३ |
| प्रदेश सरकारको विशेष अनुदान | ७३५०००० | ७८६४५०० | ८५७२३०५ | ९०८६६४३ | ९९९५३०८ | ४२८६८७५६ |
| प्रदेश सरकारको अन्य अनुदान | ० | ० | ० | ० | ० | ० |
| संघीय सरकारको राजश्व बाँडफाँट | १३११२८२०० | १५३४१९९९४ | ४१८८३६५८४ | ४३४२३८७३५ | ५२७८०५९३२ | १६६५४२९४४५ |
| प्रदेश सरकारको राजश्व बाँडफाँट | १२९५५९५० | १४६४०२२४ | १८५४३४५३ | २०६९४१०१ | २५१२४३३५ | ९१९५८०६३ |
| नगरपालिकको आन्तरिक राजश्व | ८५४२३००० | ९६५२७९९० | १०९०७६६२९ | १२३२५६५९० | १३९२७९९४७ | ५५३५६४१५६ |
| अन्य (संघीय, प्रदेश सांसद कोष लगायत) | १०००००००० | १०००००००० | १०००००००० | १०००००००० | १०००००००० | ५०००००००० |
| **जम्मा** | **६१३९१६०५०** | **६७३७२६३९१** | **९८२४३६६१४** | **१०४२१८०३०८** | **१२०८०३१८२२** | **४५२०२९११८५** |

## तालिका ९.३ - भू-स्थानिक योजना २०८०/०८१ - २०८४/०८५ का लगि खर्च हुन सक्ने बजेटको प्रक्षेपण

| विषयगत क्षेत्र | वार्षिक खर्चका लागि आवश्यक रकम (रू.) | | | | | कूल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/८४ | २०८४/०८५ | | |
| आर्थिक विकास | १२८७५०००० | ११८४५०००० | १०३०००००० | ९२७००००० | ७२१००००० | **५१५००००००** | ८.४५ |
| सामाजिक विकास | ११३४६२५०० | १०४३८५५०० | ९०७७०००० | ८१६९३००० | ६३५३९००० | **४५३८५००००** | ७.४५ |
| भौतिक पूर्वाधार विकास | ७२६२६२५०० | ६६८१६१५०० | ५८१०१०००० | ५२२९०९००० | ४०६७०७००० | **२९०५०५००००** | ४७.६७ |
| वन, वातावरण संरक्षण एवं विपद व्यवस्थापन | १०१६३७५०० | ९३५०६५०० | ८१३१०००० | ७३१७९००० | ५६९१७००० | **४०६५५००००** | ६.६७ |
| संस्थागत विकास तथा सुशासन विकास | २०९६४७५० | १९२८७५७० | १६७७१८०० | १५०९४६२० | ११७४०२६० | **८३८५९०००** | १.३८ |
| नगर गौरवका आयोजनाहरू | ४३२५००००० | ३९७९००००० | ३४६०००००० | ३११४००००० | २४२२००००० | **१७३००००००** | २८.३९ |
| **कुल जम्मा बजेट (रू)** | १५२३५७७२५० | **१४०१६९१०७०** | **१२१८८६१८००** | **१०९६९७५६२०** | **८५३२०३२६०** | **६०९४३०९०००** | १००.०० |

## तालिका ९.४ - भू-स्थानिक योजना २०८०/०८१ - २०८४/०८५ का लगि खर्च हुन सक्ने र प्राप्त हुने बजेटको विवरण

| विषयगत क्षेत्र | २०८०/०८१<br>रकम (रू.) | २०८१/०८२<br>रकम (रू.) | २०८२/०८३<br>रकम (रू.) | २०८३/०८४<br>रकम (रू.) | २०८४/०८५<br>रकम (रू.) | जम्मा परिणाम<br>रकम (रू.) |
|---|---|---|---|---|---|---|
| भू-स्थानिक योजना २०८०/०८ - २०८४/०८५ का लगि खर्च हुन सक्ने बजेटको प्रक्षेपण | १५२३५७७२५० | १४०१६९१०७० | १२१८८६१८०० | १०९६९७५६२० | ८५३२०३२६० | ६०९४३०९००० |
| भू-स्थानिक योजना २०८०/०८१-२०८४/०८५ सम्म नगरपालिकामा आगामि ५ वर्षमा प्राप्त हुन सक्ने बजेटको प्रक्षेपण | ६१३९१६०५० | ६७३७२६३९१ | ९८२४३६६१४ | १०४२१८०३०८ | १२०८०३१८२२ | ४५२०२९११८५ |
| **अपुग बजेट** | **९०९६६१२००** | **७२७९६४६७९** | **२३६४२५१८६** | **५४७९५३१२** | **-३५४८२८५६२** | **१५७४०१७८१५** |

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

भू-स्थानिक योजना २०८०/०८१ देखि २०८४/०८५ सम्मको अनुमानित लगानी र सोही समयमा नगरपालिका भित्रको खर्च सम्बन्धी बजेटको प्रक्षेपण ६ अर्व ०९ करोड ४३ लाख ९ हजार रूपैंया गरिएको छ भने सोही अवधिमा नगरपालिकाको आय तर्फ ४ अर्व ५२ करोड २ लाख ९१ हजार १ सय ८५ रूपैंया रहेकोछ। यसरी योजना अवधिमा नपूग हुने रकम रू. १ अर्व ५७ करोड ४० लाख १७ हजार ८ सय १५ रूपैंया देखिन्छ। भू-स्थानिक योजनाकालागि लगानी अनुमान गर्दा नगरपालिकाको आयोजनामा संचालन गरिएको योजना तर्जुमा कार्यशालामा राजनैतिक दलका नेतृत्व, सम्बन्धित विषयगत निकायका प्रमुख, सम्मिलित समूहले आ-आफ्ना विषयगत कार्यक्रममा जनचाहना अनुरूप आएका र गरिएका परिबर्तन, विगतको आय प्रवृत्ति र खर्च गर्ने क्षमताका आधारमा समेत निर्धारण गरेका कार्यक्रमहरू र अनुमान गरेको खर्च रकमलाई नै मुख्य आधार लिइएकोछ। यसैगरी संभावित आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने संघीय सरकारको वित्तिय समानीकरण अनुदान, प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान, संघीय सरकारको सशर्त अनुदान, संघीय सरकारको राजश्व बाँडफाँड, प्रदेश सरकारको सवारी साधनको कर बाँडफाँड, प्रदेश सरकारको थप अनुदान आदिलाई लिईएको छ। अपुग रकमको सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरूले परिचालन गर्ने संभावित स्वदेशी तथा वैदेशिक रकम, सहकारीहरू, विभिन्न प्रतिनिधिमूलक संघसंस्था तथा निजीक्षेत्रले परिचालन गर्ने रकमबाट सामन्जस्यता कायम गरिनेछ। जसअनुसार आगामी ५ वर्ष अवधिमा विकासका समस्त गतिविधिहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन विगयगत रूपमा तलको बजेट प्रस्तावित गरिएको छ।

## ९.५ स्रोत परिचालन रणनीति

### क. आन्तरिक श्रोत र साधन पहिचान तथा परिचालन

- आन्तरिक श्रोत (राजस्व, कर, सेवा तथा शुल्क) का क्षेत्र पहिचान गरी परिचालन गर्ने ।
- नगरपालिकाको संभावित कर, राजस्व र शुल्कका श्रोतहरूलाई करको दायरामा ल्याउने।
- आवश्यकता अनुसार राजस्व संकलन केन्द्रको स्थापना गर्ने तथा साझेदारीमा राजस्व संकलन गर्ने
- ढुङ्गा, गिटी, बालुवा उपलब्ध हुने क्षेत्रसम्म पुग्ने लिङ्क बाटो निर्माण गरी थप राजस्व सङ्कलन गर्न सकिने।
- बिस्तार हुँदै गएको नयाँ बजार केन्द्र को पहिचान गरी राजस्व परिचालनको योजना तर्जुमा गर्ने।
- घर जग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकममा वृद्धि गर्न मालपोत कार्यालयबाट तोकिने न्यूनतम मूल्यांकनलाई बढी व्यवहारिक बनाउने।
- नगरपालिकाबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिसमा लिने दस्तुरको पुनरावलोकन गरी थप राजस्व प्राप्त गर्ने।
- स्थानीय सेवा शुल्क नीति तयार गरी लागू गर्ने।
- स्थानीय सेवा, शुल्क तथा राजस्व संकलन तथा परिचालनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने।

### ख. अन्य श्रोत परिचालन तथा व्यवस्थापन

- संभाव्यताका आधारमा दीर्घकालीन आयोजनाहरू संचालनमा लगानी गर्न प्राथमिकता दिने ।
- विकास साझेदार, गैसस तथा निजी क्षेत्रसँग साझेदारी वृद्धि गर्ने ।
- संघ तथा प्रदेशसँग थप श्रोतको लागि अनुरोध गर्ने ।
- स्थानीय श्रम, श्रोत र साधन परिचालन तथा जनसहभागिता वृद्धि गर्ने ।
- सेवा प्रवाहमा निजी क्षेत्र, गैसस परिचालन तथा साझेदारीमा जोड दिने ।
- नगरपालिका र निजीक्षेत्र बीच संयुक्त लगानीका क्षेत्रको खोजी गर्ने ।
- भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन तथा विकासको लागि स्थानीय निकायको लगानी वृद्धि गर्ने ।
- पर्यटन विकासको लागि नेपाल पर्यटन बोर्ड, सम्बन्धित मन्त्रालयहरू, छिमेकी स्थानीय तहहरूसँग सहकार्य गर्ने ।
- बाणिज्य क्षेत्रको विकास तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि निजी क्षेत्रको लगानी वृद्धि गर्ने ।
- प्राविधिक शिक्षालय संचालनमा निजी क्षेत्रको लगानी वृद्धि गर्न प्रोत्साहन गर्ने ।
- खेलकूद विकास र प्रवर्द्धनमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने ।
- युवाहरूको क्षमतावृद्धि तथा स्वरोजगार प्रवर्द्धनको लागि विकास साझेदारसँग साझेदारी गर्ने ।
- गैसस तथा सामुदायमा आधारित संस्थाहरूसँग साझेदारी र सहयोग परिचालन गर्ने ।
- स्थानीय श्रोत, साधन तथा जनसहभागिता वृद्धि गर्ने ।

### ग. अन्तर सरकारी सम्बन्ध

नगरपालिकाको एकल प्रयासले मात्र विकासको उद्देश्य तथा उपलब्धी हासिल गर्न प्रायः असंभव छ । नगरपालिकाको विकासको सम्बन्धित क्षेत्रको तुलनात्मक लाभका विषयगत क्षेत्रमा विकास र लगानी आवश्यक छ । यस प्रकारका तुलनात्मक लाभका क्षेत्रहरूमा सम्बन्धित नगरपालिकाहरूलाई समेत लाभ पुग्ने क्षेत्र तथा आयोजनामा केन्द्रिय लगानी जुटाउन आवश्यक छ । यस नगरपालिकाको सन्दर्भमा भू-स्थानिक योजनाको लक्ष्य हासिल गर्न र सहयोग पुर्याउन पर्यटन, उद्योग, संरक्षण क्षेत्र व्यवस्थापन, पूर्वाधार, सिप विकासका लागि छिमेकी स्थानीय तहहरूसँग निरन्तर सम्पर्क र समन्वय गरी योजना तर्जुमा, लगानी, कार्यान्वयन र अनुगमन गरिनेछ ।

### घ. भू-स्थानिक योजना र अन्य योजना बीच अन्तरसम्बन्ध

भू-स्थानिक योजनाको राष्ट्रिय योजना, राष्ट्रियस्तरमा विषयगत दीर्घकालीन योजनाहरू, प्रदेशस्तरीय विषयगत गुरूयोजनासँग तादाम्यता, नीतिगत र कार्यगत समन्वय एवं उचित संबन्धमा कायम हुनु आवश्यक छ । एकातर्फ स्थानीय चाहना, आवश्यकता र मागले योजनाको प्रारूप प्राप्त गर्ने र अर्कोतर्फ राष्ट्रिय नीति, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरू वास्तविक रूपमा कार्यान्वयन हुने हुँदा स्थानीय तथा प्रदेशस्तरका नीति तथा योजना र राष्ट्रिय, नीति, योजना र कार्यक्रम भेट हुने साझा थलो हो । तसर्थ, स्थानीय, प्रदेश र संघका योजनाबीच उचित तालमेल, सम्बन्ध र एकीकरण हुन जरूरी छ । भू-स्थानिक योजनालाई राष्ट्रिय नीति, विभिन्न राष्ट्रिय विषयगत गुरूयोजना तथा प्रदेशका विषयगत गुरूयोजनाहरूको परिपुरक तथा परिपोषकको रूपमा प्रस्तुत गरिएको छ ।

## ९.६ भू-स्थानिक योजना कार्यान्वयन

यो भू-स्थानिक योजनालाई दीर्घकालिन सोच उन्मुख रही आगामी ५ बर्षका वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ। आयोजनाकोबार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम गरिनेछ।

भू-स्थानिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरु आफैंले कार्यान्वयन गर्ने, संघीय सरकारवाट कार्यान्वयन गर्ने, प्रदेश सरकारवाट कार्यान्वयन गर्ने, तीनैतहका सरकारवाट संयुक्त रुपमा कार्यान्वयन गर्ने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदार निकायवाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गरिनेछ।सूची तयार गर्दा नाफामूलक क्षेत्रहरु जस्तै कृषी तथा पशु बिकास, उद्योग, बाणिज्य, आपूर्ति, पर्यटन पूर्वाधार तथा पर्यटक आवास सुबिधा, वित्तिय क्षेत्र विकास र अन्य सम्भाव्य क्षेत्रहरु पहिचान गरी प्रचलित ऐन,कानून र मापदण्ड अनुसार निजीक्षेत्रको लागानी आकर्षित गर्ने नीति अवलम्वन गरिनेछ।

नीति तथा कानून तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन, मौलिक हक अधिकार र मानवाधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक बिकास,महिला पिछडिएका बर्गको संरक्षण र विकास, समाबेशीता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने स्थान र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा नगरपालिका आफैंले कार्यक्रम कार्यान्वयन गर्नेछ।

गैह्र सरकारी सस्थाहरुलाई उनीहरुको वैशिष्ट्यताका क्षेत्रहरु जस्तो सामाजिक परिचालन, मानवाधिकार संरक्षण, नागरिक सचेतना र सशक्तीकरण, ससाना उत्पादन र आय आर्जन, रोजगारी लगायत गरिवी न्युनीकरण, सुशासन प्रवर्द्धन, भाषा सस्कृति प्रवर्धन आदिमा वार्षिक विकास कार्यक्रममा समावेश गरी नगरपालिकाको सहयोगीको रुपमा परिचालन गरिनेछ।

नागरिक समाज, सामुदायिक संघ सस्था आदिलाई सामाजिक सचेतना, सशक्तिकरण, समूह परिचालन आदिकार्यका साथै नगरपालिकाको कार्यमा खवरदारी र पथ प्रदर्शक गर्ने कार्यमा परिचालन गरिनेछ।

भू-स्थानिक योजना र वार्षिक कार्यक्रम वीच अन्तर सम्वन्ध स्थापित गर्न मध्यमकालिन खर्च संरचना तयार गरिनेछ।आबधिक योजनाले सूचिकृत गरेका गौरवका आयोजना तथा अन्य आयोजनाहरु मध्यमकालिन खर्च संरचनामा समावेश गरी प्राथमिकताका आधारमा क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।

कार्यक्रम संचालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्वन्धित ऐन नीयम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समिति मध्ये उपयुक्त माध्यमबाट गरिनेछ।

त्यसैगरी गैसस, विकास साझेदारहरुसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता वमोजिम कार्यान्वयन गरिनेछ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन

भू-स्थानिक योजनाको अनुगमन तथा मूल्यांकन प्रयोजनका लागि विद्यमान कानुनी व्यवस्था तथा प्रचलनका आधारमा देहायका संरचना प्रस्ताव गरिएको छ।

***अनुगमन समिति***

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ को ४ख(५) मा व्यवस्था भएअनुरूप गठन हुने सुपरीवेक्षण तथा अनुगमन समितिलाई सक्रिय तुल्याई नगरपालिकाका योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरूको परिचालन लक्ष्य अनुरूप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको एकिन गरी आयोजनाहरूलाई अपेक्षित गति र दिशा प्रदान गर्न यस समितिलाई सक्रिय तुल्याइने छ।

***अनुगमन उपसमिति***

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ मा व्यवस्था भएअनुरूप सुपरीवेक्षण तथा अनुगमन उपसमिति गठन गरिनेछ। यस उपसमितिले नगरपालिकामा सञ्चालित आयोजनाहरूको नियमित अनुगमन तालिका तर्जुमा र कार्यान्वयन गरी तथ्यांक व्यवस्थापन, नियमित अद्यावधिक तथा प्रशोधन गर्ने व्यवस्था गरी हालको स्थितिबाट नगरपालिकाको प्रगति कति अगाडि बढ्यो भन्ने विश्लेषण गर्ने आधार तयार प्रस्तुत गर्नेछ। उपसमितिबाट हुने अनुगमनलाई बढी सहभागितामूलक बनाउन अनुगमन तथा सुपरिवेक्षण क्रियाकलापहरूमा नगरपालिकाका अन्य सरोकारवालाहरूलाई समेत आमन्त्रण गरिनेछ।

अनुगमनको समन्वय गर्ने सम्पूर्ण जिम्मेवारी योजना तथा अनुगमन शाखाको हुनेछ। योजना तथा अनुगमन शाखासँग प्रत्यक्ष समन्वयमा रहेर अन्य विषयगत निकायहरूले सम्बन्धित विषय क्षेत्रको अनुगमनको कार्य गर्नेछन्। योजना तथा अनुगमन शाखालाई भौतिक एवं मानवीय श्रोत साधनले सम्पन्न बनाइनेछ। त्यस अतिरिक्त अनुगमन गर्ने कार्यालय, व्यक्तिको आचारसंहिता निर्माण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने क्षमता विकासको व्यवस्था नगरपालिकाले मिलाउनेछ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

भू-स्थानिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रियागत अनुगमन गरिनेछ। प्रक्रियागत अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नेछ। नगरपालिका स्थानीय सरकार समेत भएको हुँदा अनुगमन मूल्यांकन शाखा गठन गरी छुट्टै कर्मचारीको व्यवस्था गर्नु उपयुक्त देखिन्छ। प्रस्तावित यस शाखाले निम्नअनुसार समितिसँगको समन्वयमा भू-स्थानिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी वहन गर्नेछ।

- नगर कार्यपालिका तथा विषयगत समिति,
- सुपरीवेक्षण तथा अनुगमन समिति,
- जिल्ला समन्वय समिति,
- विषयगत शाखा उपशाखा, परियोजना, संघ, संस्था,
- तेश्रो पक्ष (नागरिक समाज संस्था तथा व्यक्ति)।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

भू-स्थानिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ ।

- स्थलगत अनुगमन,
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना,
- नागरिक अनुगमन ।

तथापि, तलका केहि विधीहरूलाई नगरपालिकामा संस्थागत रूपमा अगाडि बढाईएको छ ।

***नतीजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा***

अनुगमन तथा सुपरीवेक्षण समिति र संयुक्त अनुगमन समितिसँग समन्वय गरी सहभागितामूलक प्रक्रिया बमोजिम प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुगमन योजना तर्जुमा गरी योजनाको समीक्षा, प्रतिफल तथा कार्यसम्पादनको मापन गरिनेछ । यस प्रकारको अनुगमनमा सहभागितामूलक अनुगमन प्रक्रिया तथा सरोकारवालाको संलग्नता रहनेछ । यसका साथै तेश्रो पक्ष वा विषयविज्ञले यस प्रक्रियामा सहजिकरण गर्नेछन ।

***मध्यावधि मूल्याङ्कन***

भू-स्थानिक योजनामा निर्धारित लक्ष्य, उद्देश्य, सूचक र नीतिहरूका आधारमा यसको मध्यावधि मूल्यांकन हुनेछ । मध्यावधि मूल्याङ्कन प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा प्रतिवेदन तथा सूचनाको आधारमा सहभागितामूलक प्रक्रियाबाट गरिनेछ । मूल्याङ्कनमा अनुगमन तथा सुपरीवेक्षण समितिको प्रमुख भूमिका हुनेछ । मूल्याकंनको सहजिकरण योजना तर्जुमा तथा अनुगमनमा सम्बन्धी दख्खल भएका र अनुभवी पेशाविद्को समूह संलग्न हुनेछन् ।

***अन्तिम मूल्याङ्कन***

भू-स्थानिक योजनाको समयावधि समाप्त भएपछि योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा विषयगत उपलब्धीहरू हासिल भए नभएको प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार मापन तथा लेखाजोखा गरिनेछ । योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा दख्खल भएका तेश्रो पक्षका अनुभवी पेशाविदहरूको संलग्नता र सहजिकरणमा अन्तिम मूल्याङ्कन गरिनेछ । यस प्रकार गरिएको अन्तिम मूल्याङ्कनको प्रतिवेदन सार्वजनिक गरिनेछ ।

# अनूसुचि - १: समस्या विश्लेषण तालिका

## (क)विषयगत क्षेत्र: आर्थिक विकास

| क्र.सं. | समस्या | समस्याका कारण | समाधानका उपाय |
|---|---|---|---|
| १. | सिँचाई सम्वन्धी (न.पाका सबै वडामा) | सिँचाई व्यवस्था नभएको | आवश्यकता अनुसार बोरिङ्ग निर्माण गर्न पहल तथा बजेट विनियोजन गरिनु पर्ने । |
| २. | उन्नत जातको विऊ विजन तथा रसायनिक मल (१२ वटै वडा) | जमिनको आधारमा टेष्ट गरीएका उन्नत जातका बिउ नपाइनु, समयमा सरकारले रासायनिक मल उपलब्ध नगराउनु | नगरपालिकाबाट समय अनुकुलका उन्नत जातका विऊ विजन उपलब्ध गराउन अनुदान तथा बजेट विनियोजन गर्न पहल गर्नुपर्ने । |
| ३. | हाते औजार, ट्याक्टर रोजभेटर (१,२,३,४,११,१२) | जमिन प्लटोङ्ग हुनु, अनुदानको व्यवस्था नहुनु, साना किसानहरु दर्ता नहुनु | चक्ला बन्दी गरिनु पर्ने बजेट विनियोजनमा कृषिलाई प्राथमिकतामा राख्ने, औजार वितरण |
| ४. | बजारीकरण | कृषकले उत्पादन गरेका बस्तुको वजार नपाउनु, सस्तो मा बिक्री वितरण गर्नुपर्ने | कोल्डस्टोर निर्माण गर्नुपर्ने, बाहिरबाट आउने कृषिजन्य बस्तुमा रोग लगाउने |
| ५ | अर्गानीक खेतीलाई प्रोत्साहन दिनुपर्ने | विषाडी प्रयोग, रासायनिक मलको प्रयोग गरी बढी उत्पादन गर्न खोज्नु | अर्गानिक खेती गर्ने बिज्ञानलाई प्रोत्साहन दिनुपर्ने, अनुदानमा पहल गर्नुपर्ने |
| ६. | रैथाने बाली तथा पशुपन्छी संरक्षण | पहिचान बोकेका बाली तथा पशुपन्छीमा त्रास गराई अस्तित्व गुमाउनु | रैथाने बाली तथा पशुपन्छीको पहिचान गरी संरक्षणमा नगरपालिकाले पहल गर्नुपर्ने । |
| ७. | दाना/परालको खरिद मुल्य महङ्गो | आफ्नो खेतीबारीमा उत्पादन गर्न नसकिने तर खरिद मूल्य महङ्गो | दाना तथा पराल खरिदको मुल्य कम गर्नमा पहल तथा दानामा अनुदान |
| ८. | दुध तथा दुधजन्य उत्पादनको मुल्य कम | दुध तथा दुग्धजन्य उत्पादन भएका बस्तुको मुल्य कम, उत्पादन भन्दा लागत बढी भएको | दुध तथा दुग्धजन्य उत्पादनको मुल्य वृद्धि तथा समयमा नै मुल्य भुक्तानी |
| ९. | बाच्छी तथा पाडी उत्पादन | दुधलाई माग मान्यता दिइनु बाच्छी र पाडी हुर्काउन लागत बढी भएको | बाच्छी र पाडी उत्पादन गर्ने किसानलाई राहत अनुदान दिइनु पर्ने । |
| १०. | खोर/गोठ तथा भकारो सुधार | किसानको अवस्था हेर्दा परम्परागत तरिकाको पशुपालन | परम्परागत पशुपालनलाई सुधार गरी सुधारीएको तरिकामा पशुपालन गर्नमा अनुदानको व्यवस्था नगरपालिकाले गर्नुपर्ने । |
| ११. | पर्यटन उद्योग स्थापना हुन नसक्नु | बजेटको कमी व्यवस्थापन हुन नसक्नु नितिगत | बजेट व्यवस्था गर्नुपर्ने नितिगत रुपमा सहज हुनुपर्ने भएका उद्योगहरुलाई उत्पादनशील र व्यवस्थापन गरिनु पर्ने । |
| १२. | व्यापार तथा व्यवसायमा समस्या | खुल्ला सिमाना, खुल्ला रुपमा व्यापार, दर्ता नहुनु | खुल्ला सिमानालाई व्यवस्थापन, घुम्ती व्यापारलाई रोक्नु पर्ने, करको दायरामा ल्याउनु पर्ने । |
| १३. | बैंकको समस्या | लगानी नगर्नु, व्याजदर बढी हुनु, कृषिमा भएको लगानीमा रोक | लगानीमा पहल, व्याजदर कम गराउनु पर्ने कृषिमा लगानी गर्न पहल । |
| १४. | सहकारी सम्वन्धी समस्या | लगानीमा अस्तव्यस्त, विश्वास कम हुनु | एउटै उदेश्यका सहकारीहरुलाई एकिकृत गर्नुपर्ने । |
| १५. | पर्यटन सम्वन्धी समस्या | पर्यटकीय क्षेत्रको पहिचान तथा | पर्यटकीय क्षेत्रको उत्खनन गर्न पहल गर्ने |

| क्र.सं. | समस्या | समस्याका कारण | समाधानका उपाय |
|---|---|---|---|
| | | प्रचार प्रसार व्यवस्थापन नहुनु | प्रचारप्रसार, बास्नुको व्यवस्था, होमस्टे सञ्चालन गरिनु पर्ने । |
| १६. | रोजगारीको समस्या | कलकारखाना निर्माण नहुनु, भएका व्यवसायहरु स्थायित्व नहुन । | कलकारखाना, उद्योग खोली रोजगारी दिइनु पर्ने भएका उद्योगहरुको स्थापित्वमा पहल गरिनु पर्ने । |
| १७. | विप्रेषण सम्वन्धी समस्या | दक्ष जनशक्ति नहुनु, बैदेशिक रोजगारी सुनिश्चित नहुनु रेमिटान्सको रकम उत्पादनमुलक क्षेत्रमा लगानी नहुनु | दक्ष जनशक्ति उत्पादन तथा तालिम दिनु पर्ने, दलालमार्फत जाने जनशक्तिलाई रोक लगाउने, वैदेशिक रोजगारीबाट आएको रकम उत्पादनशिल क्षेत्रमा लगानी गरिनु पर्ने । |

## (ख) विषयगत क्षेत्रः सामजिक विकास

### विषय क्षेत्रः स्वास्थ्य सेवा

| क्र.सं. | समस्या | समस्याका कारण | समाधान उपाय |
|---|---|---|---|
| १. | गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध नहुनु, | | गुणस्तरीय स्वास्थ्य सेवाको लागी दक्ष जनशक्ति ल्याव, शैया लगायतको पूर्वाधार व्यवस्थापन गर्ने, |
| २. | स्वास्थ्य सेवा महङ्गो र खर्चिलो हुनु, | | स्वास्थ्य सेवालाई सर्वसुलभ बनाई सबैको पहुँचयोग्य बनाउने, |
| ३. | स्वास्थ्य सम्बन्धी चेतनाको कमी | | स्वास्थ्य सम्बन्धी जनचेतनाको कमी |
| ४. | स्वास्थ्य सम्बन्धी सेवा दिने संस्थामा आवश्यक पूर्वाधारको कमी | | स्वास्थ्य संस्थाहरुमा आवश्यक पूर्वाधार निर्माण गर्न प्रयाप्त व्यवस्था गर्ने, |
| ५. | स्वास्थ्य सम्बन्धी दक्ष जनशक्तिको कमी | | उचित सेवा सुविधाको व्यवस्था गरी दक्ष जनशक्तिलाई व्यवस्थापन गर्ने, |
| ६. | स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधीको कमी | | संस्था संस्थाहरुमा प्रयाप्त मात्रामा औषधी व्यवस्थापनमा सम्बन्धीत निकायले ध्यान दिने |
| ७. | बालबालिकामा पोषणको कमी | | पोषणयुक्त खानेकुरा तथा सन्तुलित आहारको बारेमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने, |

| यूवा तथा खेलकुद | | |
|---|---|---|
| **समस्याहरु** | **समस्याका कारणहरु** | **समाधानका उपायहरु** |
| यूवा वेरोजगारी विदेश पलायन | रोजगारी नहुनु, चेतनाको अभाव उपयूक्त नीतिको अभाव | सिप मूलका तालिम दिनु पर्ने |
| लागु औषधको दुर्व्यसनी | घर, विद्यालय र राज्यको लापरवाही | सकारात्मक सोंच तथा परारिक सबल वाताबरण बनाउनु पर्ने |
| यूवालाइ राज्यका नीति निर्माण तहहरूमा उपयूक्त स्थान नदिनु | सुचनाको अभाव, नीतिगत अभाव | यूवाले आफै चासो दिनु पर्ने भन्नेको जनचेतना जगाउनु पर्ने, सुचनाको वारेमा जानकारी दिनुपर्ने |
| खेलकुदको लागी भौतिक संरचनाको अभाव | राज्यमा रहेका निकायले खेलकुदलाइ कम महत्वमा राख्नु | खेलकुद सामाग्री उपलब्ध गराउनु पर्ने भौतिक संरचना निमाण गर्नु पर्ने |
| खेल क्षेत्रमा जिविकोपार्जन गर्न गाह्रे | आम्दानीको स्रोत नहुनु खेलाडीको लागी तलवको व्यवस्था नहुन | खेलाडीलाइ तलव तथा प्रोत्साहन स्वरुप सम्मान गर्नु पर्ने |

| | | |
|---|---|---|
| राष्ट्रिय स्तरको खेल मैदानको अभाव | खेलकुद तर्फ कम वजेट विनियोज गरिनु<br>वजेट आए पनि सही सदुपयोग नहुनु | भौगोलिक स्थिती र संभावना हेरी वजेट विनियोजन गर्नु पर्ने |
| आधुनिक संस्कृतिको अभाव | अधिकांस मानिसहरुमा आफ्नो संस्कृतिप्रति उदासिनता, पिडा | स्थानीय भेषभुषाको प्रवर्द्धन संरक्षण गर्नु पर्ने |
| आफ्नो रिती रिवाज प्रति उदासिनता | स्थानान्तरण | आ आफ्नो रिति रिवाजको अवलम्वन गर्नु |
| आधुनिकीकरण | देखासिखी, फेशन | प्रचार प्रसारमा जोड दिने |
| मातृभाषाको पाठ्यक्रमको अभाव | कार्यक्रमको अभाव | मातृभाषा शिक्षाको व्यवस्था हुनु पर्ने |
| कला सम्वन्धी राज्यको उपेच्छित निती हुनु | नीतिमा पहुचको अभाव | साहित्यमा समानता दिनु पर्ने |
| साहित्यमा तथा सामाजिक सेवामा राज्यकै नीतिगत अभाव | समग्र पक्षमा विकृतिले प्रभाव पार्‍यो । | समय अनुसार नीतिमा परिमार्जन गर्नु पर्ने |
| **महिला** | | |
| **समस्याहरु** | **समस्याका कारण हरु** | **समाधानका उपायहरु** |
| घरेलु हिंसा | चेतनाको अभाव ।<br>कानुनको प्रभावकारी कार्यान्वयनको अभाव<br>महिलाको आर्थिक स्रोत साधनमा पहुच र नियन्त्रण नहुनु । | घरेलु हिंसा बिरुद्ध ब्यापक चेतना अभिबृद्धि गर्ने । कानुन कार्यन्वयनका लागि बिभिन्न पैरवी तथा दवाबमुलक कार्य गर्ने<br>पारिवारिक र सामाजिक रुपमा संरक्षीत हुने बातारण तयार गर्ने । |
| अशिक्षा | परम्परागत सोच, गरिवी<br>वालिका /महिला मैत्री शैक्षिक वातावारण नहुनु । | शैक्षिक चेतना अभिबृद्धि गर्ने ।<br>महिला तथा बालिका मैत्री शैक्षिक बातारण निर्माण गर्ने तर्फ पहल गर्ने ।<br>महिलाहरुको शैक्षिक बिकासका लागि छात्राबृतिको ब्यबस्था गर्ने । |
| सहभागिता तथा पहुंचयुक्तता | राजनैतिक इच्छा शक्ति नहुनु ।<br>घरयासी कार्यबोझ ।<br>पितृ सतात्मक सोच । | राजनीतिक दलहरुलाई महिलाको अर्थपुर्ण सहभागितका लागि पहल र पैरवीमुलक कार्य गर्ने । लैंगिक बिभद बिरुद्ध सचेतना अभिबृद्धि गर्ने । आरक्षणको ब्यबस्था गर्नुपर्ने । |
